साउन २५, २०६३

# समय

राष्ट्रिय साप्ताहिक



डा. रुइतलाई म्यागासेसे







एउटाको आन्दोलन अरूको बिजोग: आफ्नो माग पुरा गराउन आन्दोलनमा उत्रिएकाहरुका कारण राजधानीका सडकमा घण्टौं जाम हुने गरेको छ ।

समय
राष्ट्रिय साप्ताहिक

वर्ष ३, अंक ११८, साउन १९–२५, २०६३





आवरण : खेलाडी राकेश गुरुङ हत्याको विरोधमा त्रिपुरेश्वरमा बालिएको टायर

*तस्वीरः समय*

**आवरण :** राजनीतिमा संक्रमणकालीन अवस्थाको फाइदा उठाउँदै उच्छृंखल तत्वहरू दिउँसै राजधानीका सडकमा अराजकता फैलाउँदै छन् । त्यसमाथि विभिन्न माग राखी दिनहुँ आन्दोलनमा उत्रिएकाहरूका कारण राजधानी दिनहुँ तनावग्रस्त बन्न थालेको छ । यी सबै मामिलामा सुरक्षाकर्मीहरू प्राय: मुकदर्शक मात्र भइदिंदा आमजनतालाई प्रत्यक्ष मार परेको छ । ३५

## व्यक्तित्व

डा. सन्दुक रुइतलाई प्रतिष्ठित म्यागासेसे पुरस्कार १६

## राजनीति


प्रधानमन्त्री कोइराला र माओवादी अध्यक्ष प्रचण्डबीचको वार्ताका क्रममा हतियार व्यवस्थापनमा आ–आफ्नै अडान देखिए पनि निकास निस्किनेमा दुवै पक्ष आशावादी २६

## रिपोर्ट

मध्यपश्चिममा गैरन्यायिक हत्या गरिएकाका आफन्तहरू जुर्मुराए २०
अब प्रधानसेनापति को बन्लान ? ३०
राजनीतिक नियुक्तिमा थोत्रै पारा २८
सरकारी वायुसेवाबाट पाइलटहरू धमाधम विदेशिन थालेका छन् ४०
चामल राजनीतिः कर्णालीको कलंक ४२

## जनस्वास्थ्य

अस्वस्थकर मासुको बिक्रीका कारण जनस्वास्थ्यमा प्रत्यक्ष असर ४४





रंग: नायिका रेखा थापा भन्छिन्, 'अहिलेका युवतीहरू भ्रमित छन् । उनीहरू पश्चिमी पहिरन लगाउँछन्, पश्चिमी जीवनशैली अँगाल्छन् तर त्यसभित्रको गहिराइ थाहा पाइरहेका छैनन् ।' ५४

| | |
|---|---|
| सम्पादकीय | ५ |
| प्रारम्भ | ७ |
| डाँक | ८ |
| टिपोट | १२ |
| मुलुक | १३ |
| साहित्य | ५१ |
| अनुहार | ५७ |
| शून्य समय | ५८ |

समय
का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**कार्यकारी सम्पादक**
जिवेन्द्र सिम्खडा
**सहायक सम्पादक**
राजेश घिमिरे
**प्रमुख संवाददाता**
विश्वमणि पोखरेल
**वरिष्ठ संवाददाता**
मनीष गौतम
मनोज दाहाल
किरण भण्डारी
सुवास देवकोटा
मधुसूदन पौडेल
**संवाददाता**
नवीन अर्याल
छत्र कार्की
गोविन्द परियार
ज्योति देवकोटा
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
तेजबहादुर बस्नेत
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले-आउट**
सुनील खड्गी (**संयोजक**)
किशोरराज पन्त
रामकृष्ण राना
**प्रशासन/वितरण/लेखा**
सुजन लामा (**प्रबन्धक**)
दीपक श्रेष्ठ (**वितरण**)
मिलन लम्साल (**वितरण**)
गोपाल भट्टराई (**लेखा**)
राजकुमार श्रेष्ठ (**लेखा**)
**बजार**
सुरज भडेल (**प्रबन्धक**)
राजेश महर्जन
अर्जुन बज्राचार्य
सफला शर्मा
**भृकुटी प्रकाशन (प्रा) लि.द्वारा**
प्रकाशित तथा
मिलेनियम प्रेस, हात्तीवन,
ललितपुरमा मुद्रित
**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेलः samay@bhrikuti.com
**प्रमुख वितरक**
काष्ठमण्डप पत्रपत्रिका
झोंछे, न्यूरोड
फोन नं. २०१०८२१

# प्रजातन्त्रमा सेना

## सम्पादकीय

**नेपाली सेना फेरि एकपल्ट** विवादको घेरामा आएको छ। दरवारमार्गस्थित वडा प्रहरी कार्यालयको घटना एकजना कप्तानको सनक मान्न सकिँदैन। एउटा कप्तानले बदलाको नियतका साथ ब्यारेकबाट रातारात हतियार र सैन्य ल्याएर वडा प्रहरी कार्यालय घेर्नु संस्थामा हुर्केका उद्दण्ड र अराजक प्रवृत्तिका दृष्टान्त हुन्। रक्षा मन्त्रालयको कार्यभार सम्हालेका प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको ठाडो आदेशद्वारा उक्त कप्तानलाई निलम्बन गरी जाँच टोली गठन गर्नु उचित मात्र हैन, विकल्पहीन कदम थियो। दण्डहीनताको संस्कृति प्रजातन्त्र र विधिको शासनमा बाँच्न सक्तैन।

यो प्रकरणसँगै नेपाली सेनाका प्रमुख तथा उपप्रमुख शाही शासन तथा जनआन्दोलनताका भएको सत्ता, शक्ति तथा राष्ट्रिय ढुकुटीको दुरुपयोग छानबिन गरिरहेको रायमाझी आयोगसमक्ष उपस्थित नहुँदा सिर्जित आशंकालाई पुनः एकपल्ट प्रधानमन्त्री कोइरालाले निर्मूल गर्ने प्रयास गरेका छन्। आयोगसमक्ष बोलाइएको समयमा सेनाद्वारा सञ्चालित उद्धार कार्यमा आफ्नो स्वीकृतिसाथ प्रधानसेनापति गएको खुलासा कोइरालाले गरेलगत्तै आयोगले तय गरेको अर्को तिथिमा आयोगमा उपस्थित हुने निर्णय गरे पनि पारदर्शी अभिव्यक्ति र आचरणको अभावमा अनेक आशंका उत्पन्न हुनसक्ने कुरालाई सेनाले बेवास्ता गर्न मिल्दैन। खासगरी राजा ज्ञानेन्द्रको माघ १९ को कदममा झल्केको राजनीतिक महत्त्वाकांक्षाको परिपूर्तिमा उनले सेनामा निर्भरता देखाएको तथ्यको पृष्ठभूमिमा नेपाली सेना प्रजातान्त्रिक पद्धतिविरुद्ध छैन भन्ने कुरा उसले आचरणबाट स्पष्ट गर्न सक्नुपर्छ- केवल अभिव्यक्ति पर्याप्त हुँदैन त्यसका लागि।



भास्वर ओझा

तर सेनालाई मात्र यो परिस्थितिमा दोषको भागीदार बनाइनु हुँदैन। एकातिर रायमाझी आयोगले आफू कानुन र संविधानभन्दा ज्यादा जनताको चाहनाबमोजिम काम गरेको गैरन्यायिक अभिव्यक्ति दिइरहेको छ, जसका कारण उसबाट न्याय पाइँदैन कि भन्ने आशंका बढेको छ। त्यो आशंकाबाट सेना पनि ग्रस्त हुनसक्छ। अर्कोतिर वर्तमान राजनीतिक नेतृत्व र सरकार सेनाको सुधार गर्न र राजनीतिक अभिभावकत्व ग्रहण गर्न पन्छिनाका साथै उसलाई 'खलनायक'का रूपमा चित्रण गर्ने खतरनाक र अल्पकालीन खेलमा लागेको देखिन्छ। बरु, सेनाप्रतिको एउटा हल्का टिप्पणी फिर्ता लिएर माओवादी अध्यक्ष प्रचण्डले त्यस संस्थाबाट केही आदर हासिल गर्न सफल भएका छन्। सशस्त्र द्वन्द्वका क्रममा सुरक्षानिकाय र सैन्य लगायतका हत्यामा सामेल माओवादी छापामारहरू आफ्नै अगाडि 'हिरो'को सम्मानका साथ थुनाबाट मुक्त भएको र आफूहरू 'भिलेन'का रूपमा मन्त्रीहरू तथा केही सांसदहरूबाट चित्रित हुँदा उत्पन्न आत्मग्लानि तथा मनोविज्ञानको सम्भावित नतिजालाई ध्यानमा राख्दै संस्थामा आवश्यक सुधार कार्यक्रम ल्याउन सेनाको नेतृत्व तहबाट प्रधानमन्त्रीलाई आग्रहसमेत भएको बुझिएको छ। त्यसलाई संवेदनशील तरिकाबाट र सम्भवतः दुई पक्षका सेनाहरूबाट भएका मानवअधिकार उल्लंघनका घटनालाई समष्टिगतरूपमा छिनोफानो गरी मेलमिलापको वातावरण बनाउनमा सरकार-माओवादी वार्ताटोली लाग्नु ज्यादा श्रेयस्कर हुनेछ।

र, यसै सन्दर्भ नयाँ सेना प्रमुखको छनोटमा सरकारले गरेको ढिलाइले एकातिर त्यहाँभित्र राजनीतिक हस्तक्षेप बढ्न सक्छ सेनाको सुधार, परिभाषित कमान्ड र पारदर्शी सञ्चालन राजनीतिक नेतृत्वको सफलता र कुशलतामा ज्यादा भर पर्छ, सेनामा भन्दा। सफल प्रजातन्त्रको मान्यता यही हो। ■




## समय साता

**११ साउन**

- नेपाललाई चीनद्वारा ९० करोड रुपैयाँ अनुदान ।
- माओवादीद्वारा संविधान मस्यौदा समितिसमक्ष सुझाव प्रस्तुत ।
- शान्ति प्रक्रियामा सहयोग गर्न संयुक्त राष्ट्रसंघीय उच्चस्तरीय टोली काठमाडौंमा, स्थिति मूल्यांकन गरी सहयोगको टुंगो लगाइने टोली प्रमुख स्टेफन डी मिस्टुराँको भनाइ ।

**१२ साउन**

- जापानद्वारा नेपालको प्रसारण क्षेत्रको विकासका लागि ६० करोड रुपैयाँ अनुदान सहयोग ।
- भुटानी शरणार्थीद्वारा स्वदेश फिर्तीका लागि भुटानी राजासँग मध्यस्थता गरिदिन भारतलाई आग्रह ।

**१३ साउन**

- पोखरामा नेपाल टेलिकमको प्रिपेड मोवाइल वितरण विवादमा सर्वसाधारण र प्रहरीबीच झडप, ६ जना घाइते ।
- नेपाल सैनिकद्वारा प्रहरीमाथि कुटपिट, प्रधानमन्त्री कोइरालाद्वारा उक्त घटनामा संलग्न महाराजगन्जस्थित भैरवनाथगणका क्याप्टेन रोविनविक्रम राणा निलम्बित ।

**१४ साउन**

- नेपालीलाई ठक्कर दिई हिँडेको चिनियाँ गाडीका चालकलाई छोडेको भन्दै तातोपानीका स्थानीयवासीद्वारा गरिएको विरोधमा प्रहरी हस्तक्षेप, गोलीबाट ३५ वर्षीया तारा तामाङको मृत्यु ।
- लेवनानमा पुनः भीषण आक्रमण, २० बालबालिकासहित ५४ जनाको मृत्यु ।

**१५ साउन**

- तीलगंगा आँखा केन्द्रका निर्देशक डा. सन्दुक रुइत रामोन म्यागासेसे पुरस्कारबाट सम्मानित ।
- सैनिक पोसाकमा आएका पन्ध्रजना हतियाधारीद्वारा इराकको राजधानी बगदादमा ३५ को अपहरण ।

**१६ साउन**

- नेपालमा शान्ति प्रक्रियाको अध्ययन गर्न आएको राष्ट्रसंघीय उच्चस्तरीय टोलीका नेता स्टेफन डी मिस्टुराँ सबै पार्टीबाट सकारात्मक सन्देश पाउनेमा आशावादी ।
- पत्रकारहरूलाई बाँडिएको हुन्डी तत्कालीन संचारमन्त्री टंक ढकाल र श्रीसशम्सेर राणाबाट असुल उपर गर्न लेखासमितिको बैठकद्वारा सरकारलाई निर्देशन ।
- बगदादमा शृंखलाबद्ध विस्फोट, चवालीसको मृत्यु ।

**१७ साउन**


- नेपाली कांग्रेसद्वारा अन्तरिम संविधान मस्यौदा समितिलाई सुझाव, राजाको हैसियतका बारेमा संविधानसभाले निर्णय गर्ने ।
- नेपाल प्रहरीका असई मानबहादुर अधिकारीले चलाएको गोलीबाट कराँते खेलाडी राकेश गुरुङको मृत्युको विरोधमा राजधानी अस्तव्यस्त । आधा दर्जन सवारीसाधन तोडफोड ।



## जीवनको जोहो

तारेको प्रतिप्लेट रु ४०, काँचै एक किलोको रु १०० मा बिक्ने माछाले जहरे, सुर्खेतका यी महिलाको जीवन चलाउन सजिलो बनाएको छ । स्थानीय माछाको स्वाद लिन यी महिलाहरूको होटलमा घुइँचो लाग्छ ।

■ तस्वीरः भास्वर ओझा




## कहिलेसम्म धोका ?

*समय* वर्ष ३, अंक ११७ शून्य समय पढ्दा घत लाग्यो। पक्कै जनताले बीसौं दिनसम्म भोकभोकै सडकमा ओर्लेर ब्युँताएको प्रतिनिधिसभाका सांसदहरू छाडा साँढेजस्तो बन्नु दुःखद हो। जनताका म्यान्डेट र वाचा सबै बागमतीमा बगाएर अहिले आफ्नै आयु मात्र लम्ब्याएर त्यसबाट आउने भत्ताको लोभमा सिंगो सदन लागिपरेको भान हुन्छ। अब फेरि चुनावमा भाग लिन सक्ने हुती गुम्दै जाँदा नेताहरूले प्रतिनिधिसभालाई अजम्बरी बनाएर शान्तिको म्यान्डेटलाई लथालिंग पार्न खोजेका त होइनन् ?

दल र व्यक्तिगत स्वार्थ त्यागेर अहिलेको संसद्बाहिर आउन सक्दैन र संसद् भंग गर्न चाहँदैन भन्नुको एउटै माने हो, उनीहरू जनताको अगाडि जान डराउँछन्। कारण उनीहरूले पटक पटक गरिरहने गल्ती। जनताको मन जितेका छन् भने चुनावबाट फेरि पनि संसद्मा बस्न पाइनै हालिन्छ। होइन भने यो संसद् भंग नगर्ने भन्नुको औचित्य के ?

■ **अर्जुन खड्का**
अर्घाखाँची
हाल : चावहिल क्याम्पस, काठमाडौं

## नपरोस् फेरि फर्कन

माओवादीको आधार शिविरका तस्वीरहरू (समय वर्ष ३, अंक ११७ को फोटोफिचर) हेर्दा र उनीहरूको आँखामा देखिएको शान्तिप्रतिको आतुरतालाई अब कसैले पनि इन्कार गर्न हुँदैन। अब मुलुकमा शान्ति हुनुपर्छ भन्ने भावना जनतामा मात्र होइन, संघर्षरत माओवादीलाई पनि भएको हुनुपर्छ। यति खेर पनि उनीहरूलाई सुरक्षित अवतरण गराउन सकिएन भने फेरि यस्तो मौका छोप्न एक दशक कुर्नु नपार्ला भन्ने छैन। फलाम तातेका बेला आकार दिन सजिलो हुन्छ। यो कुरा सरकारले र माओवादीले समेत बेवास्ता नगरून्।

■ **महेश आचार्य**
साँखु, काठमाडौं

## अब समस्या सल्टिनु पर्छ

*समय* वर्ष ३, अंक ११७ को फोटोफिचरअन्तर्गत माओवादीको हाउभाउ हेर्दा अब उनीहरूले पनि शान्तिप्रति अठोट जनाएको भान भयो।

हामीलाई आशा छ, अबका दिनमा फेरि नेपालीले वार्ता भंगको समाचार सुन्न र पढ्न नपरोस्। सदाका लागि द्वन्द्व र मारकाट अन्त्य होस्, यो हाम्रो मात्र चाहना होइन, तस्वीर हेर्दा माओवादीले पनि यही चाहना राखेको पुष्टि हुन्छ। अब जनचाहना र भावनाप्रति कसैले पनि खेलवाड गर्ने प्रयास नगरोस्। सबै नेपाली मुलुकमा यथाशीघ्र शान्ति स्थापना भएको हेर्न आतुर छन्। यसलाई लत्याउने काम कतैबाट नहोस्।

■ **गणेशकुमार योन्जन र साथीहरू**
दुम्जा-९, सिन्धुली

## विडम्बना खेल क्षेत्रको

*समय* वर्ष ३, अंक ११७ को खेल समाचारअन्तर्गत भागबन्डाको खेलमा समाचारका लागि *समय*लाई धन्यवाद। खेलकुदमा फेरि पुरानै माफिया सक्रिय भएको समाचार हेर्दा प्रतिक्रिया नकोरी रहन सकिनँ। आजसम्म खेल क्षेत्रको दुर्भाग्य भनेको राजनीतिक दलमा आबद्ध भएकाहरू नै राखेपमा ल्याइनु हो। सरकार र खेलमन्त्रीले बनाउने भनिएको सर्वदलीय परिषद्को अनुहार पनि देखियो। जातको बाहुल्यता हुने गरी मन्त्रीज्यूका नातेदारहरूलाई ल्याएर निर्दलीय परिषद् बन्न पुग्यो। खेल क्षेत्रका लागि योभन्दा दुर्भाग्य के हुन सक्ला ?

■ **हरि फगाडी**
बागलुङ
हाल : नयाँबजार कीर्तिपुर

## खण्डन

*समय* वर्ष ३, अंक ११७ मा लेखिएको 'भागबन्डाको खेल' शीर्षकअन्तर्गत लेखिएको निरन खड्का चेक्वान्डोका संस्थापक सदस्य हुन् भन्ने वाक्यांश सरासर झूट भएको अवगत गराउन चाहन्छु। म त्यो संघमा कहिल्यै आबद्ध भएको छैन। २०४७ देखि नै तेक्वान्दो खेलसँग आबद्ध भएको छु र हाल म ॐ तेक्वान्दो डोजाङको संस्थापक रहेको जानकारी गराउँछु। तसर्थ मेरो व्यक्तिगत ईर्ष्या राख्नेहरूले यो प्रचार प्रसार गरेको भन्ने समेत जानकारी गराउँछु।

■ **निरन खड्का**
काठमाडौं

## नारीको कदर

नेपाली समाज पुरुषप्रधान समाज हो। यो समाजमा महिलाहरूलाई दोस्रो दर्जाको रूपमा हेरिन्छ, मूल्यहीन जीवनको विवशतामा बाँच्न सिकाइन्छ तिनै नारी जसले सृष्टिको निरन्तरता मात्र नभई सफल जीवन बाँच्न योगदान पुऱ्याएका हुन्छन्। तिनै नारीहरू हुन् सामाजिक, राजनीतिक र आर्थिक रूपले शोषित भएका छन्। सुलोचना मानन्धरले विगत केही सातादेखि समाजमा दबिएर रहेका, तर संघर्षमय जीवन बिताएका नारीहरूको योगदानको कदर गर्नुभएकोमा मुरी मुरी धन्यवाद ! त्यसैले नारी र समय कोलम अझै खोजमूलक ढंगले निरन्तर रुपमा प्रकाशित गरियोस् जसले हजारौं नारीको सम्मानका साथ अझ अगाडि बढ्ने हौसला प्रदान गर्नेछ।

■ **टहल दाहाल 'नवकिरण'**
दोलखा, हाल : विश्वभाषा क्याम्पस, प्रदर्शनीमार्ग,

## मन्त्रीको हास्यास्पद दाबी

*समय* वर्ष ३, अंक ११७ मा मन्त्री गोपालमान श्रेष्ठको अन्तर्वार्ता पढ्दा र त्यसअगाडिको अंकमा उनले गरेको आर्थिक अनियमितताको बारेमा पढ्दा उनको दाबी हास्यास्पद लागेर आयो। उनले गरेका दाबीअनुसार धनीमानीले कहिल्यै भ्रष्टाचार गर्दैनन् ! भ्रष्टाचार गरिबहरूको मात्र धन्दा हो ‼ तर, नेपालमा



जति भ्रष्टाचारहरूका नालिबेली खोलिन्छ, त्यसमा सधैं माथिल्ला र धनीमानी नै पर्ने गरेका छन्। त्यसैले आफ्नो पैतृक सम्पत्ति प्रशस्त भएकाले आफूले भ्रष्टाचार गर्नु नपर्ने मन्त्रीज्यूको दाबी ठट्टापूर्ण लाग्छ। नेपालमा बढी भ्रष्टाचारमा नाम मुछिनेहरू खानदानीस्तरकै रहेका छन्। पैसाको मुख कालो हुन्छ यो सबैलाई ज्ञात भएको कुरा हो। मन्त्रीज्यूले आफ्नो परिवार धनी भएकाले भ्रष्टाचार गर्न नपर्ने दाबी आफैं हास्यास्पद तर्क हो। यो कुनै बलियो र खरो प्रमाण होइन। यो सजिलो तर, पत्याउन नसकिने जवाफ मात्र हुन सक्छ।

■ **राजन थापा**
बालाजु वाइपास, काठमाडौं

**समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस्। फोनः ४४४३८८८/२११२०९४**

**मान, सम्मान र सबै प्रकारका सुख छायाँ समान हुन् । छायाँलाई जति समात्न खोज्यो त्यति त्यो टाढा भाग्छ । जब हामी छायाँको चिन्ता छोडछौं र आफ्नो बाटो लाग्छौं, छायाँ हाम्रो पछिपछि लाग्छ ।**



■ स्वामी आनन्द अरुण

# तेन त्यक्तेन भुञ्जीथाः

**उपनिषद्हरू** आध्यात्मका उच्चतम अभिव्यक्ति हुन् । त्यसमा पनि इशावास्योपनिषद् विशिष्ट र सबैभन्दा पुरानो मानिएको छ, जसमा मात्र १८ श्लोक छन् । यी श्लोकहरूमध्ये पनि पहिलो र नवौं श्लोक अति अर्थपूर्ण छन् । पहिलो श्लोक छः

*हरि ॐ*
*ईशावास्यमिदं सर्वं यत्किञ्च जगत्यां जगत् ।*
*तेन त्यक्तेन भुञ्जीथाः मा गृधः कस्यस्विद्धनम्*

यो समस्त जगत् ईश्वरकै हो र ईश्वरद्वारा नै आच्छादित छ । यो बुझेर जसले त्याग्यो, त्यसैले भोग्यो । त्यसैले परधनमा इच्छा नगर ।



'तेन त्यक्तेन भुञ्जीथाः' यो बडो रहस्यमय शब्दावली हो । यसको एक अर्थ हुन्छ जसले छोड्छ, त्यसले मात्रै भोग्छ । सामान्य धारणा के हो भने जसले जति संग्रह गर्न सक्छ, जम्मा गर्न सक्छ, त्यसले त्यतिकै भोग्न सक्छ । तर, यहाँ ऋषि यसको ठिक उल्टो भनिरहेका छन् ।

यो रहस्य बुझ्न एक गहिरो दृष्टि चाहिन्छ । त्याग जीवनको नैसर्गिक स्वभाव हो । यहाँ हामी कुनै पनि चिज सधैंका लागि समात्न सक्दैनौं । जसले क्षणक्षण परिवर्तन भइरहेको यो नश्वर संसारमा कुनै वस्तुलाई आफ्नो वशमा सधैंका लागि राख्न खोज्छ भने त्यसबाट उसले आफूलाई र अरूलाई दुःखमात्र पैदा गर्छ ।

मान, सम्मान र सबै प्रकारका सुख छायाँ समान हुन् । छायाँलाई जति समात्न खोज्यो त्यति त्यो टाढा भाग्छ । जब हामी छायाँको चिन्ता छोडछौं र आफ्नो बाटो लाग्छौं, छायाँ हाम्रो पछिपछि लाग्छ । यही ऋषिको तात्पर्य हो । जसले सुखको कामना गर्दैन, त्यसैले सबै सुख पाउँछ । जसले त्याग्छ उसले सबै पाउँछ । उही नै सच्चा भोगी हो ।

परमहंस रामकृष्णको सादा जीवन देखी सबैले 'तपाईं कति त्यागी हुनुहुन्छ' भन्थे । रामकृष्ण भन्थे, 'म त्यागी होइन । त्यागी त तपाईंहरू हुनुहुन्छ । तपाईंहरूको त्याग महान् छ । परमात्मा, धर्म र साधनालाई त्यागेर तपाईंहरू आफ्नै क्षुद्र संसारमा रमाइरहनु हुन्छ । म त महाभोगी हुँ । परमात्माको आनन्द, जगत्को अनन्त रहस्य, प्रकृतिको सौन्दर्यलाई निर्बाध भोगिरहेको छु । त्यागी त तपाईंहरू । त्यत्रो अनन्तलाई लत्याएर सानो चिजमा भुलिरहनुभएको छ ।'

यसै श्लोक 'तेन त्यक्तेन भुञ्जीथाः'को अर्को पनि अर्थ छ । जसले भोग्यो त्यसैले मात्रै त्याग्न सक्छ । त्याग भोगको सहज निष्पत्ति हो । जबसम्म कुनै वस्तु हामी पाउँदैनौं त्यसप्रति अदम्य आकर्षण मनमा रहिरहन्छ । तर, त्यो प्राप्त हुनासाथ र त्यसको भोग गर्नासाथ त्यसको आकर्षण कम हुँदै जान्छ । यसै भावलाई एक हिन्दी कविले यसरी भनेका छन्, 'ये दुनिया क्या है जादुका खिलौना है । मिल जाए तो मिट्टी, है खो जाए तो सोना है ।' कुनै पनि भोगले मनुष्यलाई परितृप्त गर्न सक्दैन । मनुष्यको जुन आन्तरिक अभीप्सा छ त्यो हो - सीमारहित स्वतन्त्रता, अन्तहीन प्रेम र परम आनन्द । यसलाई पाउन जति युक्ति गरे पनि यो भौतिक संसारमा सम्भवै छैन । अन्तरसाधना र परमात्मा साक्षात्कारमा मात्रै यो असीम आनन्द सम्भव छ ।

कुनै पनि वस्तु प्राप्त हुनासाथ त्यसको आकर्षण कम हुन थाल्छ । मनको त्यही आकर्षणले अब फेरि सुखको नयाँ गन्तव्य खोज्न थाल्छ । जीवनमा यस्तो अनुभव हामी सबैलाई धेरै चोटि भइसकेको छ । तर, नयाँ आकर्षणको सम्मोहनमा बारम्बारको यो अनुभव हामी बिर्सिरहन्छौं । यसै घोर सम्मोहनलाई महाभारतको यक्ष प्रश्नमा युधिष्ठिरले व्यक्त गरेका छन्, 'मनुष्यको अनुभवमाथि सधैं आशाको विजय हुन्छ । सामान्य मनुष्य आफ्नै जीवनको अनुभवबाट पनि कहिल्यै केही सिक्दैन । आशाको मोहनीमा दौडिराखेको हुन्छ र लगभग त्यस्तै खाले भुलहरू बारबार दोहोऱ्याइरहेको हुन्छ । जसले बोधपूर्वक, होसपूर्वक जीवनको भोग गर्छ उसको सम्मोहन टुट्छ र उसले देख्छ यो अनन्त कामनाले कही विश्राम लिँदैन । यस भावको यदि गहिरो अनुभूति भए यस अनुभूतिमै विश्रान्ति फलिभूत हुन्छ र त्यागको जन्म हुन्छ । यही ऋषिको तात्पर्य हो । सम्यक् भोगी सम्यक् त्यागी बन्छ या त्याग सम्यक् भोगको परिणाम हो । अझ स्पष्ट शब्दमा जसले होसपूर्वक भोग्यो त्यसले अवश्य नै त्याग गर्छ । जसले त्याग गर्न सकेन त्यसको मतलब उसले ठिकसँग भोग्नै जानेन ।

विनाभोगको कच्चा त्यागले जीवनपर्यन्त मनमा एक भ्रम बुनिरहेको हुन्छ । सायद संसारमा कुनै रस होला तब त यति मानिसहरू रमाइरहेका छन् । अरूको लहलहैमा युवा अवस्थामै त्यागी बनेका वैरागीहरूको आफ्नै आन्तरिक पीडा हुन्छ । जुन कुरालाई गृहस्थहरूले सामान्य मान्छन्, त्यसप्रति पनि उनीहरूभित्र गहिरो आकर्षण दबिरहेको हुन्छ । एकान्त भेटमा र धेरै विश्वास गरिसकेपछि उनीहरूले मन खोल्छन्- एकचोटि सिनेमा हेर्न पाउँदा खुब आनन्द आउँदो हो । कहिलेकाहीँ आजन्म शाकाहारी धार्मिक व्यक्तिहरूले मर्ने बेला मासुखाने इच्छा प्रकट गरेको पाइन्छ । साधु र जोगीहरूको अतृप्त कामवासनाको विभत्स कथाहरू थोरै मात्रै बाहिर आउँछन् र अधिकांश गुप्त रहन्छन् । विभिन्न तीर्थ र आश्रमहरूको भ्रमणको क्रममा मैले साधु र जोगीहरूको अन्तरव्यथा सुनेको छु । अत्यन्त प्रेम र विश्वासमा उनीहरूले कहिलेकाहीँ आफ्नो मन खोल्छन् । मलाई के देखेर आश्चर्य लाग्छ भने जब गृहस्थहरू भेटिन्छन् उनीहरूका अनगिन्ती समस्या हुन्छन् तर, साधुहरूको एक मात्र समस्या काम दमन हुन्छ । त्यसको नैसर्गिक जैविक आवश्यकतालाई उनीहरूले बडो विभत्स ढंगले तृप्त गरिरहेका हुन्छन् ।

इशावास्योपनिषद्को यो श्लोक, त्यसैले अति महत्त्वपूर्ण छ । इमानदार भोगीले मात्र त्याग गर्न सक्छ र जसले त्याग गर्न सक्दैन उसले भोग्नै जानेन । भोगले नै उसलाई भोगिरहेको हुन्छ ।

osho@tapoban.com

# मुख्य सचिवमा डा. भोजराज



**सरकारले अर्थ** सचिव डा. भोजराज घिमिरेलाई कायम मुकायम मुख्य सचिव बनाएको छ। तेइस वर्षअघि शाखा अधिकृत पदबाट जागिर सुरु गरेका घिमिरे लिखित प्रतिस्पर्धाबाट उपसचिव र सहसचिवको खुट्किलो पार गर्दै २०५९ सालमा सचिव भएका थिए।

अर्थ र उद्योग मन्त्रालयको लामो अनुभव संगालेका घिमिरे कोलकाताका लागि नेपाली महावाणिज्यदूत समेत रहिसकेका छन्। मुख्य सचिव लोकमानसिंह कार्कीमाथिको कारबाही टुंगो नलागिसकेकाले घिमिरेलाई कायम मुकायम गर्नुपरेको मन्त्रिपरिषद् स्रोतले बताएको छ। कार्कीले अवकाश पाउनेबित्तिकै घिमिरे कन्फर्म हुनेछन्। घिमिरेलाई माघ १९ पछिको शाही सरकारले १४ महिना अतिरिक्त समूहमा थन्क्याएको थियो।

उनीसँगै अतिरिक्त समूहको पीडा भोगेका जलस्रोत सचिव टीकादत्त निरौला मुख्य सचिवका सशक्त प्रत्यासी थिए। 'राजाको शासनमा मेरो हक खोसिएकाले म अन्यायमा परेको थिएँ, अहिले पनि ममाथि न्याय भएन', निरौला भन्छन्, 'सहने बानी परिसकेकाले होला अहिले मलाई उति बेलाभन्दा चोटको दुखाइ कम लागेको छ।'

घिमिरे पूर्व मुख्य सचिव डा. विमलप्रसाद कोइराला निकटस्थ मानिन्छन्। पढाइ, जागिर र साहित्य यात्रामा समेत कोइरालालाई पछ्याइरहेका घिमिरे कर्म क्षेत्रमा कति खरो उत्रने हुन् आगामी दिनले बताउनेछ।

उनको पहिलो परीक्षाको रूपमा एक दर्जन सचिवको पदपूर्ति खडा भएको छ। विभिन्न मन्त्रालय, क्षेत्रीय प्रशासन र संवैधानिक निकायमा रित्त पदमा राजनीतिक भागबन्डाभन्दा पनि कुशल, इमानदार र सक्षम प्रशासकलाई नियुक्ति दिलाउनु उनको चुनौती भएको छ।

गठबन्धन सरकारका घटकहरूबीच भागबन्डाको अस्वस्थ प्रतिस्पर्धाले प्रशासनको उच्च तहमा योग्य व्यक्ति पाखा लाग्ने सम्भावना बढ्दै गएका बेला राजनीतिक नेतृत्वलाई कन्भिन्स गर्न सकेमा घिमिरेको सुरुवात सुखद हुनेछ। साथै कार्यसम्पादनमा अग्रणी भएर पूर्व सरकारहरूले पदोन्नतिबाट वञ्चित गरेका उच्च सरकारी अधिकारीहरूले लोकतान्त्रिक व्यवस्थामा न्याय अनुभूति गर्न पाउनेछन्। ■

## प्रेस काउन्सिलमा दाहाल



**सरकारले नेपाल प्रेस** काउन्सिलको अध्यक्ष पदमा पत्रकार राजेन्द्र दाहाललाई नियुक्त गरेको छ। चौबीस वर्षदेखि निरन्तर कलम चलाउँदै आएका देशान्तर साप्ताहिकका पूर्व सम्पादक दाहाल विगत ८ वर्षदेखि हिमाल खबरपत्रिकाको सम्पादक छन्।

प्रजातन्त्र स्थापनाको आन्दोलनमा प्रकाशनमार्फत सक्रिय दाहाल यसअघि काउन्सिल सदस्य रहिसकेका छन्। जलस्रोत विषयमा दखल राख्ने पत्रकार भएकाले नै उनलाई सन् १९९३ मा अशोका फेलासिप पनि प्राप्त भएको थियो। उनी सन् १९९३-१९९४ मा नेपाल वातावरण पत्रकार समूहका अध्यक्ष पनि रहिसकेका छन्। उनी नेपाल प्रेस इन्स्टिच्युटका उपाध्यक्ष पनि रहेका छन्।

## शुभ संगीतको सहयोग

**नेपाली कला, संस्कृतिको** विकास र प्रवर्धनका लागि हालसालै मात्र स्थापित शुभ संगीत पाठशालाले गायिका सानु पहाडीको उपचारका लागि ५ हजार रुपैयाँ सहयोग प्रदान गरेको छ।

दुवै मृगौला काम नलाग्ने भएर बिरामी परेकी जनवादी गायिका सानुलाई एक समारोहबीच उक्त पाठशालाका निर्देशक तथा गायक शुभलाल तामाङले हस्तातरण गरेका छन्। उक्त रकम उक्त पाठशालाका प्रशिक्षार्थीहरूले संकलन गरेका थिए।


रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज

**रेडियो खबर पत्रिका**
पत्रपत्रिकाको संगालो, विशेषज्ञहरूको प्रतिक्रिया र विश्लेषण, फिचर र रिपोर्ट, शेयर बजारको साप्ताहिक विश्लेषण, दैनिक हुने औपचारिक कार्यक्रमको जानकारी साथै चाडपर्व, जात्रा, दिवस, जन्मदिन र महत्त्वपूर्ण घटनाहरूको संगालो। हरेक विहान (६:००-७:१५)

**हालचाल**
ताजा खबर थाहा पाउन- **हालचाल**, विहान, ८:४५, ११:४५, अपरान्ह, २:४५, ४:४५, साँझ ६:४५ र राती ९:४५ बजे

**बिबिसी नेपाली सेवा**
हरेक दिन राती (८:४५-९:१५)

**हरेक विहान ५:०० देखि राती ११:०० बजेसम्म सूचना, शिक्षा र स्वस्थ मनोरञ्जनका लागि भरपर्दो साथी रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज**




नेपाली रेडियो
नेपाली आवाज

ठेगाना :
रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज
बखुण्डोल, ललितपुर
फोन: ५५२८०९१, ५५४२२४५, ५५४५६८०
पोष्ठ बक्स, ६९५८, काठमाडौं
ईमेल : info@radiosagarmatha.org



▲ लक्ष्मीनियाँको पोस्टमा सेन्ट्री बसेकी छापामार

# सुरक्षाका नाममा चन्दा

माओवादीले राज्यसँग युद्ध विराम गरे पनि सर्लाही र महोत्तरीस्थित पूर्वपश्चिम राजमार्गमा उनीहरूको लडाइँ जारी छ । तर, लडाइँ सरकारी सुरक्षाकर्मीसँग नभई राजमार्ग लुटेरासँग हो । त्यो कार्यका लागि माओवादीले गाडीहरूसँग 'राजमार्ग सुरक्षा सहयोग' भनेर चन्दासमेत उठाएका छन् ।

सर्लाहीको पूर्वतर्फ रानीगन्जमा जनसेनाले दुई साता पहिलेदेखि सुरक्षा चौकी खडा गरेको छ । चौकीमा आधुनिक हतियार बोकेका 'सेन्ट्री' सतर्क अवस्थामा हुन्छन् । त्यसको १५ किलोमिटर पूर्व महोत्तरीको लक्ष्मीनियामा थप दुईवटा सुरक्षा चेक पोष्ट खडा गरिएको छ । लक्ष्मीनियाको पोस्टमा इन्सास तेर्साएर जंगलतर्फ केन्द्रित कलिलो उमेरकी छापामार सुस्मितालाई पंक्तिकारले सोध्यो, 'यो निसाना केका लागि ?' उनको तयारी जवाफ थियो, 'लुटेरालाई सिध्याउन ।'

पोस्ट राखेर रात्रि गस्ती गरिरहेकालाई साउन १४ गते लुटेराले चुनौती दिइसकेका छन् । मराहा पुलमा माओवादी गस्तीलाई झुक्याएर बिहान ३ बजे रात्रिबस लुट्ने प्रयास गरेका थिए । तर, ६ जनाको लुटेरा समूहमाथि कम्पनी कमान्डर सुशीलको नेतृत्वमा कारबाही भयो ।

सर्लाहीको अत्रौलीका ३० वर्षीय लुटेरा रामशंकर महतो त्यही ढले, त्यहीकै शंकर ठाकुरलाई माओवादीले कब्जामा लिएको छ । सुशील भन्छन्, ' दुईवटा पेस्तोल बोकेका चारजना लुटेरा जंगलतिर भागे ।' ठाकुरका अनुसार भाग्नेहरू उनकै गाउँका प्रमोद (लुटेरा समूहका नाइके), राजकुमार महतो, हितलाल र दीपलाल परियार हुन् ।

महोत्तरीको बर्दिवास र सर्लाहीको रानीगन्जबीचको जंगलमा लामो समयदेखि लुटेराको जगजगी थियो । राज्यको सुरक्षा संयन्त्र ओझेलमा परेको त्यस ठाउँमा पूर्वी कमान्डअन्तर्गतको माओवादी जनमुक्ति सेना, दोस्रो डिभिजनले सुरक्षाको कामसँगै प्रशंसा बटुल्ने मौका छोप्यो । त्यस क्षेत्रमा रहेको आफ्नो डिभिजनका १ सय ५० छापामारलाई आवश्यक निर्देशन दिन आएका 'भाइस कमान्डर' हरि श्रेष्ठ (प्रमोद) भन्छन्, 'रातदिन यात्रु र सवारीसाधन लुटिने यस ठाउँमा सुरक्षा दिन जनता र यातायात व्यवसायीले हामीलाई आग्रह गरे, जनमुक्ति सेना जनताकै सेवाको लागि भएकाले हामी यहाँ आयौं ।'

'राजमार्ग सुरक्षा सहयोग' उल्लेख गरिएको रसिद दिएर हरेक भाडाका यातायात साधनसँग प्रतिटिप २० रुपैयाँका दरले माओवादीले चन्दा लिएका छन् । दैनिक १ हजारको हाराहारीमा गाडी गुड्ने व्यस्त राजमार्गमा उनीहरूले ढाट राखेर रकम असुल्ने गरेका छन् । उठाएको रकम पारदर्शी गर्ने प्रतिबद्धता व्यक्त गर्दै प्रमोदले उक्त रकम ऐच्छिक रहेको बताए । सातजना छापामारको ५/७ वटा सेक्सन बनाएर गाडीलाई जंगल कटाउने माओवादीलाई २० रुपैयाँ दिन यातायातकर्मीले आनाकानी गरेका छैनन् । स्थानीय उमेश आचार्यले भने, 'पहिले दिउँसै पनि जंगलमा गाडी हिँड्न डराउँथे, अहिले ढुक्क छ, त्यसैले पैसा तिर्न गाह्रो मानेका छैनन् ।'

■ **चूडामणि वाग्ले/सर्लाही** (तस्वीर पनि)

जनपक्षीय समाचार र विचार सबभन्दा पहिले

नेपाल दर्शन: अब सिंहदरबारले सुन्नै पर्छ ।
नेपाल का विभिन्न स्वतन्त्र रेडियोबाट प्रत्यक्ष प्रसारण ।
हरेक दिन विहान ६:३० बजे ।

नेपाल एफ. एम. 91.8
पो. ब. नं. १९४७७, रविभवन, काठमाडौं
फोन: ४२८९१२१, ४२८९१२३, फ्याक्स : ०१-४२८३८९५,
ईमेल : radio@nepalfmnetwork.com, www.nepalfmnetwork.com



▲ नेपालगन्जको मदरसाका विद्यार्थीहरू

# छैन मान्यता

**स्थानीय मदरसा** दारुल उरुम बरकाटियामा यो वर्ष सात कक्षा उत्तीर्ण गरेपछि एकलैनीकी सानिया साईले नेपालगन्जका सरकारी स्कुलमा भर्ना हुने प्रयास गरिन् । कतै भर्ना नपाएपछि उनले पढ्ने धोको बीचैमा छाड्नुपर्‍यो । सोही मदरसाबाटै सात कक्षा उत्तीर्ण इकवाल सिद्दिकी भने नेपालगन्जका सरकारी स्कुलमा भर्ना नपाएपछि अध्ययन अघि बढाउन भारतको रुपैडिहा गए ।

केही वर्षयता मुस्लिम समुदायमा शिक्षा र चेतनाको स्तरमा वृद्धि भए पनि मदरसाहरूले दिने शिक्षाबारे प्रस्ट सरकारी नीति नहुँदा थुप्रै मुस्लिम बालबालिकाले थप अध्ययनका लागि विद्यालयहरूमा भर्ना पाउन सकेका छैनन् र उनीहरूले बीचमै पढाइ छाड्नुपरेको छ । नेपालको राष्ट्रिय शिक्षाले मदरसा शिक्षालाई अझैसम्म मान्यता दिएको छैन ।

'सरकारले तयार पारेको पाठ्यक्रमअनुसार अध्ययन गराएका मदरसा शिक्षालाई पनि मान्यता दिइएको छैन', दारुल उरुम बरबाटियाका प्रिन्सिपल जियाउल मुस्तफा भन्छन्, 'पढे नपढेको जाँच गरेर पनि माथिल्लो कक्षामा भर्ना लिइँदैन ।'

मदरसा शिक्षालाई मान्यता दिनुपर्ने माग गर्दै स्थानीय मुस्लिम संघसंस्थाहरूले आन्दोलन पनि सुरु गरेका छन् । 'मदरसा शिक्षालाई मान्यता नदिएर मुस्लिम बालबालिकाहरूलाई पढ्ने अवसरबाट वञ्चित गर्न पाइँदैन', मदरसा इसलामिया संघका अध्यक्ष मौलाना जब्बार मन्जरी भन्छन्, 'परम्परादेखि पछि रहेको समुदायलाई अब पनि पछि पार्ने काम नहोस् ।'

शिक्षा कार्यालयको जानकारीविना खोलिएका मदरसामध्ये केहीले पाठ्यक्रमअनुसारको अध्यापन तथा शैक्षिक सामग्री र शिक्षकहरूको व्यवस्था गरे पनि केहीले भने शिक्षाको आधारभूत आवश्यकता पूरा नगरेको आरोप समेत लाग्दै आएको छ । धर्ममा कट्टर भएका कारण धार्मिक शिक्षाको लागि मदरसामा अध्ययन गर्ने बालबालिकाको पढ्ने उमेर मदरसामा बित्ने हुँदा सरकारले मान्यता दिएका स्कुलहरूमा पुनः भर्ना हुन उमेरका कारण उनीहरू सक्दैनन् । 'सात कक्षासम्म मदरसामा अध्ययन गरेको विद्यार्थी सरकारी स्कुलमा पुनः एक कक्षामा कसरी भर्ना हुन सक्छ ?', मन्जरीको प्रश्न छ ।

शिक्षा कार्यालयमा दर्ता नभएका कारण मदरसाहरूलाई मान्यता दिन नसकिएको दाबी शिक्षा अधिकारीहरूको छ । उनीहरू पटक-पटक दर्ताको लागि आग्रह गरे पनि मुस्लिमहरू दर्ता हुन नमानिरहेको बताउँछन् । जिल्ला शिक्षा कार्यालयका एक अधिकारी भन्छन्, 'मुस्लिम बालबालिकालाई राज्यले शिक्षाबाट वञ्चित गर्न मिल्दैन । तर, मुस्लिमहरू पनि त नियम कानुनमा आउनु पर्‍यो ।' तर, मुस्लिम अगुवाहरू भने आर्थिक समस्याले गर्दा मदरसा दर्ता गर्न नसकिएको बताउँछन् । 'चरम गरिबीले सताइएका मुस्लिमहरूले ५० हजार, १ लाख रुपैयाँ खर्च गरेर मदरसा दर्ता गर्न सक्दैनन्', स्थानीय मोहम्मद शेर बागवान भन्छन् ।

मुस्लिम समुदायमा आर्थिक हैसियत उच्च भएका केही व्यक्तिहरूले आफ्ना बालबालिकालाई सरकारी या निजी स्कुलमा पढाउँछन् । केहीले सरकारी मान्यता प्राप्त भारतका मदरसाहरूमा पुगेर अध्ययन पनि गरेका छन् ।

भारत सरकारले भने मदरसामा हुने शिक्षालाई मान्यता दिएको छ । बाँकेमा कति मदरसा छन् भन्ने जानकारी नभएको जिल्ला शिक्षा कार्यालयले बताए पनि मदरसा इसलामिया संघले ६८ मदरसामा १० हजार मुस्लिम बालबालिकाले अध्ययन गरिरहेको जनाएको छ । 'मदरसाको दर्ता प्रक्रिया र शिक्षालाई के कसरी मान्यता दिन सकिन्छ भन्ने अध्ययनको लागि मदरसा अध्ययन आयोग गठन हुनुपर्छ', अध्यक्ष मन्जरी भन्छन्, 'सधैं यस्तै हिसाबले जाने हो भने मुस्लिम समुदाय राज्यको मूलधारमा कहिलै आउन सक्दैन ।'

■ रुद्र खड्का/नेपालगन्ज (तस्वीर पनि)


## मकालु यातायातको बस सेवा

**कलङ्कीबाट छुट्ने : मुख्य कार्यालय, फोन नं. ४२७७५५२, ४२८१९७२, ४२८७३०६**

### काठमाडौंबाट जाने

| | | | |
|---|---|---|---|
| काकडभिट्टा | बिहान ५.०० बजे | वीरगञ्ज रात्रि | बेलुकी ८.१५ बजे |
| भद्रपुर | बिहान ५.१० बजे | कलैया | बिहान १०.१५ बजे |
| मधुमल्ला | बिहान ५.२० बजे | भरतपुर | बिहान ११.४५ र दिउँसो १२.१५ बजे |
| धरान | बिहान ६.०५ बजे | शिवनगर | दिउँसो १२.३० बजे |
| विराटनगर | बिहान ५.४५ बजे र ६ ४५ बजे | टाँडी पर्सा | दिउँसो १.०० बजे |
| राजविराज | बिहान ६.०० बजे | टाँडी-खोलेसिमल | दिउँसो १.४५ बजे |
| सिरहा/माडर | बिहान ६.१५ बजे | पर्सा-कपिया | दिउँसो २.२० बजे |
| मलङ्गवा | बिहान ६.३५ बजे | पर्साढाप-मेघौली | दिउँसो ४.४५ बजे |
| जनकपुर | बिहान ७.२० बजे | गीतानगर-जगतपुर | दिउँसो ४.१५ बजे |
| गौर | बिहान ६.५५ बजे | वरथवा | बिहान ७.४० बजे |
| वीरगञ्ज | बिहान ७.०५, १०.१५ र ११.०० बजे | | |
| पोखरा | बिहान ७.३० बजे | | |

### काठमाडौंमा टिकट पाइने स्थानहरू

| कलङ्की | सुन्धारा | गौशाला | लगनखेल |
|---|---|---|---|
| २७३९१२/२८१७०४ | २५३१४२ | ४९३७५७/४९७१३७ | ५५२१६६६ |

### काठमाडौंतर्फ आउने

| | | | |
|---|---|---|---|
| काकडभिट्टाबाट | बिहान ५.०० बजे | वीरगञ्जबाट | बेलुका ८.३० बजे |
| भद्रपुरबाट | बिहान ४.५० बजे | कलैयाबाट | बिहान ८.०० बजे |
| मधुमल्लाबाट | बिहान ४.५० बजे | भरतपुरबाट | बिहान ५.३० बजे |
| धरानबाट | बिहान ४.२० बजे | पर्साबाट | बिहान ५.४५ बजे |
| इटहरीबाट | बिहान ५.००, ५.२०, ६.३० र ७.०० बजे | खोलेसिमलबाट | बिहान १०.३० बजे |
| | | पर्सा-कपियाबाट | बिहान ६.३० बजे |
| विराटनगरबाट | बिहान ४.३० बजे | मेघौलीबाट | बिहान ८.४५ बजे |
| राजविराजबाट | बिहान ५.३० बजे | जगतपुरबाट | बिहान ८.१५ बजे |
| सिरहा/माडरबाट | बिहान ५.१५ बजे | वीरगन्ज रात्रि | बिहान ६.४५ बजे |
| लहानबाट | बिहान ६.१५, ७.००, ७.१५ र ९.०० बजे | नारायणगढबाट | बिहान ६.१५, ६.४५, ७.००, ७.४०, ८.००, ८.१५, ८.४५ र दिउँसो ३.०० बजे |
| मलङ्गवाबाट | बिहान ५.१५ बजे | पार्वतीपुरबाट | दिउँसो १२.०० बजे |
| जनकपुरबाट | बिहान ८.१५ बजे | | |
| गौरबाट | बिहान ५.३० बजे | | |
| वीरगञ्जबाट | बिहान ९.००, ११.०० र ११.३० बजे | | |

अन्य स्थानहरू : काँकडभिट्टा र भद्रपुरमा मेची संघको काउन्टर, धरानमा बसपार्क (०२५)२०३७२, विराटनगरबाट बसपार्क नजिकै (०२१) ३०७२७, इटहरीमा पश्चिमचोक, राजविराजमा (०३१) २००९, लाहानमा (०३३) ६०३६६, सिराहामा (०३३) २०२३३, सिराहा/माडरमा (०३३) २०१३१, जनकपुरमा भानुचोक र रामानन्द चोक, मलङ्गवामा (०४६) २००४२, वीरगन्जमा (०५१) २१५२६, हेटौडामा भानुचोकमा (०५७) २०५३५, नारायणगढमा पुल्चोक बसपार्क (०५६) २४२०८ ।

*यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट निःशुल्क मिनिबस सेवा उपलब्ध गराइएको छ ।*

# कामको उच्च सम्मान

**'सामाजिक, राजनीतिक तथा भौगोलिक सीमा पार गर्दै आँखा नदेख्नेहरूको दृष्टि पुनःस्थापनका लागि दिइएको यो पुरस्कारले हाम्रो देशको पनि सम्मान भएको मैले मानेको छु,' डा. रुइत भन्छन्, 'नेपालीले पनि केही गर्न सक्छन् भन्ने यो एउटा उदाहरण हो ।'**

■ **मनीष गौतम / काठमाडौं**



भास्कर ओझा

**जीवनमा पाएको** सबैभन्दा उपलब्धिमूलक खुसीको क्षणलाई उनले तीन सातासम्म मनभित्रै राख्नु पर्‍यो । ५० हजार अमेरिकी डलरको एसियाको 'नोबल पुरस्कार' मानिने म्यागासेसेबाट सम्मानित नेपाली डाक्टर सन्दुक रुइतलाई फाउन्डेसनले तीन साताअघि अनौपचारिक रुपमा सोधेका थिए, 'तिमीलाई पुरस्कारबाट सम्मान गर्ने निर्णय गरेका छौं, यो तिमीलाई मान्य छ कि छैन ?' डा. रुइतले उनीहरूलाई त्यो बेला भने, 'म अस्वीकार गर्दिन ।'

'यति ठूलो सम्मानलाई मैले नकार्नुपर्ने कारण केही पनि थिएन', डा. रुइत भन्छन्, 'तर पुरस्कार घोषणा नहुँदासम्म मेरो परिवारबाहेक अरूलाई जानकारी थिएन किनकि मलाई त्यो सार्वजनिक गर्ने अधिकार थिएन ।'

तर, उनका लागि प्रतीक्षारत यति महत्त्वपूर्ण सम्मान फाउन्डेसनबाट साउन १५ गते सोमवारको दिन घोषणा भएको समाचार क्षणभर मै विद्युतीय वेगमा संसारभर फैलियो । 'सार्वजनिक रूपमा आफू सम्मानित भएको सुन्न पाउँदाको क्षण मेरा लागि अझै महत्त्वपूर्ण भयो जसलाई शब्दमा व्यक्त गर्न सक्तिनँ', डा. रुइत भन्छन्, 'यसको लगत्तै झन्डै २५ वर्ष आँखा उपचारमा बिताएका क्षणका महत्वपूर्ण दृष्य आँखावरिपरि घुमिरहे ।'

अन्धोपनको मुख्य कारण मानिएको मोतीविन्दुको उपचारमा मुलुक र मुलुकबाहिर आफूले पुर्‍याएको योगदानको कदर कहीं न कहींबाट हुन्छ भन्ने आभास भने डा. रुइतलाई कुनै कुनै बेला हुन्थ्यो । तर, उनको त्यो आभासले मूर्तरूप फिलिपिन्सबाट पायो । 'प्रतिबद्धताका साथ एकोहोरो रुपमा त्यो पनि सेवा र सुविधाबाट वञ्चित गरिब समुदायका लागि काम गर्नु नै जीवनको सबैभन्दा सन्तुष्टि हो', उनी स्पष्ट पार्छन्, 'कामको यसखाले उचित र सही मूल्यांकनले मानवीय कार्यमा निरन्तर लागिरहन प्रेरणा दिन्छ ।'

अन्तर्राष्ट्रिय शान्ति तथा समझदारी विधाअन्तर्गत डा. रुइतलाई उक्त पुरस्कार सस्तो र सर्वसुलभ रुपमा मोतीविन्दुको उपचार नेपाल लगायत अन्य विकासोन्मुख मुलुकका न्यून आर्थिक अवस्थामा रहेका समुदायमा पुर्‍याएबापत प्रदान गरिएको हो । 'सामाजिक, राजनीतिक तथा भौगोलिक सीमा पार गर्दै आँखा नदेख्नेहरूको दृष्टि पुनःस्थापनका लागि दिइएको यो पुरस्कारले हाम्रो देशको पनि सम्मान भएको मैले मानेको छु,' डा. रुइत भन्छन्, 'नेपालीले पनि केही गर्न सक्छन् भन्ने यो एउटा उदाहरण हो ।'

पूर्वी पहाडी जिल्ला ताप्लेजुङको दुर्गम गाउँ दुर्गम गाउँ ओलाङचुङगोलामा ५२ वर्षअघि जन्मिएका रुइतले 'आँखा विशेषज्ञ'को अनुभव कमाएको भन्डै दुई दशकको अवधिमा दृष्टिविहीन अवस्थामा रहेका ७५ हजारभन्दा बढी मोतीविन्दुका विरामीको दृष्टि पुनःस्थापन गरिसकेका छन् ।

आँखा विशेषज्ञ बन्ने निर्णय कसरी लिनुभयो भन्ने जिज्ञासामा उनी २६ वर्षअघिको समय सम्झन्छन् । भर्खरै एमबिबिएस सकाएका उनी नेत्र विशेषज्ञ डा. एनसी राईसँगै धनगढीमा सञ्चालित एक साता लामो आँखा शिविरमा सहभागी थिए । 'त्यहाँ आँखा नदेख्ने धेरै मान्छेहरू उपचारका लागि आएका थिए, जसमा अधिकांश मोतीविन्दुका रोगी थिए । आँखा शल्यक्रिया गरेको अर्को दिन उनीहरू पावरदार चस्मा लगाएर संसार चिहाउँथे', उनी सम्झिन्छन्, 'छोटो समयमा धेरै मान्छेले आँखा देख्दाको क्षणले मैले यसै क्षेत्रमा लाग्ने निर्णय गरें ।'

त्यसपछि उनी 'अल इन्डिया मेडिकल इन्स्टिच्युट (एम्स)बाट सन् १९८४ मा नेत्र विशेषज्ञको डिग्री लिएर नेपाल फर्के । डा. रुइत सन् १९८१-८२ मा नेपाल अन्धोपनसम्बन्धी भएको पहिलो सर्वेक्षणमा सहभागी भएर मुलुकको झन्डै २५ जिल्ला पुगेका थिए । यसबाट उनलाई अन्धोपनसम्बन्धी मुलुकको अवस्थाबारे थप जानकारी मिल्यो ।

अन्धोपन निवारण अभियानमा नाम कहलिएका अस्ट्रेलियाली चिकित्सक फ्रेड हल्लोज सन् १९८५ मा विश्व स्वास्थ्य संगठनको परामर्शदाताको रुपमा नेपाल आएका थिए । फ्रेडले नै डा. रुइतलाई सन् १९८६ मा मोतीविन्दु उपचारमा विशेषज्ञता हासिल गर्न अस्ट्रेलिया बोलाए । नेपालमा अन्धोपन निवारणका लागि अस्ट्रेलियाली सहयोग जुटाउन सन् १९९८ मा डा. रुइत, फ्रेड र उनकी पत्नी ग्याबी र दुईपटक सगरमाथा आरोहण गरेका टिम म्याकरिन मिलेर 'नेपाल आई प्रोग्राम अस्ट्रेलिया-नेपा' स्थापना गरे । 'फ्रेड र म रातभर विकासोन्मुख मुलुकमा अन्धोपनको मुख्य कारण मानिएको मोतीविन्दुको उपचारलाई सर्वसुलभ र गुणस्तरीय बनाउन सकिन्छ भन्नेबारे छलफल गर्थ्यौं', डा. रुइत सम्झन्छन्, 'हामीले मोतीविन्दुको उपचारमा विकसित गरिएको इन्ट्रा अकुलर लेन्स 'आइओल' प्रविधि नेपालमा स्थान्तरण गर्ने निधो गर्‍यौं ।' जबसम्म आँखा उपचारमा प्रयोग गरिने प्रविधि तथा उत्पादन विकासोन्मुख मुलुकमा पुर्‍याउन सकिँदैन तबसम्म यो गरिबहरूको पहुँचमा पुग्न सक्दैन भन्ने फ्रेडको मान्यताअनुसार 'आइओल' प्रविधिका साथ डा. रुइत नेपाल फर्के ।

उनी अस्ट्रेलियाबाट फर्किंदा पनि नेपालमा मोतीविन्दुको शल्यक्रिया पुरानै प्रविधिबाट हुन्थ्यो जुन विरामीका लागि पीडादायक त हुन्थ्यो नै, कालान्तरमा उनीहरू फेरि आँखाकै समस्याबाट



पीडित हुनु पर्ने अवस्था थियो । यो प्रविधिमा मोतीविन्दु भएको आँखाको शल्यक्रिया गरेर बाक्लो र अधिक 'पावर' भएको चस्मा लगाउनु पर्थ्यो । 'आँखा उपचारमा अस्ट्रेलियाली प्रविधिको ज्ञान लिई नेपाल फर्केका रुइतले नेपाली प्रविधिको रुपमा विकसित गरेको 'आइओल' शल्यक्रिया विधिलाई फेरि हामीले अस्ट्रेलियामा प्रयोग गरेका छौं,' फ्रेडले आत्मवृत्तान्तमा भनेका छन् ।

डा. रुइतको स्पष्ट सोच र निरन्तर लगावका कारण स्थापना कालको १२ वर्षभित्रै सेवामुखी तीलगंगा आँखा केन्द्र आत्मनिर्भर बनिसकेको छ । उपचारको गुणात्मक पक्षमा सम्झौता नगरी विरामीलाई सुलभ र भरपर्दो सेवा दिन सकिने उदाहरण बनेको छ यो अस्पताल ।

तीलगंगाले मोतीविन्दुका विरामीमा प्रयोग गरिने 'आइओल' उत्पादन गरी अहिले विश्व बजारमा निर्यात गरिरहेको छ । बर्सेनि तीन लाखको हाराहारीमा उत्पादन हुने यो 'आइओल' ६० प्रतिशत विदेशमा निर्यात हुने गरेको छ । विकसित मुलुक अस्ट्रेलिया, अमेरिका, क्यानडा, फ्रान्स, अस्ट्रिया जर्मनी, दक्षिण अफ्रिकालगायत अन्य विकासोन्मुख मुलुकमा तीलगंगाले उत्पादन गरेका यी 'आइओल' औषधी विज्ञानजस्तो उच्च प्रविधिको क्षेत्रमा 'मेड इन नेपाल'को छापका लागि प्रतिस्पर्धा गरिरहेका छन् । तीलगंगाले यी 'आइओल' नेपाल तथा अन्य विकासोन्मुख मुलुकमा भने निकै सस्तोमा उपलब्ध गराउँदै आएको छ ।

डा. रुइतलाई त्यति बेला अस्ट्रेलियामा बसेर काम गर्नका लागि प्रशस्त अवसर नआएका पनि होइनन् । 'म त्यति बेला दुई वर्ष अस्ट्रेलिया बसेँ । मलाई त्यहाँका अस्पताल, चिकित्सा विश्वविद्यालय तथा अन्तर्राष्ट्रिय निकायका लागि उच्च पदमा रहेर काम गर्ने प्रस्तावहरू आए । तर, म नेपाल फर्कन र यही बसेर आफ्नो समुदायलाई भरपर्दो आँखा उपचार दिन चाहन्थेँ ।'

सन् १९९८ देखि डा. रुइतले अन्धोपनको मुख्य कारक मानिएको मोतीविन्दु उपचारमा आफूलाई सधैं क्रियाशील बनाए । तीलगंगा आँखा केन्द्रले सेवालाई निरन्तर आँखा शिविरमार्फत नेपालका दुर्गम भेगमा पुऱ्याइरहेको छ ।

केन्द्रले नेपालबाहिर पनि बर्सेनि हजारौं विरामीहरूको दृष्टि पुनःस्थापन गर्दै आइरहेको छ । सन् १९९१ मा पहिलोपटक डा. रुइतको टोली आँखा शिविर सञ्चालनका लागि भियतनाम पुगेको थियो । त्यसपछि तीलगंगाका स्वास्थ्यकर्मी तथा प्राविधिज्ञ आँखा शिविर सञ्चालनार्थ भारत, पाकिस्तान, बंगलादेश, भुटान, कम्बोडिया, भियतनाम, उत्तर तथा दक्षिण कोरिया, चीन तथा तिब्बतमध्ये वर्षेनी कहीँ न कहीँ पुगिरहेका हुन्छन् । गत महिना मात्रै आँखा शिविर सञ्चालनका लागि भियतनामको ग्रामीण भेगमा पुगेका डा. रुइतको टोलीले एक सातामा मोतीविन्दुबाट पीडित एक हजारभन्दा बढी भियतनामीको दृष्टि पुनःस्थापन गरेको थियो । अब लगत्तै उनी आफ्ना सहयोगीहरूका साथ भारतको सिक्किम र भुटानतर्फ लाग्दै छन् ।

तिब्बतको मात्रै उदाहरण लिँदा पनि बाह्र वर्षको अवधिमा त्यहाँ सञ्चालित झन्डै तीन दर्जन शिविरमार्फत तीलगंगाले अहिलेसम्म अन्धोपनबाट पीडित झन्डै ६ हजार ५ सय तिब्बतीको दृष्टि

# सबैको पहुँचमा आँखाको सेवा पुग्न सकेको छैन



**आँखा उपचार सेवामा के हामीले साँच्चिकै एसिया क्षेत्रमै नेतृत्व लिएको हो ?**

हामीले आँखा उपचार सेवामा एसियाली क्षेत्रमै नेतृत्व लियौं भन्नुभन्दा पनि नेपाल जस्तो विकासोन्मुख मुलुकले कम खर्चमा गरिब समुदायलाई गुणस्तरीय र उच्च प्रविधियुक्त सेवा दिएको मान्न सकिन्छ। हामीले लक्षित समुदायमा आँखा उपचार सेवा राम्ररी लग्न सकेका छौं र यसले आँखा उपचारका लागि अन्य मुलुकलाई पनि केही गर्न सकिन्छ भन्ने बाटो देखाएको छ।

**आँखा उपचारमा नेपालको अवस्था कस्तो रहेको छ ?**

अन्धोपनको मुख्य कारण मोतीविन्दु हो र यसको उपचारका लागि अन्तर्राष्ट्रियस्तरको गुणस्तरीय सेवा नेपालमा उपलब्ध भएको छ। साथै आँखा उपचारमा नेपालले अन्तर्राष्ट्रिय पहिचान बनाएको छ। यी सबै भए पनि यथार्थ के हो भने यस क्षेत्रमा गर्न धेरै कुरा बाँकी छन्। सबैको पहुँचमा आँखाको सेवा पुग्न सकेको छैन, विशेष गरी दुर्गम पहाडी तथा हिमाली भेगहरूमा।

**नेपालमा अन्य आधारभूत स्वास्थ्य सेवाबाट वञ्चित हुनुको कारण के मान्नु हुन्छ ?**

यसका लागि सरकारको स्पष्ट नीति तथा दृष्टिकोण आउनु पर्छ र त्यसको व्यवहारतः लागू हुनु पर्छ। तर, यसमै सरकार कमजोर देखिएको छ। स्वास्थ्य सेवा तथा यससँग सम्बन्धित स्वास्थ्य सेवालाई विकेन्द्रीकरण गर्न नसक्दा पनि नेपालीहरू आधारभूत स्वास्थ्य सेवाबाट वञ्चित हुनु परेको छ।

**आफ्नै कामको मूल्यांकन गर्दा मुलुकमा चलेको दसवर्षे लामो सशस्त्र द्वन्द्वले स्वास्थ्य क्षेत्रलाई कुन हदसम्म प्रभाव पार्‍यो ?**

द्वन्द्व नभइदिएको भए अझै धेरै काम गर्न सकिन्थ्यो। मेरो आफ्नै अनुभवमा पनि हामीले गरिरहेको कार्यक्रम झन्डै ५० प्रतिशतले ह्रास आयो यस द्वन्द्वको अवधिमा। द्वन्द्वले निश्चित रुपमा सुचारु रुपले अघि बढ्ने कार्यक्रममा बाधा निम्त्यायो। तर, अर्कोतिर यही द्वन्द्वका कारण उब्जिएका चुनौतीलाई सम्बोधन गर्न नयाँ विचार तथा दृष्टिकोणलाई हामीले प्रयोगमा ल्यायौं र र चुनौती स्विकार्दै त्यसलाई मौकाको रुपमा सदुपयोग गर्‍यौं।

**भावी योजना के छ ?**

आँखा उपचारलाई अझै सशक्त बनाउन, कम खर्चमा गुणस्तरीय उपचार सेवा समुदाय तथा न्यून आर्थिकस्तरमा रहेका वर्गलाई लक्षित गरी विस्तार गर्ने लक्ष्य छ। त्यसैगरी तीलगंगा आँखा केन्द्रलाई एसिया क्षेत्रकै प्रमुख तालिम केन्द्रको रुपमा विकास गर्ने योजना छ। ■

---

पुनःस्थापन गरेको छ। कूटनीतिक सम्बन्ध स्थापनाको स्वर्ण वर्षको उपलक्ष्यमा अन्धोपनको ठूलो समस्या भोगिरहेको चीनको स्वशासित क्षेत्र तिब्बतलाई तीलगंगाले नेपालको तर्फबाट गत वर्ष 'उज्यालो उपहार' दिएको थियो 'ल्हासा इन्स्टिच्युट अफ आई केयर।'

डा. रुइत र उनले नेतृत्व दिएको तीलगंगा आँखा केन्द्रका सफलताका कथालाई विश्वमै नाम कहलिएका छापा तथा विद्युतीय संचारमाध्यम बिबिसी, अस्ट्रेलिया ब्रोडकास्टिङ सर्भिसेज तथा टाइम, न्युजविक र नेसनल ज्योग्राफिकजस्ता प्रसिद्ध पत्रिकाले स्थान दिएका छन्।

तीलगंगा आँखा केन्द्रले उपलब्ध गराउँदै आएको सेवा विस्तारका लागि अन्तर्राष्ट्रिय प्रसारण गृह तथा अन्य संघ संस्थाले समेत सहयोगी हात बढाएका छन्। केन्द्रले दुई वर्षअघि उपल्लो मुस्ताङमा गरेको मोतीविन्दु शल्यक्रिया शिविर छायांकनका लागि अमेरिकास्थित नेसनल ज्योग्राफिक टेलिभिजनले सम्झौता गरेका थियो। यसले वृत्तचित्र निर्माण गरी यसको प्रदर्शनबाट उठेको रकम तीलगंगालाई उपलब्ध गराएको थियो।

त्यसैगरी केन्द्रको सेवा विस्तारका लागि आर्थिक स्रोत जुटाउन एक वर्षअघि विश्व प्रख्यात हिमाल आरोहीहरू नेपाल आएका थिए। हिम पहिरोमा ८२ वर्षअघि विलय भएका जर्ज म्यालोरीको

> **डा. रुइत र उनले नेतृत्व दिएको तीलगंगा आँखा केन्द्रका सफलताका कथालाई विश्वमै नाम कहलिएका छापा तथा विद्युतीय संचारमाध्यम बिबिसी, अस्ट्रेलिया ब्रोडकास्टिङ सर्भिसेज तथा टाइम, न्युजविक र नेसनल ज्योग्राफिक आदीले स्थान दिएका छन्।**

शवलाई मे १, १९९९मा निकालेका कोनाऱ्याड एंकर र सात पटकसम्म सगरमाथा चढेर कीर्तिमान कायम गरेका पहिलो गैर शेर्पा पिटी एथेन्ससँगै यस अभियानमा अन्य तीन पर्वतारोहीले साथ दिएका थिए। पूर्वी हिमाली भेग जिरी र फाप्लुमा केन्द्रले संचालन गरेको आँखा शिविरमा स्वयंसेवीका रुपमा खटिएका उनीहरू त्यसपछि ६ हजार ४ सय ४० मिटर अग्लो चो लोत्से हिमशृंखलाको चुचुरोमा पुगेका थिए।

आँखा शिविरमा पर्वतारोहीको गतिविधि र हिमाल चढेको दृश्य विश्वप्रसिद्ध सिराक एडभेन्चर फिल्म प्रोडक्सनले छायांकन गरेको थियो, वृत्तचित्र निर्माणका लागि। यसको उद्देश्य पैसाको जोगाड गरी तीलगंगामा आँखा केन्द्रको सेवा विस्तार गर्नु थियो। पर्वतारोहणको क्षेत्रमा चर्चित नर्थ फेस कम्पनी यस अभियानको आयोजक थियो, जसले प्रत्येक पर्वतारोहीलाई प्रत्येक एक सय फिट उक्लेको आधारमा १ हजार ५ सय डलर उपलब्ध गराउने सर्तमा अनुबन्ध गरेको थियो र ती पर्वतारोहीले उक्त रकम तीलगंगालाई उपलब्ध गराएका थिए। यही आरोहण र आँखा शिविरलाई पछ्याउँदै अमेरिकाबाट प्रकाशित हुने 'आउट साइड' म्यागेजिनका वरिष्ठ सम्पादक निक हेल तीनजना फोटो पत्रकारसहित आएका थिए।

त्यसैगरी अमेरिकी नेत्र विशेषज्ञ जेफ टेबिन र डा. रुइत मिलेर सन् १९९५ मा स्थापना भएको हिमालयन क्याटऱ्याक्ट प्रोजेक्ट पनि एसियाली मुलुकका लाखौं मोतीविन्दु रोगी जसले संसार देख्न सकेका छैनन्, उनीहरूका लागि दृष्टि पुनःस्थापनमा सक्रिय रहेको छ। 'हामी जहाँ पनि र जहिले पनि उपचार सेवाबाट वञ्चित गरिब समुदायमा पुगेका हुन्छौं', डा. रुइत भन्छन्, 'यस अर्थमा हामीले नेपालको सम्बन्ध समुदायस्तरमा कायम गरेर त्यहाँ जनताको विश्वास जितेका छौं।' ■

महिना दिनसम्म पनि क्यान्सर रोकथामको सेकाइ उपचार पाउन नसकेका महिला विरामी अस्पताल परिसरमा पालो कुर्दै ।



सूर्यप्रकाश कँडेल

# बेहाल

क्यान्सर रोग रोकथामका लागि गरिने सेकाइ (रेडियोथेरापी)को उपचार लिन धरानदेखि भरतपुर क्यान्सर अस्पताल आएका ५२ वर्षीय बद्री माझीले एक महिनासम्म कुर्दा पनि पालो पाएका छैनन् । नुवाकोट ओखरपौवाबाट आएकी ५० वर्षीया सानुमाया बलामीले सेकाइको उपचार पाउन २ साता कुरिसकेकी छन् । राजधानीबाहिरको एकमात्र सुविधासम्पन्न विपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा विशेषज्ञ डाक्टरको अभावले विरामीहरू उपचार सेवाबाट वञ्चित हुनुपरेको हो ।

चीन सरकारले आठ वर्षअघि एक अर्बभन्दा बढी खर्चमा निर्माण सम्पन्न गरी नेपाल सरकारलाई हस्तान्तरण गरेको क्यान्सर अस्पतालमा विशेषज्ञ चिकित्सकले केही वर्षदेखि धमाधम जागिर छाडेपछि विशेषज्ञ चिकित्सा सेवाको अभाव हुन थालेको हो । अस्पतालमा कार्यरत चिकित्सकहरू यस्तो अवस्था आउनुमा व्यवस्थापनलाई दोष दिन्छन् ।

अस्पतालको रेडियोथेरापी विभाग प्रमुख डा. गिसुपनिख प्रसिकोले पाँच महिनाअघि व्यवस्थापनप्रति असहमति जनाउँदै अस्पताल छाडेपछि सेक्ने उपचार (रेडियोथेरापी र किमोथेरापी) सेवा प्रभावित बनेको हो । सर्जरी विभाग प्रमुख डा. भक्तमान श्रेष्ठका अनुसार अस्पताल संचालनमा आएदेखि विभिन्न आठ विभागमा कार्यरत ३४ जना विशेषज्ञ चिकित्सकमध्ये अहिले अस्पतालमा सोह्रजना मात्र कार्यरत छन् ।

अस्पताल व्यवस्थापन र प्रशासनको जिम्मेवारी लिएका अध्यक्ष इन्जिनियर महेन्द्रबहादुर कार्की र कार्यकारी निर्देशक बालमानसिंह कार्कीको गैरजिम्मेवारीपूर्ण क्रियाकलापका कारण विशेषज्ञ चिकित्सकले अस्पताल छाडेको र आफू पनि बिदामा बसेको आरोप डा. श्रेष्ठको छ ।

क्यान्सर अस्पतालमा विरामीको उपचार गर्न छाडेका विभागीय प्रमुख विशेषज्ञ डाक्टरहरूमा रेडियोलोजीका डा. पशुपति रेग्मी, क्यान्सर रोकथाम तथा नियन्त्रणका डा. मुरारीमान श्रेष्ठ, मेडिकल अंकोलोजीका डा. विष्णुदत्त पौडेल एवं डा. दामोदर गजुरेल, एनेस्थेसियाकी डा. आभा प्रसाई, प्याथोलोजीका डा. हरि ढकाल र स्त्री तथा प्रसूतिकी डा. सुजाता प्रधान रहेका छन् ।

विरामी श्रीमती लिएर सेकाइको उपचारको लागि प्रतीक्षारत प्रेमबहादुर राउतले आक्रोश व्यक्त गर्दै भने, 'डाक्टरहरूको झगडा मिलाएर जसरी भए पनि हामीले उपचार पाउनु पर्‍यो ।'

लोकतन्त्र स्थापनापश्चात् केन्द्र र अस्पतालमा कार्कीद्वयविरुद्ध बनेको माहोलले क्यान्सरका विरामीले पूर्ववत् सेवा पाएका छैनन् । सूर्यबहादुर थापा सरकारका पालामा दुई वर्षअघि कार्कीद्वय अध्यक्ष र कार्यकारी निर्देशकमा नियुक्त भएका थिए । चितवनमा जनआन्दोलन उत्कर्षमा पुगेका बेला कार्कीद्वयले एम्बुलेन्सको समेत दुरुपयोग गरेको आरोप विपक्षमा रहेका चिकित्सकहरूले लगाएका छन् ।

कार्कीद्वय, अस्पतालका कर्मचारी र मन्त्रालयबीचको त्रिपक्षीय द्वन्द्वले उपचार सेवा गम्भीर रुपमा प्रभावित भएको मात्र होइन, क्यान्सर रोगको रिफरल अस्पतालको व्यवस्थापन अस्तव्यस्त बनेकाले यसका भावी योजनाहरू प्रभावित भएका छन् ।

क्यान्सरजस्तो प्राणघातक विरामीको उपचारमा अग्रणी अस्पतालको सेवाको गुणस्तरमा ह्रास आउनुमा अध्यक्ष कार्की र स्वास्थ्यमन्त्री अमिक शेरचनबीचको शक्तिसंघर्ष मुख्य कारक देखिएको छ । अस्पतालदेखि केन्द्रसम्मको झगडाका कारण विरामीहरू मारमा परेका छन् ।

शाही सरकारको पालामा भएका सबै राजनीतिक नियुक्ति नेपाल सरकारले बदर गरेकाले अस्पतालका अध्यक्ष कार्कीलाई हटाउने मन्त्रीको मनसुवामा सर्वोच्च अदालतले ठेस पुर्‍याइदिएपछि यो द्वन्द्वले झनै चर्को रुप लिएको छ । त्यसको परिणामस्वरुप अस्पतालको सेवाको गुणस्तर तीन महिनादेखि क्रमशः खस्कँदै गएको छ ।

२०५९ असोज १८ देखि २०६३ वैशाख ११ सम्मका सबै राजनीतिक नियुक्ति खारेज गर्ने मन्त्रिपरिषद्को वैशाख २४ गतेको निर्णयले विवादको वीजारोपण गरेको थियो । मन्त्रिपरिषद्को निर्णयमा टेकेर कार्कीलाई मन्त्रालयले लगत्तै अवकाश पत्र दियो । तर, मान्त्रालय र अध्यक्ष कार्कीबीचको शक्ति संघर्ष अझै जारी छ ।

विपी कोइराला मेमोरियल क्यान्सर अस्पताल ऐन, २०५३ गठन भएको संस्थाको अध्यक्षलाई सरकारले मनखुसी ढंगले अवकाश दिएर स्वायत्ततामा हस्तक्षेप गर्न पाउँदैन भन्दै कार्की सर्वोच्च अदालत गए । नभन्दै अदालतले असार १३ गते स्वास्थ्यजस्तो गम्भीर क्षेत्रमा अकारण हस्तक्षेप गर्नुहुँदैन भन्दै कार्कीलाई नहटाउनु भनी स्वास्थ्य मन्त्रालयको नाममा अन्तरिम आदेश दियो ।

उनी सर्वोच्चको आदेश बोकेर अध्यक्षका रुपमा काम गरिरहेका छन् । तर, मन्त्रालयले भने कार्कीलाई पूरै असहयोग गरिरहेको छ ।

कार्कीका विरुद्ध रहेका अस्पतालका कर्मचारी र मन्त्रालयले प्रतिगमनकालमा पनि अध्यक्ष रहेकाले उनले राजीनामा दिनुपर्ने अडान राखेका छन् । त्यसैले उनी अहिले प्राविधिक रुपमा मात्र अध्यक्ष छन् भन्दा पनि हुन्छ ।

'सुरुमा मैले स-सम्मान राजीनामा दिन पाएको भए अध्यक्ष छाड्थें, त्यो मौका नदिइएकाले प्रतिगमनको मतियार नभएको पुष्टि गर्न अदालत गएको हुँ', कार्की भन्छन्, 'अब अदालतले मलाई अध्यक्ष बस्नु भनिसकेको छ ।'

मन्त्री शेरचनका सल्लाहकार डा. महेश मास्केले कार्कीलाई अहिले पनि राजीनामा दिन सुझाव दिइरहेका छन् । मन्त्रीका विभिन्न नातेदारबाट पनि राजीनामाको बाटो रोज्नु नै कार्कीका लागि श्रेयस्कर हुने सुझाव आइरहेको छ ।

वैशाखदेखि बस्न नसकेको संचालक समितिको बैठक यही विवादका कारण अवरुद्ध भएको छ । संचालक समितिमा सरकारी निकायबाट मनोनीत स्वास्थ्य र अर्थ मन्त्रालय, वीर अस्पतालका प्रतिनिधि र नेपाल स्वास्थ्य परिषद्का अध्यक्ष बैठकमा अनुपस्थित रहने हुँदा बैठक हुन नसकेको कार्कीको धारणा छ । 'असारमा विनाबिजनेसका तीनवटा बैठक बसेबाहेक हुन सकेको छैन, सरकारी प्रतिनिधिले मन्त्री र मन्त्रालयको आशयअनुसार काम गर्नुपर्ने हुँदा यो अवस्था आएको हो ।'

अस्पतालको छानु चुहिएको भन्ने विषय पनि मन्त्री र अध्यक्षको द्वन्द्वका कारण तोडमरोड गरेर प्रचारमा आएको कार्कीको भनाइ छ । भवनमा पानी रसाएको साँचो भए पनि यसमा कोही पनि दोषी नभएको उनको दाबी छ । चीन सरकारले 'टर्न की' प्रोजेक्टको रूपमा निर्माण सम्पन्न गरेर हस्तान्तरण गरेको भवनमा पानी रसाएको बताउँदै कार्की भन्छन्, 'त्यसलाई नै ठूलो मुद्दा बनाएकोमा मलाई सबैभन्दा बढी दुःख लागेको छ ।'

■ **सूर्यप्रकाश कँडेल/चितवन**

# अबला विद्रोह

**एउटी निरीह** महिला कति समयसम्म आफूमाथिको अन्याय सहन सक्छिन् ? एक महिना, एक वर्ष वा एक दशक ? जेहोस्, सधैंभरि चाहिँ नसक्ने रहिछन् । नरसिंह-७, सुनसरीकी बातुल खातुनले दस वर्षदेखि आफूलाई 'बोक्सी' भनी यातना दिँदै आएका गाउँलेविरुद्ध प्रशासनमा उजुरी हाली निर्धो पनि सधैंभरि निहुरिन नसक्ने सन्देश दिएकी छन् ।

पचपन्न वर्षीया बातुलले आफूलाई 'बोक्सी' भन्दै कुटपिट गर्ने ६ जना गाउँलेविरुद्ध गत साउन १२ गते जिल्ला प्रहरी कार्यालय, सुनसरीमा किटानी जाहेरी दिएकी थिइन् । तर, त्यही राति करिब ८ बजे उनी फेरि अर्को यातनाको सिकार भइन् । बातुल सदरमुकाम इनरुवाबाट फर्केपछि गाउँलेले विवाद मिलाउने नाउँमा भेला डाकेका थिए । तर, त्यो उनलाई थप यातना दिने षड्यन्त्रको एउटा अंश रहेछ । भेलामा उपस्थित गाउँलेले बातुललाई 'प्रहरीमा उजुरी गर्ने बोक्सी' भन्दै पिट्न थाले ।

आमालाई बचाउन खोज्दा बातुलका छोरा २५ वर्षीय वसिर मियाँ पनि पिटिए । वसिरको ढाड र खुट्टामा बाक्लो नीलडाम छ । बातुलका भाइ ४० वर्षीय अल्लाउद्दिन मियाँमाथि पनि गाउँले खनिएका थिए । उनको दायाँ हात मर्किएको छ, राम्ररी चल्दैन ।

तर, निरक्षर बातुल विचलित भइनन्, उनले फेरि साउन १४ गते अर्को उजुरी दर्ता गराइन् । उजुरीमा उनले आफू, आफ्ना छोरा र भाइलाई गाउँलेले लात, मुड्की र सुकेका बाँसका भाटाले हिर्काएको बताएकी छन् । उनले नरसिंह-७ का असिम मियाँ, फारुक मियाँ, तैयब मियाँ, रहमान मियाँ, गफुर मियाँ र उमर हुसैनविरुद्ध किटानी जाहेरी दिएकी हुन् ।

गाउँमा बनीबुतो गरी जीविकोपार्जन गर्दै आएकी बातुलले कुनै गैरसरकारी संस्थाको प्रेरणा र सहयोगमा हैन, आफ्नै विवेक र बुताले आफूलाई यातना दिने गाउँलेविरुद्ध उजुरी दिएको बताएकी छन् । सम्भवत: बातुल आफ्नै आँटले कानुनी उपचारका लागि अग्रसर हुने सुनसरीकी पहिलो 'बोक्सी' आरोपित महिला हुन् । 'मैले धेरै सहेँ', साउन १४ गते दोस्रोपटक उजुरी दर्ता गर्न सदरमुकाम इनरुवा आइपुगेकी बातुलले स्थानीय सञ्चारकर्मीहरूसँग भनिन्, 'अब सहन नसक्ने भएँ, त्यसैले न्यायको खोजी गर्न यहाँसम्म आएकी छु ।'

हुन पनि बातुलले दस वर्षसम्म बोक्सीको आरोप खेपिन् । कुनै दिन त गाउँलेले बोक्सीको झूटो बात लाउन छाड्लान् भन्ने उनको आशा थियो । तर, आरोप, अवहेलना र आक्रमणको शृंखला रोकिएन । अन्तत: उनी न्यायका लागि प्रहरीको दैलो उघार्न बाध्य भइन् ।

गाउँकी एउटी सोझी र अबला महिला अरूको नजरमा कसरी बोक्सी भइन् ? यसको उत्तर खोज्न दस वर्षअघिकै एउटा घटना हेर्नुपर्छ । पक्षघातबाट पीडित एक गाउँलेको उपचारका लागि नरसिंह डाकिएका एक भारतीय झाँक्रीले बातुललाई बोक्सीको बात लाएका थिए । त्यसपछि अरू के चाहियो, सिंगो निरक्षर मुस्लिम समाज बातुलविरुद्ध खनियो । गाउँमा कसैलाई झाडापखाला लागोस् वा चोटपटक, सबैका औंला बातुलविरुद्धै ठडिन थाले ।

पछिल्लोचोटि नरसिंह-७ निवासी फारुक मियाँकी पत्नी सौरुन मियाँको गर्भ तुहियो, फेरि सबैले बातुललाई नै दोषी ठह-याए । उनीहरूले बातुलले नै सौरुनको गर्भ तुहाएको भन्दै उनलाई कुटपिट गरे । गाली र पिटाइका कारण मानसिक एवं शारीरिक रूपले शिथिल बातुल दुई दिनपछि उजुरी दिन इनरुवा पुगिन्, जुन दस वर्ष लामो शृंखलाबद्ध अन्यायविरुद्ध पहिलो विद्रोह थियो ।



सुनसरी प्रहरीका निरीक्षक मनोज यादवका अनुसार बातुलले उजुरीमा दोषी किटेका ६ जना गाउँलेको खोजी हुँदै छ । 'हामी साउन १२ गते नै नरसिंह पुगेका थियौं । तर, सबै आरोपित गाउँले भागेका रहेछन्', यादवले *समय*सँग भने, 'जेहोस्, हाम्रो आँखा अहिले पनि नरसिंहमै छ ।' निरीक्षक यादवले दोषी किटिएका गाउँलेलाई अनुसन्धानका लागि नियन्त्रणमा लिने जिम्मा इलाका प्रहरी कार्यालय, लौकहीलाई दिइएको बताए ।

तर, लौकही प्रहरीले साउन १७ गते साँझसम्म एकजनालाई पनि नियन्त्रणमा लिन सकेको छैन । लौकही प्रहरीका इन्चार्ज नायब निरीक्षक प्रमोद यादवका अनुसार सबै जनाले 'बोर्डर क्रस' गरेको सूचना आएको छ । लौकहीबाट करिब १२ किलोमिटर दक्षिणमा आवस्थित नरसिंहबाट भारतीय सीमा नजिकै छ । उता, गाउँलेले कुटेर खेदाएका बातुल खातुन र उनको परिवार भने आफन्तको घरमा शरण लिएर बसेको छ ।

■ **ओमआस्था राई/इनरुवा**

## प्रकाशक टण्डन रहेनन्

**बेलायतबाट प्रकाशित** सगरमाथा टाइम्सका संस्थापक प्रकाशक जितबहादुर टण्डनको ७२ वर्षको उमेरमा निधन भएको छ । जीवनमा केही गर्नुपर्छ भन्ने स्वभावका टण्डन सन् १९६० मा १५ वर्षको उमेरमा जागिरको खोजीमा नेपाल छोडेर फ्रान्स पुगेका थिए । त्यसको ६ वर्षपछि लन्डन गएर उनी इन्डियन हाइ कमिसनमा जागिरे भए ।

त्यहाँ बस्दा उनी पूर्णरुपमा जागिरेमात्र भएनन्, विभिन्न सामाजिक काममा लागिरहे । टण्डनकै अगुवाइमा सन् १९९२ मा बेलायतबाट सगरमाथा टाइम्स नामक पत्रिकाको



प्रकाशन सुरु भयो, जुन विदेशबाट प्रकाशित पहिलो नेपाली पत्रिका थियो । टण्डनमा समाजको लागि केही गर्नुपर्छ भन्ने सामाजिक भावना प्रचुर मात्रामा थियो । त्यसैले होला, टण्डनको नाम नेपाली साहित्य विकास परिषद्, पासा पुँछ गुठीलगायत विभिन्न संस्थामा संस्थापक सदस्यको रूपमा जोडिएको छ । स्वर्गीय टण्डनका ४ छोरी र १ छोरा छन् । ■




तेजबहादुर बस्नेत

# सुझाव थरिथरिका

**पूर्व न्यायाधीश लक्ष्मण अर्यालको अध्यक्षताको अन्तरिम संविधान मसौदा समितिलाई दलहरूले दिएका विविधतापूर्ण सुझावबाट एउटा निचोडमा पुग्न सजिलो छैन। राजनीतिक दलका प्रतिनिधि 'वकिल'हरूको बाहुल्यको समिति चौबाटोमा अलमलिने बटुवा सरह हुने सम्भावना छ।**

■ विश्वमणि पोखरेल/काठमाडौं

गत असार २ गते प्रधानमन्त्रीनिवास बालुवाटारबाट १५ दिनभित्र अन्तरिम संविधानको मस्यौदा पेस गर्ने गरी जिम्मेवारी सुम्पिएको अन्तरिम संविधान सुझाव समितिले ठिक डेढ महिनापछि सरकारको नेतृत्वकर्ता नेपाली कांग्रेसबाट सुझाव प्राप्त गर्‍यो। तेस्रोपटक म्याद थपिएको समितिलाई साउनको तेस्रो सातासम्म प्रमुख राजनीतिक दलहरूले आ-आफ्ना सुझाव दिने औपचारिकता निर्वाह गरेका छन्। अब चाँडै नै समितिले अन्तरिम संविधानको मस्यौदालाई अन्तिम रुप दिने आस गर्न सकिन्छ। पूर्व न्यायाधीश लक्ष्मण अर्यालको अध्यक्षताको समितिलाई दलहरूले दिएका विविधतापूर्ण सुझावबाट एउटा निचोडमा पुग्न समितिका सामुन्ने प्रशस्त चुनौती छन्। राजनीतिक दलका प्रतिनिधि 'वकिल'हरूको बाहुल्यको समिति चौबाटोमा अलमलिने बटुवा सरह हुने सम्भावना छ।

सात दल र उनीहरूको सरकार एउटा पक्ष र माओवादी अर्को पक्ष रहेको वर्तमान राजनीतिक अवस्थामा सात दलहरूकै परस्पर विरोधासपूर्ण सुझाव आउनुले अन्तरिम संविधान निर्माण प्रक्रिया लम्बिने देखिन्छ। संविधानसभा निर्वाचन हिंसाग्रस्त मुलुकको राजनीतिक निकास हो भन्ने कुरामा सात दल र माओवादी सबै एक मत छन्। तर, अहिले चर्चामा रहेको अन्तरिम संसद्, राजतन्त्रको स्थान तथा सेना र हतियार व्यवस्थापनका बारेमा दलहरूका फरक फरक मान्यता अन्तरिम संविधान जारी हुन अल्झाउने मुद्दा हुन्।

सरकारको नेतृत्वकर्ता कांग्रेसले प्रतिनिधिसभा घोषणाअनुसार हुने गरी राजतन्त्रको मुद्दालाई संविधानसभासम्म थाती राखेको छ। कांग्रेसले भनेको छ, 'राजाका सम्बन्धमा संविधानसभाले निर्णय गरेबमोजिम हुनेछ। हालका लागि प्रतिनिधिसभा घोषणा २०६३ र तदनुरूप भएको व्यवस्थाभित्र सम्पन्न गराइनेछ।' नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) र नेपाल मजदुर किसान पार्टी पनि कांग्रेसकै धारणासँग नजिक देखिन्छन्।

माओवादी स्पष्ट रूपमा गणतन्त्रको पक्षपाती भएर प्रस्तुत भएको छ। माओवादीले दिएको सुझावमा भनिएको छ, 'राजतन्त्र र सामन्ती निरंकुशताका सबै अवशेष पूर्णरूपले अन्त्य गरी लोकतान्त्रिक गणतन्त्रात्मक राज्यव्यवस्था कायम गरिनेछ।' तर, एमालेका सुझाव जता भत्क्यो त्यतै दैलो हुने खालको छ। राजतन्त्रका बारेमा एमालेको सुझाव त्यस्तै द्विविधाग्रस्त देखिन्छ। एमाले प्रस्तावना आफ्नो पार्टीले लिएको लोकतान्त्रिक गणतन्त्रको नीति, सात दल-माओवादी समझदारी, सहमति र प्रतिनिधिसभाका घोषणा सबैको सम्बोधन हुनुपर्ने सुझाव दिएको छ। जब कि प्रतिनिधिसभाका अहिलेसम्मका घोषणाहरू राजाको अधिकार कटौती गर्ने तर सम्मानजनक (सेरेमोनियल) राजतन्त्रको पक्षमा छन्।

एमालेले सुझावको प्रस्तावनामा भनेको छ, 'जनक्रान्तिको माध्यमबाट नेपाली जनताले लोकतान्त्रिक गणतन्त्र, राज्यको पुनर्संरचनासहित समावेशी राज्यव्यवस्था, दिगो शान्ति स्थापना गर्न व्यक्त जनादेशलाई मद्देनजर गर्दै, देशको सार्वभौमिकता, स्वाधीनता र भौगोलिक अखण्डताको संरक्षण र संवर्द्धनमा पूर्ण कटिबद्ध रहँदै, राज्यशक्तिको स्रोत नेपाली जनता र राजकीय सत्ता नेपाली जनतामा नै निहित रहेको तथ्य आत्मसात गर्दै बाह्रबुँदे समझदारी, आठबुँदे सहमति र प्रतिनिधिसभा घोषणा २०६३ को आधारभूमिमा संविधानसभाबाट संविधान नबनेसम्म संवैधानिक निरन्तरताका लागि अन्तरिम संविधान जारी गरिएको सन्दर्भमा उल्लेख हुनुपर्ने र यो संविधान प्रतिनिधिसभाबाट जारी गर्ने व्यवस्था गर्ने।'

एमालेले जनमत संग्रह गर्नुपर्ने सुझाव दिन पनि पछि परेको छैन। 'जनआन्दोलनको मुख्य जनादेश लोकतान्त्रिक गणतन्त्र स्थापना भएकाले सो सम्बन्धमा जनमत संकलन गरी

संविधानसभाले सोहीअनुरुपको संविधान निर्माण गर्न जनमतसंग्रह र संविधानसभाको निर्वाचन एकैपटक गर्ने व्यवस्था हुनुपर्ने' एमालेको सुझावमा केका लागि जनमतसंग्रह गर्ने भन्नेसम्म स्पष्ट छैन। पार्टीले लोकतान्त्रिक गणतन्त्रमा जाने निर्णय गरिसकेको र जनादेश पनि लोकतान्त्रिक गणतन्त्रको पक्षमा रहेको निचोड निकालिसकेको एमाले किन राजतन्त्रका बारेमा खुलेर बोल्न चाहिरहेको छैन ?

जनमत संग्रहको पक्षमा नेपाल मजदुर किसान पार्टी पनि छ। तर, उसले भने 'संविधानसभाको निर्वाचनकै बेला एउटा मतपत्रमा राजतन्त्र राख्ने वा हटाउनेबारे जनमत संग्रह गरिनेछ' भनेर प्रस्ट पारेको छ। प्रतिनिधिसभामै आँखामा नबिझाउने राजतन्त्र हुनपर्छ भनेर भाषण गर्ने नेमकिपा अध्यक्ष रोहितले स्पष्टसँग राजतन्त्रको फैसला जनमतसंग्रहले गर्छ भनेको स्थितिमा 'क्रान्तिकारी' एमालेले मोही माग्ने ढुंग्रो लुकाउने काम गरेको देखिन्छ। उता गत पुसको महाधिवेशनबाट 'लोकतन्त्रका लागि राजतन्त्र अपरिहार्य हुन सक्तैन' भनेर आधिकारिक निर्णय गर्ने नेपाली कांग्रेस (प्रजातान्त्रिक) अन्तरिम संविधानमा राखिने अन्तर्वस्तुका बारेमा दिनहुँ छलफल गरिरहेको छ। पार्टीका महामन्त्री विमलेन्द्र निधि आउँदो साता मात्र केन्द्रीय समितिले अन्तरिम संविधानबारे औपचारिक निर्णय गर्ने जानकारी दिन्छन्। निधि भन्छन्, 'संविधान बनाउने कुरा हतारमा गर्ने विषय होइन।' निधि सात दलको एकै खालको सुझावको पक्षमा छन्।

अन्तरिम संसद्का बारेमा कांग्रेस, एमाले र माओवादीमा आधारभूत भिन्नता छन्। कांग्रेस अहिलेकै सांसदहरूसहित माओावादीलाई समेत सहभागी बनाएर अन्तिम संसद् बनाउने पक्षमा छ। कांग्रेसले भनेको छ, 'प्रतिनिधिसभाद्वारा प्रयोग गरिएको सार्वभौमसत्ता र राजकीयसत्ताको निरन्तरता कायम रहने गरी गठन हुने संसद्मा प्रतिनिधिसभाका सदस्यहरू, राष्ट्रियसभाका निर्वाचित सदस्यहरू र राजनीतिक सहमतिको आधारमा थप सदस्यहरू रहनेछन्। सांसद संख्या र निर्वाचन प्रक्रिया राजनीतिक सहमतिको आधारमा निर्धारण हुनेछ।' कांग्रेसले अहिलेसम्म आधिकारिक रूपमा व्यक्त नगरे पनि राष्ट्रियसभाको रिक्त पदहरूमा माओवादीलाई निर्वाचित गराएर उनीहरूको प्रतिनिधित्व गराउनुपर्छ भन्ने सोच बनाएको छ।

एमालेले 'हाल वहालमा रहेको प्रतिनिधिसभालाई प्रतिस्थापन गर्ने अर्को व्यवस्था नभएसम्म यसै प्रतिनिधिसभाले व्यवस्थापिकाको सम्पूर्ण कार्य गर्ने र सात राजनीतिक दल एवं माओवादीबीच भएको सहमतिअनुरुप प्रतिनिधिसभाको विकल्पमा बन्ने वैकल्पिक व्यवस्थाले त्यस उप्रान्त व्यवस्थापिकाको कार्य गर्ने उल्लेख गर्ने बताएर अन्तरिम संसद्बारे आफ्नो धारणा दिन ऊ चुकेको छ।'

माओवादीले भने अन्तरिम व्यवस्थापिकालाई संविधानको एउटा छुट्टै भागका रुपमा प्रस्तुत गर्दै नौवटा बुँदामा सुझाव दिएको छ। बृहत् राजनीतिक सम्मेलनले अन्तरिम व्यवस्थापिकाको निर्माण गर्ने प्रस्ताव माओवादीको छ। माओवादीले अन्तरिम संसद् ३०३ जनाको हुने सुझाएको छ। सात राजनीतिक दल, माओवादी र नागरिक समाजका लागि बराबरी हिस्सा छुट्याएको छ। तर, नागरिक समाजका प्रतिनिधि सात दल र माओवादीले आधा आधा छान्ने प्रस्ताव गरेको छ, जसले गर्दा माओवादीको पल्ला भारी हुने निश्चित छ।

नेमकिपाले संविधानसभाको निर्वाचन नभएसम्मको लागि राजनीतिक दलहरूको प्रतिनिधित्व रहने गरी राष्ट्रिय सल्लाहकार सम्मेलन गठन गर्ने सुझाव दिएको छ। जनआन्दोलनमा सात राजनीतिक दल, माओवादी र नागरिक समाजको सहभागिता र योगदानको आधारमा त्यस्तो सम्मेलन गठन गर्नुपर्ने उसको मत छ। नेमकिपाले १५१ जनाको सल्लाहकारसभा गठन गर्ने भनेको छ र दलहरूको प्रतिनिधित्वका बारेमा पनि स्पष्ट खाका प्रस्तुत गरेको छ। उसले नेपाली कांग्रेस, एमाले, कांग्रेस (प्रजातान्त्रिक)लाई १७, १७ प्रतिशतको हिस्सेदार बनाएको छ भने माओवादीलाई २५ प्रतिशतको हैसियत दिएको छ। आफ्नो पार्टी लगायत जनमोर्चा, संयुक्त वाममोर्चा र सद्भावना (आनन्दीदेवी)लाई ५, ५ प्रतिशतको हैसियत दिएको छ। नागरिक समाजका नाममा नेमकिपाले जम्मा ४ प्रतिशत सिट दिनुपर्ने भनेको छ।

कांग्रेस र माओवादीले दिएका सुझावमा नेपाली सेना र माओवादी सेनाको व्यवस्थापनका विषयमा दुवै पार्टी आ-आफ्ना मान्यतामा स्पष्ट छन्। तर, यी दुई प्रमुख पक्षले आ-आफ्नै पक्षमा अडान लिइरहेको अवस्थामा अहिले देखिएको राजनीतिक

# आरक्षण होइन विशेषाधिकार

■ गोविन्द परियार/काठमाडौं

> 'विशेषाधिकार राजनीतिक सत्ता, शिक्षा, आर्थिक उपार्जनलगायत सम्पूर्ण क्षेत्रमा अधिकारकै रूपमा दिनुपर्छ, दयाको रूपमा होइन।'

**आर्थिक, सामाजिक,** शैक्षिक लगायतका सबै क्षेत्रमा पछाडि परेका दलितहरूको उत्थान र मुक्तिको लागि अन्तरिम संविधानमा आफ्ना अधिकारको ग्यारेन्टी गरिनुपर्ने माग दलितहरूले गरेका छन्। जातीय छुवाछूतको अमानवीय व्यवहार भोग्दै आएका दलितहरूले अन्तरिम संविधानमा जातीय छुवाछूतलाई आधारभूत मानवअधिकार हननको रूपमा व्याख्या गरेर सोहीअनुरूप कारबाहीको प्रावधान राख्नुपर्ने बताएका छन्। विगतमा राज्यको मूलप्रवाहबाट वञ्चित भएकाले राज्य संयन्त्रमा सहभागिता र प्रतिनिधित्वलाई संविधानमै व्यवस्था गरेर दलितहरूको उत्थान र विकास गर्ने संयन्त्र बनाउनुपर्ने सुझाव पनि उनीहरूको छ। यिनै बुँदामा केन्द्रित भएर संविधान मस्यौदा समितिका संयोजक लक्ष्मणप्रसाद अर्यालसमक्ष एक दर्जनभन्दा बढी दलित संघसंस्थाले सुझाव पेस गरेका छन्। सुझावमा दलितहरूको उत्थानको लागि निश्चित समयावधिसम्म दलितलाई राज्यका सबै निकायमा समानुपातिक आरक्षणको व्यवस्था गर्नुपर्ने औंल्याइएको छ।

अधिवक्ता टेक ताम्राकार भन्छन्, 'राजनीतिक अधिकारको नाममा भोट हाल्ने अधिकारले दलित उत्थान हुँदैन। सोसँगै सामाजिक, आर्थिक, शैक्षिक लगायतका अधिकारको सुनिश्चितता अन्तरिम संविधानमा हुनुपर्छ।'

जनआन्दोलनको म्यान्डेटअनुरुप बन्न लागेको अन्तरिम संविधानले सामाजिक, आर्थिक तथा राजनीतिक अधिकारको संरक्षण तथा समावेशी लोकतन्त्रको संस्थागत विकासको लागि रणनीति तयार गर्नुपर्ने सुझाव विज्ञहरूले दिएका छन्। नेपाल दलित मुक्ति मोर्चाका अध्यक्ष तीलक परियार भन्छन्, 'विशेषाधिकार राजनीतिक सत्ता, शिक्षा, आर्थिक उपार्जनलगायत सम्पूर्ण क्षेत्रमा अधिकारकै रूपमा दिनुपर्छ, दयाको रूपमा होइन।'

नेपालको संवैधानिक इतिहासमा नेपाल सरकार वैधानिक कानुन २००४ देखि नेपाल अन्तरिम शासन विधान २००७, नेपाल अधिराज्यको संविधान २०१५, नेपालको संविधान २०१९ र नेपाल अधिराज्यको संविधान २०४७ गरी आजसम्म पाँचपटक संविधान बनेको छ। तर, ती कुनै पनि संविधान मस्यौदा गर्दा दलित समुदायको प्रतिनिधित्व गराइएको थिएन। ऐतिहासिक जनआन्दोलन-२ को सफलतापछि बनेको अन्तरिम संविधान मस्यौदा समितिको समयावधिको अन्तितर मात्र एकजना दलित समुदायका अधिवक्ता मीन विश्वकर्मालाई प्रतिनिधित्व गराइएको छ। यस अर्थमा गुणात्मक हिसाबले अहिले बन्ने अन्तरिम संविधान लोकतान्त्रिक र प्रगतिशील हुने भए पनि यसको निर्माण प्रक्रिया र प्रवृत्तिको हिसाबले दलितहरूका लागि दसवर्षे जनयुद्ध र १९ दिने जनआन्दोलनले कोरेको खाकालाई सम्बोधन गर्ने छाँट नदेखिएको बताउँछन् दलितहरू।

आरक्षणको बारेमा भारतीय मोडललाई हेरेर विरोधाभास आउने गरे पनि वैज्ञानिक किसिमको आरक्षण वा विशेष अधिकारमात्रै दलित उत्थानको

गतिरोधको छायाँ अन्तरिम संविधान निर्माणमा पर्ने निश्चित छ। कांग्रेसले सरकारी सेना र माओवादी सेनाका बारेमा बेग्ला बेग्लै सुझाव दिएको छ। नेपाली सेनाका बारेमा सेना शीर्षकमा, नेपाली सेनाको संगठन समावेशी र राष्ट्रिय स्वरुपको हुने, सेनाको नियन्त्रण, प्रयोग र परिचालन गर्न प्रधानमन्त्रीको अध्यक्षतामा एक राष्ट्रिय सुरक्षापरिषद् रहने, नेपाली सेनाको प्रधान सेनापतिको नियुक्ति मन्त्रिपरिषद्ले गर्ने र सेनासम्बन्धी मन्त्रिपरिषद्को निर्णय एक महिनाभित्र संसद्ले तोकेको व्यवस्था बमोजिम हुने भनेको छ। उता सुरक्षासम्बन्धी विशेष व्यवस्था शीर्षकमा कांग्रेसले अप्रत्यक्ष रूपमा माओवादी सेना र हतियारका बारेमा बोलेको छ। जसमा संविधानसभाको निर्वाचनमा नेपाली सेनाको निष्पक्षता प्रत्याभूति गरिने उल्लेख गर्दै माओवादी सेनालाई लक्षित गरेर भनेको छ, 'यो संविधान जारी हुनुभन्दा अगाडि वा पछाडि कुनै पनि राजनीतिक दल वा संगठनसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्ध राख्ने सैन्य शक्ति र हातहतियार अस्तित्वमा रहनेछैनन्।'

माओवादीले भने बाह्रबुँदे समझदारी र आठबुँदे सहमतिबमोजिम संविधानसभाको निर्वाचन अवधिभरको अन्तरिम कालमा नेपाली सेना र जनमुक्ति सेना दुवै आ-आफ्नो ब्यारेक र क्याम्पमा सीमित गरिनेछन् र तिनको अनुगमन भरपर्दो राष्ट्रिय वा अन्तर्राष्ट्रिय टोलीद्वारा गरिने प्रस्ताव गरेका छन्।

दुवै सेना अन्तरिम व्यवस्थापिका र अन्तरिक सरकारको मातहत हुने, दुवैको परमाधिपति प्रधानमन्त्री हुने, अन्तरिम सुरक्षा व्यवस्था तथा दुवै सेनाको रेखदेख, नियन्त्रण र परिचालनको लागि एक उच्चस्तरीय सैनिक आयोग हुने भनिएको छ। आयोगको गठन सात दल र माओवादीको सहमतिबाट हुने भनिएको छ। संविधानसभाको निर्वाचनका बेला प्रधानमन्त्रीले परिचालन गर्न सक्ने मिलिसियाको व्यवस्था गर्ने पनि उनीहरूको सुझाव छ। संविधानसभाको निर्वाचनपछि दुवै सेनाको पुनर्संरचना गरी राष्ट्रिय सेना निर्माण गर्ने माओवादीको सुझाव छ। माओवादीले 'संविधानसभाको निर्वाचनपछि सोको परिणामको आधारमा आपसी सहमतिले दुवै सेनाको पुनर्संरचना गरी नयाँ राष्ट्रिय सेना निर्माण गरिनेछ' भन्ने प्रस्तावबाट निर्वाचन परिणामको आधारमा सेनामा भाग खोज्ने नीति अघि सारेको छ।

एमालेले सरकारी सेनाका बारेमा सुझाव दिएको छ। तर, माओवादी हतियार र सेनाबारे बोल्न चाहेको छैन। एमालेले भनेको छ, 'नेपाली सेनाको संगठनलाई समावेशी र राष्ट्रिय स्वरूपको बनाउने, नेपाली सेनाको लोकतान्त्रीकरण र आधुनीकरण गर्दै त्यसलाई दक्ष र व्यवसायिक बनाउने, नेपाली सेना प्रतिनिधिसभा वा व्यवस्थापिकाप्रति उत्तरदायी हुने र मन्त्रिपरिषद्को मातहतमा रहने व्यवस्था गर्ने।'

त्यस्तै नेपाली सेनाको नियन्त्रण, प्रयोग र परिचालन गर्न एमालेले मन्त्रिपरिषद्मा एक राष्ट्रिय सुरक्षापरिषद् गठन गर्ने व्यवस्था गर्न पनि भनेको छ। तर, एमालेले माओवादी सेनाका बारेमा बोल्न चाहेको देखिँदैन। एमाले किन माओवादी हतियार र सेनाका बारेमा उम्किएको हो ? के समस्याहरूबाट भागेर प्रमुख राजनीतिक दलको आफ्नो दायित्व पूरा हुन्छ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले साउन १७ मा संविधान मस्यौदा समितिलाई सुझाव दिएको छ। राप्रपाले अन्तरिम संविधान नेपाल अधिराज्यको संविधान २०४७ लाई टेकेर गर्नुपर्ने भनेको छ। राप्रपाले संविधानसभाबाट नयाँ संविधान बन्ने उल्लेख गर्दै राज्यको मूलभूत संरचना लगायत दूरगामी महत्त्वका विषयहरू जनताको निर्णयका लागि छोडिदिनु पर्ने भनेको छ।

राजनीतिक दलहरूले अहिले चर्चामा रहेका नागरिकता, महिलाहरूको सहभागिता, समानुपातिक प्रतिनिधित्व, कतिपयले संघीय संरचनाका बारेमा लचिलो र उदार भएर संविधान मस्यौदा समितिलाई सुझाव दिएका छन्। यी विषयमा खासै मतभिन्नता छैनन्। तर, संविधानसभाको निर्वाचन कसरी गर्ने, माओवादीको सेना र हतियारको व्यवस्थापन कसरी गर्ने, सरकारी सेना लोकतन्त्रप्रति प्रतिबद्ध छ भनेर कसरी त्यसको प्रत्याभूति दिने जस्ता महत्त्वपूर्ण र जल्लाबल्दा राजनीतिक विषयमा कम्तीमा सात दलको एकै मत हुन आवश्यक थियो। दलहरू त्यो जिम्मेवारी निर्वाह गर्नबाट पछि परेका छन्। अब अर्याल समितिले संविधानको मस्यौदा पेस गरिसकेको अवस्थामा दलहरू स्पष्ट भएर प्रस्तुत हुन सकेनन् भने अन्तरिम संविधान कार्यान्वयन हुन सम्भव छैन। त्यसबाट उत्पन्न हुने राजनीतिक गतिरोधको जिम्मेवारी कसले लिने ? ■

एउटै विकल्प भएको विज्ञहरू बताउँछन्। परियार भन्छन्, 'आरक्षण मात्रले दलितभित्रै पनि अभिजात वर्ग जन्माउने भएकाले त्यो चिर्न विश्वदर्शनमै जोडेर विशेषाधिकारको व्यवस्था अन्तरिम संविधानमै गर्नुपर्छ। संविधान मस्यौदा समितिका सदस्य मीन विश्वकर्मा भन्छन्, 'अहिले दलितहरूको प्रमुख आवश्यकता नै आरक्षण हो भने छुवाछूतलाई दण्डित गर्नु पनि जरुरी भएकाले त्यसलाई अन्तरिम संविधानमै राख्नुपर्ने अडानमा म दृढ छु।'

२००७ सालमा चन्द्रबहादुर सार्कीदेखि २०६३ मा चन्द्रबहादुर बयलकोटीसम्मले प्रजातान्त्रिक आन्दोलनमा सहादत प्राप्त गरेर दलितहरूले प्रजातन्त्रप्रतिको प्रतिबद्धता पुष्टि गरेका छन्। परियार भन्छन्, 'विगतका सबै ऐन कानुन र संविधानमा उच्च जातिहरूले विशेषाधिकार लिएर राज्यसत्तामा पकड बनाएका छन्। तसर्थ अब बन्ने संविधानमा दलितहरूले विगतमा भोग्दै आएको राज्यको शोषणको क्षतिपूर्ति सहितको विशेषाधिकारको व्यवस्था अन्तरिम संविधानमा हुनुपर्छ।' अन्तरिम संविधानलगायत संविधानसभाले समेत दलित मुक्तिको खाका कोर्न नसके आफूहरू जातीय मुक्तिको लागि विद्रोह गर्न बाध्य हुने माओवादीको जातीय मोर्चा नेपाल दलित मुक्ति मोर्चाले बताएको छ। मोर्चाका अध्यक्ष परियार भन्छन्, 'दलित मुक्तिका लागि स्पष्ट खाका नयाँ संविधानमा नआए दलित मुक्ति मोर्चाले त्यसविरुद्ध सशस्त्र आन्दोलन गर्नेछ, आफ्नो अधिकारका लागि जातीय विद्रोह गर्ने अधिकार हामीलाई पार्टीले समेत दिएको छ।'

अन्तरिम संविधानमा जातीय विभेदलाई अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानुनविरुद्धको अपराध, राज्यविरुद्धको अपराध र मानवताविरुद्धको अपराधको रूपमा ग्रहण र परिभाषित गरिनुपर्ने तर्क दलितहरू राखेका छन्। वंश, पेसा र जातका आधारमा कुनै पनि नेपाली नागरिकले अर्को नेपाली नागरिकलाई मानवीय तथा सामाजिक जीवनका कुनै पनि क्षेत्रमा छुवाछूत, अस्वीकार, बहिष्कार, प्रतिबन्ध र निषेध गर्न नहुने व्यवस्था २०४७ सालको संविधानले गरेको छ। तैपनि, स्पष्ट रणनीति नभएकोले गर्दा संविधान लागू भएको डेढ दशकसम्म पनि दलितहरूले जातीय छुवाछूतको मार सहनु पर्‍यो। त्यसैले अन्तरिम संविधानमा जातीय छुवाछूतलाई दण्डनीय र कडा कानुनको निर्माण गरी कानुनको प्रभावकारी कार्यान्वयनको प्रत्याभूति गराउनको लागि अनुगमन गर्ने संयन्त्र प्रभावकारी बनाउनु आवश्यक छ। ताम्राकार भन्छन्, 'दलित हक हितका लागि बनेका ऐन कानुनलाई चुस्तरूपमा कार्यन्वयन भए नभएको अनुगमन गर्नको लागि स्वतन्त्र र स्वायत्त संवैधानिक निकायको व्यवस्था अन्तरिम संविधानमा गरिनुपर्छ।' उता दलितहरूको यकिन तथ्यांक स्पष्ट नभएकाले संविधानसभाको निर्वाचनअगाडि नै जातीय आधारमा जनगणनाको साथै आर्थिक तथा मानवीय विकास सूचकांकको किटानी गर्नुपर्ने आवश्यकता पनि उत्तिकै खड्किएको छ। ■

## दलितका सुझाव

- ■ छुवाछूतलाई जघन्य र मानवता विरुद्धको अपराधको रूपमा उल्लेख गरिनुपर्ने।
- ■ जातीय छुवाछूतको मुद्दामा प्रमाणको भार प्रतिवादीले व्होर्ने उल्लेख गरिनुपर्ने।
- ■ राज्यका विभिन्न अन्तरिम निकायका सबै तहमा २० प्रतिशत सिट सुरक्षित गरिनुपर्ने।
- ■ उच्च माध्यमिक तहसम्म निःशुल्क र अनिवार्य शिक्षा लागू गर्नुपर्ने।
- ■ अन्तरिम संसद् बनाएर २० प्रतिशत दलितहरूको प्रतिनिधित्व गराउनुपर्ने।
- ■ अर्धन्यायिक अधिकारसहितको अधिकारसम्पन्न दलित आयोग गठन गर्नुपर्ने।
- ■ छुवाछूत गर्नेलाई ६ महिनादेखि १० वर्ष कैद र ५० हजारदेखि ५ लाख रुपैयाँ जरिवाना गरिनुपर्ने।
- ■ निःशुल्क स्वास्थ्योपचारको व्यवस्था गरिनुपर्ने।
- ■ क्रान्तिकारी भूमिसुधार लागू गरी दलितहरूलाई निःशुल्क जग्गा उपलब्ध गराउनुपर्ने।

# अडान आ–आफ्नै

■ सुवास देवकोटा/काठमाडौं

**माओवादी सेनालाई हतियारबाट अलग राखेर (डिकमिसनिङ) हतियार व्यवस्थापन गर्नुपर्ने धारणा परिवर्तन गरेर सरकारले शीर्ष वार्ताका क्रममा माओवादी सेनाको हतियार संयुक्त राष्ट्रसंघको निगरानीमा गिन्ती र सुरक्षित संग्रह (डिपोजिटिङ) गरिने नयाँ धारणा प्रस्तुत गरे पनि माओवादी भने दुवै सेनाको व्यवस्थापन एउटै तरिकाले गर्नुपर्ने अडानमा अडिग छ ।**




समय

**गत साता** नेपाल आएको संयुक्त राष्ट्रसंघीय टोलीलाई सेना र हतियारबारे एकीकृत धारणा दिने सरकार र माओवादीको प्रयास असफल भएको छ । साउन १७ गते प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र माओवादी अध्यक्ष प्रचण्डबीच प्रधानमन्त्रीनिवास बालुवाटारमा भएको डेढ घन्टा लामो वार्ता एकीकृत धारणा बनाउन असफल भएपछि राष्ट्रसंघीय टोली सरकार र माओवादीका फरक फरक धारणा लिएर १८ गते राष्ट्रसंघीय मुख्यालय न्युयोर्क फर्केको छ ।

गत साता नेपाल आएको राष्ट्रसंघीय टोलीका प्रमुख स्टेफन डी मिस्टुराँले सरकार र माओवादीलाई हतियार व्यवस्थापनबारे आफू नेपालमा रहँदै एकीकृत धारणा बनाउन आग्रह गरेका थिए । राष्ट्रसंघीय टोलीले भनेको समयमा एकीकृत धारणा दिन नसके पनि सरकार र माओवादी दुवै पक्षले छिटै एकीकृत निष्कर्षमा पुग्ने र राष्ट्रसंघलाई पत्रमार्फत आफूबीच सहमति भएको जानकारी दिनसकिने बताउन भने छाडेनन् । माओवादी वार्ताटोली प्रमुख कृष्णबहादुर महराले साउन १७ गते साँझ *समय*सँग भने, 'वार्ता सकारात्मक दिशामा बढ्दै छ, सहमतिमा पुग्ने सम्भावना छँदैछ । सहमति बन्नासाथ त्यसको जानकारी राष्ट्रसंघलाई पठाइनेछ ।' सरकारी वार्ताटोलीका सदस्य तथा पर्यटनमन्त्री प्रदीप ज्ञवालीले पनि पत्रमार्फत नै सरकार र माओवादीको एकीकृत धारणा राष्ट्रसंघलाई पठाउँदा फरक नपर्ने बताए ।

संचारकर्मीहरूलाई जानकारी नदिई भएको साउन १७ गतेको वार्तामा दुवै पक्ष आ-आफ्नै अडानमा देखिएका थिए । गृहमन्त्री कृष्णप्रसाद सिटौला र नेपाली कांग्रेस केन्द्रीय सदस्य शेखर कोइरालासँग रहेका प्रधानमन्त्री कोइरालाले वार्तामा आफ्नो पुरानो धारणा केही नयाँ रूपमा राखे- माओवादी सेनाको हतियार राष्ट्रसंघको निगरानीमा गिन्ती र सुरक्षित संग्रह (डिपोजिटिङ) गरिने । यसअघि प्रधानमन्त्री कोइरालाले माओवादी सेनालाई हतियारबाट अलग गरिने (डिकमिसनिङ) बताउँदै आएका थिए र संयुक्त राष्ट्रसंघलाई सरकारले पठाएको पत्रमा पनि 'डिकमिसनिङ' उल्लेख थियो । वार्तामा प्रधानमन्त्री कोइरालाले प्रचण्डलाई हतियारको 'व्यवस्थापन' नभई माओवादी सम्मिलित अन्तरिम सरकार गठन गर्न अन्तर्राष्ट्रिय समुदायको दबाबका कारण नसकिने पनि बताएका थिए । हतियार व्यवस्थापनपछि मात्र



**नेपालबाट फर्किएको स्टेफन डी मिस्टुराँको नेतृत्वको राष्ट्रसंघीय टोलीले यहाँको वस्तुस्थितिको रिपोर्ट महासचिव कोफी अन्नानलाई दिनेछ । हतियार व्यवस्थापन र शान्ति प्रक्रियाबारे सरकार र माओवादीको संयुक्त धारणा बनेमा त्यसलाई कसरी सघाउन सकिन्छ भन्ने सोच लिएर राष्ट्रसंघको अर्को टोली छिटै नेपाल आउनेछ ।**

राजनीतिक विषयमा प्रवेश गर्न सहज हुने प्रधानमन्त्री कोइरालाको तर्क थियो ।

माओवादी अध्यक्ष प्रचण्डले भने साउन १७ गतेको वार्तामा पनि पुरानै धारणा दोहोऱ्याउँदै असार २ गतेको आठबुँदे सहमतिअनुसार सबै विषयलाई 'प्याकेज'मा समाधान गर्नुपर्ने उल्लेख गरेका थिए । अन्तरिम विधान, प्रतिनिधिसभा विघटन, अन्तरिम विधायिकाको निर्माण र अन्तरिम सरकार गठनलाई हतियार व्यवस्थापनसँग अलग्याउन नहुने उनको विचार थियो । सेना र हतियार व्यवस्थापनबारे पनि वार्तामा प्रचण्डले पुरानो धारणाभन्दा फरक कुरा राखेनन् । संविधानसभाको निर्वाचनअघि आफ्नो जनमुक्ति सेना नेपाली सेना जसरी नै 'क्याम्प'मा बस्ने र संयुक्त राष्ट्रसंघले त्यसको अनुगमन गर्ने उनले बताएका थिए । वार्तापछि *समय*सँग कुरा गर्दै माओवादी वार्तटोली प्रमुख महराले भने, 'जे गरे पनि दुवै सेनालाई उही व्यवहार हुनुपर्छ, हाम्रो सेना र सरकारी सेनालाई फरक व्यवहार हामी स्विकार्दैनौं ।'

हतियार व्यवस्थापनलगायतका राजनीतिक विषयहरूमा सरकार र माओवादी संयुक्त निष्कर्षमा पुग्न नसके पनि वार्ता प्रक्रिया सुरु भएकोमा भने दुवै पक्ष आशावादी देखिएका छन् । साउन ५ हुने भनिएको शीर्ष वार्ता अकस्मात् रोकिएपछि वार्ता अघि बढ्न सकेको थिएन । सरकारले संयुक्त राष्ट्रसंघलाई पठाएको पत्रप्रति माओवादी अध्यक्ष प्रचण्डले तीव्र असहमति प्रकट गर्दै पत्र पठाएपछि दुईपक्षबीच कटुता बढेको महसुस गरिएको थियो र राष्ट्रसंघीय टोलीले नेपालमा एक साता बिताउँदा पनि सरकार र माओवादीबीच छलफल र वार्ता सुरु हुने संकेत देखिएको थिएन । तर, साउन १७ गते दिउँसो अन्तरिम संविधान मस्यौदा समितिमा माओवादी वार्ताटोलीसँगको छलफलपछि गृहमन्त्री तथा सरकारी वार्ताटोली प्रमुख सिटौलाले साउन १८ गतेसम्म हतियार व्यवस्थापनबारे सरकार र माओवादीको संयुक्त धारणा आउने उल्लेख गरेर सहमतिको प्रयास भइरहेको संकेत दिएका थिए । एक साता लामो प्रयासपछि प्रधानमन्त्री कोइरालालाई भेट्न सफल भएकोतर्फ संकेत गर्दै माओवादी वार्ताटोली प्रमुख महराले भने, 'अहिले नै कुनै निष्कर्षमा नपुगे पनि वार्ता सकारात्मक रहेको भने पक्कै हो ।'

सरकारको धारणाविपरीत साउन २ गते गठित सात दलको कार्यदलले भने सरकारी सेनालाई ब्यारेक र माओवादी सेनालाई क्याम्पमा राख्ने र त्यसको निगरानी संयुक्त राष्ट्रसंघले गर्ने निर्णय गरेको छ । कार्यदलका सदस्य तथा नेपाली कांग्रेस केन्द्रीय सदस्य अर्जुननरसिंह केसी भन्छन्, 'संविधानसभाको निर्वाचनलाई हतियारबाट प्रभावित हुन नदिन दुवै सेनालाई ब्यारेक बाहिर आउन नदिने निर्णय हो, हाम्रो । तर, कसरी व्यवस्थापन हुनसक्छ भन्ने विस्तृत निर्णय भने अझै भएको छैन ।' सात दलमा जनमोर्चा, वाममोर्चा र सद्भावना आनन्ददेवी दुवै सेनालाई फरक व्यवहार गर्ने पक्षमा छैनन् भने नेमकिपाले पनि माओवादी सेनालाई हतियारबाट अलग्याउने धारणा सात दलको बैठकमा राख्ने गरेको छैन । नेपाली कांग्रेस, नेपाली कांग्रेस (प्रजातान्त्रिक) र एमालेले सरकारले संयुक्त राष्ट्रसंघलाई पठाएको पत्रअनुसार नै माओवादी सेनाबारे आफ्नो धारणा राख्दैआएका छन् ।

माओवादी हतियार र सेनाबारे नेपालको वस्तुस्थिति बुझ्न आएको राष्ट्रसंघीय टोलीको धारणा पनि सरकारको भन्दा फरक थिएन । नेपालको एक साता बसाइमा सरकारका प्रधानमन्त्री, उपप्रधानमन्त्रीहरू, मन्त्रीहरू, माओवादी नेता, राजनीतिक दलका नेता, नेपाली सेना र माओवादी सेनाका कमान्डरहरूसँग भेटेको टोलीले सरकारी र माओवादी सेनालाई एउटै व्यवहार गर्न नमिल्ने बताएको थियो । नेपाल बसाइको अन्तिममा मध्यपश्चिममा नेपाली सेना र माओवादी सेनाका ब्यारेक भ्रमण गरेको उक्त टोलीले माओवादी सेनालाई हतियारबाट अलग गर्नुपर्ने धारणा नै राखेको थियो । तर, टोलीले नेपाल सरकार र माओवादीबीचको सहमति नै राष्ट्रसंघको आगामी भूमिकाका निम्ति मार्गदर्शक हुने उल्लेख गरेर आफ्नो धारणा नलाद्ने संकेत दिएको थियो ।

स्रोतहरूका अनुसार नेपालबाट फर्किएको राष्ट्रसंघीय टोलीले यहाँको वस्तुस्थितिको रिपोर्ट महासचिव कोफी अन्नानलाई दिनेछ । हतियार व्यवस्थापन र शान्ति प्रक्रियाबारे सरकार र माओवादीको संयुक्त धारणा बनेमा त्यसलाई कसरी सघाउन सकिन्छ भन्ने सोच लिएर राष्ट्रसंघको अर्को टोली छिटै नेपाल आउनेछ । सरकार र माओवादीले त्यसबारे संयुक्त सोच बनाउन नसकेमा राष्ट्रसंघको आगामी भूमिका निश्चित नहुने पनि स्रोत बताउँछ । ■










# पुरानै चाला

**सरकारी संस्थानमा गरिएका नियुक्तिमा दाताले समेत औंला ठड्याउन थालेपछि विभिन्न समयमा पद्धति बसाल्न खोजिए पनि त्यस्तो शुद्धीकरण अभियान सफल हुन सकेको छैन। एडिबी र विश्व बैंकले 'संस्थानको पद लिलामी' रोक भनेपछि सरकार गम्भीर भए पनि व्यवहारमा उत्रन सकेको छैन।**

■ **किरण भण्डारी/काठमाडौं**

**कुनै पनि समस्यालाई छल्न** आयोग गठन गर्ने वर्षौंदेखिको प्रवृत्तिलाई लोकतान्त्रिक सरकारले पनि निरन्तरता दिन लागेको छ। अर्थ मन्त्रालय स्रोतका अनुसार उत्पादन, वित्तीय, सेवा र निर्माणसम्बन्धी संस्थानहरूको सुधार गर्न आवश्यक सुझाव पेस गर्ने नाममा आयोग बनाउने गृहकार्य अन्तिम चरणमा पुगेको छ।

सार्वजनिक संस्थान र विकास समितिहरूको सुधारबारे विगतमा लाखौं खर्चेर बनेका प्रतिवेदन थन्क्याएर फेरि आयोग बनाएर औपचारिकता निर्वाह गर्ने चालबाजी हुन लागेको छ। जनआन्दोलनबाट स्थापित सरकारले बाह्रवर्षे कालका यस्ता विकृतिको निरन्तरताले राजनीतिक व्यवस्था फेरि बदनाम हुनेमा दलहरू सचेत देखिएका छैनन्।

मन्त्रिपरिषद्ले दुई महिनायता राजनीतिक नियुक्ति गर्दा अपनाएको प्रक्रिया र अधिकांश नियुक्त व्यक्तिहरूको विगतलाई हेर्दा संस्थानलाई भर्ती केन्द्र मान्ने सोचमा परिवर्तन आएको देखिँदैन। संस्थानलाई यही शैलीमा संचालन गर्ने हो भने साढे तीन वर्ष लामो आन्दोलनपछि सुशासनको अपेक्षालाई सरकारले बेवास्ता गरेको आरोप लाग्नेछ।

कुनै पनि संस्थालाई त्यसको घोषित उद्देश्य पूर्तिका लागि सही मार्गमा हिँडाउने प्रमुख जिम्मेवारी त्यसको कार्यकारी प्रमुखको हुन्छ। सार्वजनिक संस्थानको कार्यकारी प्रमुख पदमा व्यवसायिक चरित्रका व्यक्ति नियुक्त नगरी सुधारको रट लगाउनु परस्पर विरोधाभासपूर्ण चरित्र हुन्। टाट उल्टने अवस्थामा पुगेका संस्थानहरूलाई जोगाउने हो भने अर्को आयोगको स्वाङ रच्नुभन्दा उच्च नियुक्तिमा व्यवसायिक व्यक्तिहरूको चयन गरेर सुधारको श्रीगणेश गर्नुपर्छ।

३६ वटा संस्थानको स्वामित्व रहेको डेढ खर्बभन्दा बढीको सम्पत्ति र ती संस्थानका अर्बौंको कारोवार संचालन गर्ने प्रमुख अधिकारीहरूको नियुक्ति विधिसम्मत नभएसम्म संस्थानको हविगतमा रत्तिभर सुधार नआउने दाबी विज्ञहरूको छ। व्यवस्थापकका लागि लायक योग्यता भएको व्यक्तिलाई नियुक्तिसँगै आपसी समझदारीमा काम र लक्ष्य निर्धारण गरिदिनु पनि उत्तिकै अपरिहार्य छ, जानकारहरूको विचारमा।

'संस्थानको नेतृत्व दिने व्यक्ति सक्षम हुनुपर्छ', पूर्व मुख्य सचिव डा. विमलप्रसाद कोइराला भन्छन्, 'सक्षम र सबल नेतृत्वले मात्र अपेक्षित विकास र प्रगति गर्न सक्छ।' व्यक्तिको सक्षमता प्रमाणित गर्ने आधार खोजी गरेर मात्र सरकारले नियुक्ति गर्नुपर्नेमा त्यसो हुन नसकेकाले कार्यकारी प्रमुखहरूको जवाफदेहिता कोप्रति हो भन्ने समेत निर्क्योल हुन सकेको छैन।

निश्चित विधिबाट छानिएको कार्यकारी प्रमुखसँग कार्यसम्पादन करार गरी नियुक्ति गर्नुपर्ने सिद्धान्त सरकारले अवलम्बन गरे पनि त्यो प्रभावकारी रुपमा लागू हुन सकेको थिएन। विगतमा छिटफुट लागू हुँदा पनि करारबाट नियुक्त पदाधिकारी प्रतिबद्धताअनुरूपको प्रतिफल प्राप्त गर्न सफल भएकाले दृष्टान्तले पनि नियुक्तिमा शुद्धीकरणलाई जोड दिएको छ। निश्चित प्रक्रिया पार गरी आएका कार्यकारी प्रमुखहरूमा जवाफदेहिताको भावनासमेत देखिएको मूल्यांकन कोइरालाको छ।

संस्थान र अन्य सरकारी नियुक्तिमा दाताले समेत औंला ठड्याउन थालेपछि विभिन्न समयमा पद्धति बसाल्न खोजिए पनि त्यस्तो शुद्धीकरण अभियान सफल हुन सकेको छैन। एसियाली विकास बैंक र विश्व बैंकले 'संस्थानको पद लिलामी' रोक भनेपछि सरकार गम्भीर भए पनि व्यवहारमा उत्रन सकेको छैन। बदलिँदो परिस्थितिमा संस्थानको संस्थागत सुदृढीकरणमा जानुपर्नेमा हचुवाको तालमा जथाभावी नियुक्ति गरिएकाले व्यवस्थापन क्षेत्रका विज्ञहरूको मन मरेको छ।

२०५९ सालमा शेरबहादुर देउवा सरकारले संस्थानलगायतका सरकारी स्वामित्वका निकायमा बढुवा, नियुक्ति, सरुवा गर्दा अपनाइने कार्यविधि नै तर्जुमा गरेको थियो। असोज १८ को शाही प्रतिगमनबाट आएको लोकेन्द्रबहादुर चन्द सरकारले समेत आंशिकरूपमा त्यो मापदण्ड लागू गर्‍यो।



तस्वीरहरू : तेजबहादुर बस्नेत

तर चन्दको उत्तराधिकारी सूर्यबहादुर थापा सरकारले सरकारलाई उपयुक्त लागेको उम्मेदवारको योग्यता परीक्षण गर्नु नपर्ने भन्दै नागेन्द्र थापालाई उच्च माध्यमिक शिक्षा परिषद् र गोपाल रायमाझीलाई स्टाफ कलेज प्रमुखमा नियुक्त गरेपछि जग बस्ने क्रममा रहेको प्रणाली भताभुंग भएको थियो ।

लोकतन्त्र स्थापनापश्चात् उद्योग, संचार, अर्थ, जलस्रोत, भौतिक योजना मन्त्रालयअन्तर्गत नियुक्ति भएका छन् । उदयपुर सिमेन्ट कारखानामा तेजकान्त झा, जनकपुर चुरोट कारखाना श्यामकुमार महतो, आयल निगम विश्वनाथ गोयल, औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड कौशलनाथ भट्टराई, कृषि विकास बैंक योगेश्वर पन्तको नियुक्तिविरुद्ध विभिन्न किसिमका टीका टिप्पणी भइरहेको छ । विगतमा विभिन्न संस्थानमा रहँदा ती अधिकारीहरूको शंकास्पद आर्थिक क्रियाकलापले नियुक्तिमाथि विभिन्न कोणबाट प्रश्नचिन्ह लागेको छ ।

कृषि विकास बैंकका महाप्रबन्धक बनेका पन्त उपमहाप्रबन्धक रहँदा भक्तपुरमा कीर्ते ऋणी खडा गरी २० लाख रुपैयाँ लगानी गरेको काण्डमा मुछिएका व्यक्ति हुन् । अर्का नवनियुक्त महाप्रबन्धक भट्टराई यसअघि खानेपानी संस्थानमा थिए । उनलाई त्यहाँका कर्मचारीहरू 'संस्थान डुबाउने जिएम' भन्न रुचाउँछन् ।

राजनीतिक सम्बन्धलाई एकमात्र योग्यता बनाएर संस्थानमा नियुक्त हुने परिपाटी सुधार्न बनेका प्रतिवेदन रद्दीको टोकरीमा फालिएका छन् ।

सार्वजनिक निकाय तथा संस्थान सुधारको एजेन्डासहित प्रजातन्त्रकालको उत्तरार्धमा दुई चर्चित आयोग बनेका थिए- सार्वजनिक खर्च पुनरावलोकन आयोग र संस्थान सुधार आयोग । दुवै आयोगको सुझाव सार्वजनिक क्षेत्र सुधारको प्रस्थान विन्दु सम्बन्धित निकायको प्रमुख र संचालकमा व्यवसायिक व्यक्ति नियुक्त गर्ने परिपाटी विकास गर्नु थियो ।

संस्थान सुधार आयोगले कुनै पनि संस्था प्रमुखको नियुक्ति प्रक्रिया थाल्नुअघि विशेषज्ञ समितिबाट आवश्यक योग्यताको पूर्व निर्धारण, योग्यताअनुसारका तीनजनालाई मुख्य उम्मेदवार र सरकारले तीमध्ये एकलाई नियुक्त गर्नुपर्छ भन्ने सुझाव दिएको थियो । आयोगका संयोजक डा. शंकर शर्माका अनुसार संस्थानको उक्त सुझावलाई मन्त्रिपरिषद्ले हु-बहु पारित गरेर कार्यान्वयनका लागि सबै मन्त्रालयमा पठाएको पनि थियो । 'तर किन हो लागू हुन सकेन', पाँच वर्षअघिको प्रयास स्मरण गर्दै शर्मा भन्छन्, 'अहिले पनि उक्त प्रतिवेदन कार्यान्वयन गर्ने हो भने संस्थानहरूमा व्यापक सुधार आउँछ ।'

सार्वजनिक क्षेत्र सुधारसम्बन्धी दुवै प्रतिवेदन तयार हुँदा डा. रामशरण महत नै अर्थमन्त्री थिए । असोज १८ पछिको थापा सरकारका अर्थमन्त्री प्रकाशचन्द्र लोहनी बाहेकले आफू मातहतका संस्थानमा नियुक्त गर्दा कार्यविधिको औपचारिकता समेत पूरा गरेका छैनन् ।

कार्यविधिलाई अहिले पनि सरकारले खारेज गरेको छैन । तर, यसलाई कार्यान्वयन गर्नेतर्फ कसैले चासो पनि दिएको छैन । यस्तो मापदण्ड लागू गराउन मुख्य सचिवले पनि महत्त्वपूर्ण भूमिका खेल्नुपर्नेमा निवर्तमान मुख्य सचिव मुकुन्द पौडेल पनि उदासीन रहेको आरोप छ ।

मन्त्रिपरिषद्बाट संस्थानका कार्यकारी प्रमुख कुन विधिअनुसार नियुक्त हुन्छन् त ? 'सम्बन्धित मन्त्रीले नाम तोकेर ल्याएको प्रस्ताव अनुमोदन गर्ने काम मात्र मन्त्रीपरिषद्बाट हुन्छ', प्रधानमन्त्री कार्यालय तथा मन्त्रिपरिषद् सचिवालयका प्रवक्ता पुरुषोत्तम ओझा भन्छन्, 'संस्थानहरूमा नियुक्तिसम्बन्धी कार्यविधि भए पनि त्यसको अनुसरण गरिएको पाइएन ।' कार्यकारी आदेशबाट बनेका विधिहरू सरकारले चाहेमा बदल्न सक्ने जानकारी पनि ओझाले दिएका छन् ।

कार्यान्वयन हुन नसकेको तर अस्तित्वमा रहेको कार्यविधिमा नियुक्तिका लागि योग्यता पुगेका उम्मेदवारले संस्थानलाई कसरी डोर्‍याउने भन्ने प्रस्ताव पेस गर्नुपर्ने व्यवस्था छ । प्रस्ताव मूल्यांकन गर्न लोकसेवा आयोगको सदस्य संयोजक, मुख्य सचिव र सम्बन्धित मन्त्रालयको सचिव सदस्य रहेको समिति रहनेछ । समितिले वस्तुगत आधारमा अंक गणना गरी सिफारिस गरेका तीनजनामध्येबाट मन्त्रिपरिषद्ले नियुक्त गर्नेछ । कार्यकारी पदमा सात वर्षको अनुभवी प्राविधिक शिक्षा लिएको भए स्नातक र अप्राविधिकका हकमा स्नातकोत्तरलाई न्यूनतम योग्यता राखिएको छ ।

सार्वजनिक संस्थानको नीति निर्माणको लागि अर्थ मन्त्रालय सम्बन्धित मन्त्रालयहरूमा संस्थान महाशाखा भए पनि नियुक्तिलगायत यावत् विषयमा तिनीहरूको खासै भूमिका छैन । मन्त्रीसँगको सम्बन्धले गर्दा संस्थान प्रमुखले मन्त्रालयको कर्मचारीतन्त्रलाई अटेरी गर्ने हुँदा आधारभूत नीति निर्माणमा समेत मन्त्रालयहरू जुझारु देखिँदैनन् । मन्त्रीसँग सम्पर्कका आधारमा नियुक्त हुने परिपाटीले गर्दा कार्यकारी प्रमुखहरूले मन्त्रालयप्रति न्यूनतम चासो समेत नदेखाएका दृष्टान्तहरू अधिक छन् ।

डा. शर्माका अनुसार मन्त्रालयमा सम्पर्क नराख्ने र प्रगति प्रतिवेदनसमेत नबुझाउने चलन हावी हुँदै गएको छ । मन्त्रालयप्रति उदासीनताका कारण संस्थानहरूमा जथाभावी कर्मचारी भर्ना, आर्थिक अनुशासनहीनता र जवाफदेहीपनको अभाव देखिएको उनको विश्लेषण छ ।

## एमालेको दोहोरो चरित्र

संस्थानको नियुक्तिलाई प्रभावकारी बनाउन २०५१/५२ सालमा एमाले अल्पमत सरकारका उद्योग राज्यमन्त्री हरिप्रसाद पाण्डेले उल्लेखनीय पहल गरेका थिए । तत्कालीन उद्योग सचिव डा. भोलानाथ चालिसे र सहसचिव विमलप्रसाद कोइरालाको सक्रियतामा तयार भएको नमुना अनुमोदन गरी पाण्डे संस्थान सुधार पथमा लम्किएका थिए ।

महाप्रबन्धक पदका लागि त्यति बेला गोरखापत्रमा विज्ञापन आएको थियो । सूचीकृत भएका उम्मेदवारहरूले संस्थान संचालनको योजनाबारे प्रस्ताव पेस गरेपछि त्यसको विशेषज्ञ समितिबाट जाँच गरिएको थियो । हिमालय शमशेरको अध्यक्षतामा बनेको समितिमा कुशल व्यवस्थापकमा दर्ज भएका पूर्व मुख्य सचिव दामोदरप्रसाद गौतम, अजितनारायणसिंह थापा र डा. राजेन्द्र सुवाल सदस्य थिए । विशेषज्ञ समितिले सिफारिस गरेमध्येबाट सरकारले उद्योगअन्तर्गतका १६ संस्थानमा महाप्रबन्धक नियुक्त गरेको थियो ।

तटस्थता र व्यवसायिकता प्रदर्शन गर्न सुरु भएको प्रशंसनीय कदममा एमाले नेता झलनाथ खनाल प्रमुख रहेको राज्य व्यवस्था समितिको चलखेलले ढुंगा लागेको थियो । उक्त समिति नौमहिने शासनकालमा नियुक्ति, सरुवा र बढुवामा सरकारलाई निर्देशन गर्न खडा गरिएको थियो ।

योग्यताका आधारमा महाप्रबन्धक नियुक्त गर्ने प्रशंसनीय निर्णय त्यति बेलादेखि ढोडमा परिवर्तन भयो जब पार्टी नेतालाई नै ती संस्थानहरूमा अध्यक्ष तोक्न थालियो ।

महाप्रबन्धक रबर छाप र अध्यक्ष सर्वेसर्वा भए । केही संस्थानमा अध्यक्ष र महाप्रबन्धकबीच गम्भीर मतभेद भएकाले सबै काम अवरुद्ध भयो । अध्यक्ष तोकिएका नेताहरूमा जनकपुर चुरोट कारखाना पदमप्रसाद पाण्डे, उदयपुर सिमेन्ट कारखाना रघुवीर महासेठ, वीरगन्ज चिनी कारखाना बलराम बास्कोटा केही उदाहरणीय नाम हुन् । उनीहरूजस्तै केन्द्रीय वा केन्द्रीय हैसियतका नेता संस्थानमा अध्यक्ष तोकिएका थिए ।

## बेखबर मन्त्रिपरिषद् सचिवालय

प्रधानमन्त्रीय शासनप्रणाली अवलम्बन गरेको नेपालको प्रधानमन्त्रीको कार्यालय तथा मन्त्रिपरिषद् सचिवालय आफ्नो क्षेत्राधिकारको आधारभूत सूचनाबाट समेत वञ्चित छ । मन्त्रिपरिषद्ले नियुक्त गर्नुपर्ने सार्वजनिक संस्थानमा कति पदमा को को नियुक्त भए ? कुन कुन संस्थानमा के के पद रिक्त छ ? विकास समितिहरूमा पदपूर्तिको अवस्था के छ ? भन्ने जस्ता सतही सूचनासमेत उपलब्ध गराउन सक्ने अवस्थामा सचिवालय छैन ।

लोकतन्त्र स्थापनापछि वैशाख ११ गतेयता कति पदमा राजनीतिक नियुक्ति भए भन्ने प्रश्नमा प्रवक्ता पुरुषोत्तम ओझा भन्छन्, 'सम्बन्धित मन्त्रालयको प्रस्तावमा निर्णय मात्र गर्ने हुँदा हामीसँग एकमुष्ट रेकर्ड छैन ।' सम्बन्धित मन्त्रालयले नियुक्तिको बोधार्थ दिएपछि मात्र मन्त्रिपरिषद्लाई जानकारी हुने ओझाले बताए । ■


रुक्माङ्गत कटवाल


बालानन्द शर्मा



# अब को ?

**सेनाभित्रको मापदण्ड र प्रचलनलाई यसपालि उसैगरी अनुसरण गर्ने हो भने बिदा बसेका थापाको ठाउँमा एक महिनाअघि अर्थात् साउन २५ गते नै वरिष्ठ तीनतारे जर्नेललाई कायम मुकायम मुकरर गरिन्छ। सेनाका पूर्व र वहालवाला एकथरि अधिकारीहरु सेनाको 'चेन अफ कमान्ड' भत्काउन नदिन पनि कटवाललाई नै प्रधानसेनापति दिनुपर्ने पक्षमा छन्।**

■ **किरण भण्डारी/काठमाडौं**

**सेना-प्रहरी,** सेना-रायमाझी आयोग र सेना-सर्वसाधारणबीच केही दिनदेखि बढ्दै गएको टकराव विस्तारै मत्थर भएको छ। रायमाझी आयोगमा नेपाली सेना प्रमुख र उच्च अधिकृतहरू वयान दिन नगएपछि सेनाविरुद्ध उब्जिएका आक्रोश प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले आफूले दोष बोकेर ढाकछोप गरेपछि विरोधको स्वर दबेको छ। प्रधानमन्त्री कोइरालाले प्रधानसेनापति आफ्नो आदेशमा पोखरा गएको भन्ने भनाइ सार्वजनिक गरे पनि यसको सत्यता भने अझै रहस्यको गर्भमै छ।

१५ गते बिहान रक्षा सचिव विष्णुदत्त उप्रेतीसँग प्रधानसेनापतिको पोखरा भ्रमणबारे आफ्नै निवासमा जानकारी लिएका कोइरालाले लगत्तै भएको पार्टी बैठकमा आफूले पोखरा पठाएको भन्दै सेनाको विषय ढाकछोप गरेका छन्। कोइरालाको सेनाप्रतिको असन्तुष्टि रक्षा मन्त्रालयको निर्देशनमार्फत १७ गते प्रकट भएको छ।

उत्ताउलो सेनालाई कारबाहीको सट्टा बुई चढाउने काम भयो भन्दै आलोचना भइरहँदा प्रधानमन्त्री कोइरालाले पाँचबुँदे निर्देशनमार्फत सेना नागरिक सरकारको मातहतमा छ भन्ने सन्देश एकपटक फेरि स्मरण गराइदिएका छन्।

रायमाझी आयोगले डाकेको पहिलो तिथिमा प्रधानसेनापति प्यारजंग थापा अनुपस्थित भएपछि सुरु भएको चर्चा विस्तारै सेलाए पनि भावी नेतृत्वको विषयलाई लिएर सेनामाथि सबैको नजर पुनः एकपटक तानिएको छ। भदौ २५ गते रिक्त हुन लागेको प्रधान सेनापतिको पदको आसन कसले हात पार्ला भनेर सेना सबैको चासोको विषय बनेको हो।

ऐतिहासिक जनआन्दोलनविरुद्ध परिचालित सुरक्षाकर्मीमध्ये बाँकी तीन फोर्सका कमान्डर निलम्बनमा परे पनि सेनामाथि रायमाझी आयोगले समेत कुनै धब्बा लगाएको छैन। यस्तो उन्मुक्ति प्राप्त संस्थाको प्रमुखमा यसपालि के आधारमा निर्णय होला भन्ने सबैको प्रतीक्षाको विषय बनेको छ। शाही नेपाली सेनाबाट नेपाली सेना नामांकृत सेनालाई व्यक्तिको सेवकबाट जनताको रक्षकमा रुपान्तरण गर्नुपर्ने चुनौती भावी नेतृत्वको काँधमा छ।

लोकतन्त्रको संस्थागत विकासका लागि सेनाको भूमिका, आकार र अधिकार परिभाषित हुनु जरुरी भएका बेला स्वभाविक रूपमा त्यसको कमान्डर कसलाई बनाइन्छ भन्ने विषय चासोको हुन्छ।

विगतका वर्षहरुको अभ्यासलाई हेर्ने हो भने प्रधानसेनापतिले अवकाश लिनुभन्दा एक महिनाअघि नै बिदामा बस्ने चलन छ। त्यो थिति यो पालि पनि यथावत् रहने हो भने साउन २५ गतेदेखि सेनाको नेतृत्व नयाँ कमान्डरको मातहत रहनेछ।

सेनाभित्रको मापदण्ड र प्रचलनलाई यसपालि उसैगरी अनुसरण गर्ने हो भने बिदा बसेका थापाको ठाउँमा एक महिनाअघि अर्थात् साउन २५ गते नै वरिष्ठ तीनतारे जर्नेललाई कायम मुकायम मुकरर गरिन्छ। सेनाका पूर्व र वहालवाला एकथरि अधिकारीहरु सेनाको 'चेन अफ कमान्ड' भत्काउन नदिन पनि तीन तारे जर्नेल रुक्माङ्गत कटवाललाई नै प्रधानसेनापति दिनुपर्ने पक्षमा छन्।

जनपद र सशस्त्र प्रहरीमा जस्तो असन्तोष र द्विविधाको अवस्था आउन नदिन सरकारले साउन २५ गतेअघि नै तयारी पूरा गरेर कटवाललाई कायममुकायम दिनुपर्ने त्यो समूहको तर्क छ।

अहिलेसम्म सबैभन्दा सशक्त उम्मेदवार देखिएका कटवालको कमजोरी पक्ष भनेको जनआन्दोलन ताका अपरेसनमा उनको नेतृत्वदायी भूमिकालाई लिइएको छ। ओखलढुंगाको विकट गाउँमा जन्मेका साधारण जनताका छोरा सेनाको सर्वोच्च स्थान पुग्ने सम्भावनालाई कटवालको सकारात्मक पक्ष मानिएको छ। तर, स्कुले शिक्षासमेत राजा महेन्द्रले काठमाडौं ल्याएर दिलाइदिएकाले दरवारसँगको उनको सम्बन्धलाई अरू प्रत्यासीभन्दा गाढारूपमा हेर्नुपर्ने तर्क पनि एकसाथ आएको छ।

प्रधानसेनापतिको लागि अस्वस्थ प्रतिस्पर्धाको सुरुवातसँगै तीनतारे जर्नेलद्वय कटवाल र बालानन्द शर्माले उमेर सच्याएको भन्ने आरोपसमेत लागेको



# रक्षा मन्त्रालयद्वारा सेनालाई निर्देशन

**राजधानीमै विभिन्न घटनामा सेनाका केही अधिकृत तथा जवानद्वारा उत्ताउलो व्यवहार प्रदर्शन भएको र नागरिक सरकारलाई पूर्ण रूपमा ग्रहण गर्न नसकेको सन्दर्भमा रक्षा मन्त्रालयले साउन १७ गते सेनालाई निर्देशन दिएको छ ।**

- **नेपाली सेनाको उच्च मनोबल, अनुशासन एवं सेनाको मूल्य र मान्यतालाई निरन्तरता दिनका लागि सर्वसाधारण जनतासँग मैत्रीभावपूर्ण व्यवहार तथा अन्य राष्ट्रसेवक कर्मचारीसँग आत्मीय सम्बन्ध राख्नु,**
- **नेपाली सेनाको उच्च छविलाई कायम राख्ने क्रममा ड्युटीमा बाहेक अन्य कुनै पनि कार्यमा ब्यारेक बाहिर हातहतियार नलैजाने र हरहमेसा आफू एक मर्यादित तथा अनुशासित संस्थाको जिम्मेवार व्यक्ति भएको सम्झी सोहीअनुरुप मर्यादित भई सभ्य नागरिकको व्यवहार प्रदर्शन गर्नु,**
- **कहिल्यै पनि बदलाको भावनाबाट उत्प्रेरित भई आवेशमा आई कुनै अप्रिय वा कडा निर्णय नलिने र**
- **व्यक्तिगत विवादलाई परिस्थितिअनुसार जिम्मेवार व्यक्तिको उपस्थितिमा समाधान गर्नेतर्फ प्रयासरत रहने,**

**निर्देशनविपरीत कुनै पनि किसिमका अनुशासनहीन तथा सैनिक मर्यादा नसुहाउँदो किसिमका कार्यमा सैनिक व्यक्ति संलग्न भएको पाइएमा मन्त्रालयले कडाभन्दा कडा कारबाही गर्नेछ ।**

छ । रक्षा स्रोतका अनुसार यो व्यहोराको बेनामी उजुरी रक्षा मन्त्रालय र प्रतिनिधिसभा राज्य व्यवस्था समितिसमक्ष समेत पुगिसकेको छ ।

कटवालपछि वरिष्ठताका क्रममा दोस्रो रहेका शर्मा हाल संयुक्त राष्ट्रसंघमा फोर्स कमान्डरको रूपमा कार्यरत छन् । कटवालभन्दा चार महिना कनिष्ठ शर्मालाई प्रधान सेनापति बनाउन सरकारका लागि निकै कष्टकर काम हुनेछ । दरवारकै डिजाइनमा सेनाको प्रमुख नियुक्त हुने गरेको भए पनि वरिष्ठतालाई भने ठाडै मिच्ने काम अहिलेसम्म भएको छैन ।

शर्मालाई प्रधानसेनापति बनाउने हो भने अवकाशको मुखमा पुगेको प्रधानसेनापतिले बिदा लिने परम्परा तोड्नै पर्छ । थापा भदौ २५ गतेसम्म नै वहाल रहेर एक दिन प्रधान सेनापति पद रिक्त राखे मात्र शर्मालाई ल्याउन सहज मार्ग हुनेछ । पदोन्नति नपाएमा थापाभन्दा एक दिनपछि कटवालले तीनतारे जर्नेलको तीनवर्षे पदावधि सकेर बिदा पाउनेछन् । पौडेल संयुक्त राष्ट्रसंघको प्राइज पोस्टिङमा भएकाले दौडमा खासै लागेका छैनन् । यसपालि भावी प्रधानसेनापतिको रूपमा चर्चा पाएका तीनैजना उम्मेदवारलाई हेर्ने हो भने यो सीमित परिवारको घेराबाट बाहिर जाँदै छ ।

वरिष्ठतामा १ र २ नम्बरकालाई छाडेर तेस्रोलाई मौका दिनुपर्ने सिफारिससमेत बालुवाटारमा जोडदार रूपमा भइसकेको छ । सेनापतिको नियुक्तिमा समेत धेरै चलखेल सुरु भएमा प्रहरी जस्तै भ्रष्टाचारको आरोप लाग्न सक्नेमा भने बालुवाटार सचेत हुन जरुरी छ । भदौ १ गते ओम पुनले अवकाश पाएपछि दुईतारे जर्नेल गोविन्द गुरुङ वरिष्ठतामा तेस्रो नम्बरमा आउँछन् । समावेशीको मुद्दाले उच्च प्राथमिकता पाइरहेका बेला त्यो नै गुरुङको सबैभन्दा सशक्त हतियार बनेको छ । शर्मा राणासँगको वैवाहिक सम्बन्धले र गुरुङ स्वर्गीय राजा वीरेन्द्रसँगको सम्बन्धले दरवारको नजिक बनिसकेका व्यक्तिहरु हुन् ।

यी सबै विकल्प जतिकै चर्चामा प्रधानसेनापति थापाको कार्यकाल एक वर्ष थपिन्छ भन्ने अनुमान पनि छ । मुलुक गम्भीर परिस्थितिमा भएको र सैनिक ऐन जारी हुने क्रममा रहेकाले प्रधानसेनापतिले बिदा लिन नहुने र उनकै निरन्तरता हुनुपर्छ भन्नेहरुको संख्या पनि सानो छैन ।

माघ १९ को शाही कदमपछि राजाले राखेको व्यवस्थानुसार प्रधानसेनापतिले ४ वर्ष भुक्तान गरेपछि पदावधि एक वर्ष थप्न पाइन्छ । तर, माघ १९ पछि भएका सामान्य सरुवा समेत बदर गर्ने सरकारको निर्णय भइरहेका बेला राजाले राखेको प्रावधानमा टेकेर थापाको पदावधि लम्ब्याउनु कतिको बुद्धिमानी हुन्छ भन्ने प्रश्न पनि उठ्न सक्छ । सेनाको इतिहासमा सुरेन्द्रबहादुर शाह र निरशमशेर राणाको मात्र पदावधि एक वर्ष थपिएको छ । स्वविवेकीय प्रावधानका आधारमा सेनापतिको पदावधि लम्बिनुले जनआन्दोलनमा अभिव्यक्त परिवर्तनको अपेक्षा सम्बोधन गर्न सक्दैन ।

तर थापाले वैशाख ८ गते निर्वाह गरेको भूमिकाको कदर गर्नुपर्छ भन्ने आवाज दलका केही नेताले झिनो स्वरमा निकालिरहेका छन् । अमेरिका, बेलायत र भारतको धारणा बुझेपछि थापाले राजासमक्ष दललाई सत्ता दिन सुझाव दिएको कुरा उति बेलै चर्चामा थियो । हाल मन्त्रिपरिषद्मा रहेको सैनिक विधेयकलाई प्रतिनिधिसभाले ऐन बनाइसकेपछि मात्र सेनामा पदोन्नति होस् भन्ने चाहना सदनको देखिएको छ । प्रतिनिधिसभा घोषणा कार्यान्वयन समितिका एक अधिकारीका भन्छन्, 'मुख्य दलका प्रभावशाली सांसदहरु सैनिक ऐन जतिसक्दो चाँडो ल्याउने पक्षमा छन् ।'

भदौ २५ गते भन्दा अघि नै सैनिक ऐन आएको खण्डमा थापाको सम्भावना समाप्त हुन्छ । त्यसमा प्रधानसेनापतिको उमेरको हद ६१ र पदावधि ३ वर्ष तोकिएको छ । प्रस्तावित विधेयकमा सरकारले आफूखुसी थप गर्न पाउने स्वविवेकीय अधिकार कटौती गरिएको छ । ■



दैलेख, तीलेपाठाका वृद्ध कर्णबहादुर शाहीको तीन वर्षअघि छोरा दीप्तप्रकाश शाहीलाई कब्जामा लिएर सेनाले हत्या गरेपछि चिन्ता अहिलेसम्म जस्ताको तस्तै छ ।

**सशस्त्र द्वन्द्वका क्रममा माओवादी र सुरक्षाकर्मीको हातबाट मारिएका निर्दोषहरूका आफन्तले हत्याको छानबिन गरेर दोषीलाई कारबाही गर्ने माग गरेपनि राज्य भने मौन छ ।**

# आवश्यकता छानबिनको

■ रुद्र खड्का/नेपालगन्ज

(तस्वरि पनि)

**क्रूरतापूर्वक यातना** दिँदै १२ वर्षीया छोरी रूपालाई मध्यरातमा सुरक्षाकर्मीले हत्या गरेको यो साउनमा चार वर्ष भइसक्यो । तर, बर्दिया जगतियाका किसन थारूको मनको घाउ अझै आलै छ । खाना खाएर सपरिवार सुत्ने तरखर गरिरहेका बेला २०५९ साल साउन ५ गते राति साढे १० बजे जबरजस्ती ढोका खोली भित्र पसेका चिसापानी ब्यारेकका सुरक्षाकर्मीले ओछ्यानमा भएका सबैलाई उठाउँदै बाबुलाई कुटपिट गरे भने स्थानीय स्कुलमा कक्षा २ मा अध्ययनरत रूपाको हत्या गरे ।

'माओवादी आउँदा खाना खुवाउने तर सुरक्षाकर्मी आएको बेला बेवास्ता गर्ने भन्दै कुटपिट गरे', किसन उक्त घटना सम्झन्छन्, 'कुटपिट गरी फर्कंदा एक जवानले डराइरहेकी छोरीलाई समातेर घरको छेउमा लगेर गोली हान्यो ।' विना कुनै कारण छोरीको ज्यान लिएर फर्केका सुरक्षाकर्मीले भोलिपल्टको रेडियोमा उल्टै सकेट बम प्रहार गर्न खोज्ने माओवादी मारिएको समाचार दिए । किसन भन्छन्, 'एकातिर निर्दोषको हत्या, अर्कोतर्फ माओवादीको आरोप ? जति पीडा भए पनि बोल्नै सकिएन उनीहरूले जे जे गरे चुपचाप सहेर बसिरहयौं ।' छोरी माओवादी गतिविधिमा लाग्ने उमेरकी नै थिइन । बाबु दुःखेसो पोख्छन्, 'अन्यत्रतिर ज्यादतीपूर्ण घटनाको छानबिन हुन्छ भन्छन्', यहाँ पनि हुनुपऱ्यो ।'

त्यस्तै दाङ, लक्ष्मीपुर-३ बेलवा गाउँमा २०५९ साल मंसिर १८ गते थारुहरूले पेन्डिया (बाली भित्र्याएपछि मनाउने पर्व) खाइरहेको बेला सुरक्षाकर्मीले आक्रमण गर्दा मारिएका सर्वसाधारणलाई पनि सरकारी सञ्चारमाध्यमले माओवादी मारिएको भन्यो । तर त्यसका विरुद्ध कोही बोल्न सकेनन् । 'मारिएका नौजना सबै नै सर्वसाधारण हुन्', स्थानीय पम्फे चौधरी भन्छन्, 'गाउँले जम्मा भइरहेको स्थानमा पुगेर सुरक्षाकर्मीले सामान्य सोधीखोजीसमेत गरेनन्, एकाएक गोली प्रहार गरे भने रेडियोटिभीमा माओवादी मारेको समाचार दिए । मारिएकामध्ये दुईजना त सरकारी कर्मचारी समेत थिए । ती कसरी माओवादी भए ।'



माओवादीले सुराकीको आरोपमा छोरीको हत्या गरेपछि बर्दिया राजापुरका भीमलाल विकको परिवारमा चिन्ता त थपिएको छ नै, सँगै छोरीका सन्तान पाल्ने जिम्मेवारी पनि आइलागेको छ ।

हत्यापछि सुरक्षाकर्मीले नौजनाको लास कब्जामा लिएका थिए र वल्लो गाउँमा आएर जबरजस्त दोहोरो भिडन्त भएको मुचुल्का तयार गरेर माओवादी मारिएको गाउँलेहरूलाई भन्न लगाएका थिए । सुरक्षाकर्मीको गोलीबाट मरेका १६ वर्षीय रामप्रसाद चौधरीका बाबु चन्द्रलाल भन्छन्, 'मेरा लागि छोरा सबथोक थियो । ऊ मारिएको पीडा अरूले बुझ्दैन । यो घटनाको छानबिन होस् भन्ने चाहन्छु ।'

माओवादी विद्रोहको दसवर्षे अवधि अझ खासगरी मुलुकमा लगाइएका संकटकालका बेला सुरक्षाकर्मी र माओवादीले हत्या गरेका निरस्त्र सर्वसाधारणको बारेमा बदलिँदो राजनीतिक परिवेशसँगै छानबिन गर्नुपर्ने आवाज उठेको छ । 'देशमा लोकतन्त्र प्राप्ति भए पनि निरस्त्रहरूको हत्यामा सामेललाई कारबाही गर्ने पहल भएको छैन', अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)का क्षेत्रीय संयोजक भोला महत भन्छन्, 'सर्वसाधारणमाथि ज्यादती गर्ने सुरक्षाकर्मी हुन् वा माओवादीलाई कारबाहीको लागि छानबिन आयोग गठन हुनुपर्छ ।'

संकटकालका बेला सुरक्षाकर्मीलाई राज्यले प्रदान गरेको असीमित अधिकारका कारण ठूलो संख्यामा नागरिकको गैरन्यायिक हत्या भए पनि अहिलेसम्म गैरन्यायिक हत्यामा सामेल भएकालाई कारबाही गर्नु त के त्यस्ता व्यक्तिहरूविरुद्ध कानुनी प्रक्रियासमेत राज्यले थालेको छैन । 'सुरक्षाकर्मीले गरेका ज्यादतीवारे प्रहरीले नै मुद्दा चलाउनुपर्ने वर्तमान कानुनी प्रावधानले गर्दा पनि धेरै घटनालाई कानुनी प्रक्रियामा ल्याउन नै गाह्रो छ', एडभोकेसी फोरमका संयोजक सुशील लाखे भन्छन् । कतिपय हत्यामा प्रहरी पनि सामेल हुने र कतिपय सेनाले गरेका हत्याको बारेमा प्रहरीले कानुनी कारबाही थाल्न अप्ठेरो मान्दा थुप्रै घटनाको कानुनी प्रक्रिया अघि बढ्न सकेको छैन ।

सुरक्षाकर्मीले काभ्रेमा मैना सुनुवारलाई बलात्कारपछि हत्या गरेकोविरुद्ध पहिलोपटक

गैरन्यायिक हत्याविरुद्ध मुद्दा दर्ता भएपछि मध्य तथा सुदूरपश्चिममा पनि एडभोकेसी फोरमको सहयोगमा बर्दिया नेउलापुरका पूर्णबहादुर चौधरीले जिल्ला प्रहरीमा मुद्दा दर्ता गरेका छन् । माओवादीको खोजीमा निस्केका सेनाले २०५९ साल जेठ १६ गते गोली चलाउँदा घरमा खाना खाइरहेका पूर्णबहादुरका २४ वर्षीय छोरा भौना थारूको मृत्यु भएको थियो ।

हत्यामा सामेल चिसापानी ब्यारेक र पद नखुलेका सैनिक परशुराम कुमालको विरुद्ध कर्तव्य ज्यानको मुद्दा पूर्णबहादुरले बर्दिया प्रहरी कार्यालयमा दर्ता गरेका छन् । सुरुमा प्रहरीले मुद्दा दर्ता गर्न मानेको थिएन । तर, पछि जिल्ला प्रशासन कार्यालय र अन्य पक्षहरूबीचको छलफलपछि मुद्दा दर्ता गर्न प्रहरी राजी भएको थियो । मुद्दा दर्ताको लागि विभिन्न प्रक्रिया पूरा गर्न सहयोग पुऱ्याएको एडभोकेसी फोरमका संयोजक लाखेका अनुसार विस्तारै अन्य गैरन्यायिक मुद्दाका घटनालाई पनि कानुनी प्रक्रियामा लाने अभियान थालिनेछ ।

सुरक्षा क्याम्प आक्रमण गर्दाबाहेक अन्य बेला माओवादीद्वारा भएका हत्या पनि अधिकांश गैरन्यायिक भएको मानवअधिकारवादीहरू बताउँछन् । 'यो क्षेत्रमा भएका हत्याका घटनाहरूमध्ये आधाभन्दा बढी गैरन्यायिक हुन्', इन्सेकका महतले भने, 'छानबिन आयोगको गठनपछि निरस्त्र हत्यामा सामेल कोही पनि उम्कन पाउनेछैनन् ।' सुरक्षाकर्मीले हत्या गर्दा पटक-पटक दोहोरो भिडन्तको प्रचार गर्ने गर्थ्यो । संख्यागत रूपमा कम भए पनि माओवादीले पनि निरस्त्र सर्वसाधारणलाई कब्जामा लिएर हत्या गरेका छन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनअनुसार कुनै पनि निरस्त्रलाई कब्जामा लिएपछि हत्या गर्न पाइँदैन । तर, मध्यपश्चिम क्षेत्रमा मानवीय कानुन उल्लंघन हुने गरी सुरक्षाकर्मी र माओवादीबाट कैयौं हत्या भएका छन् ।

बर्दिया भिम्मापुर-५, दुर्गानगरका कक्षा तीनमा अध्ययनरत १४ वर्षीय राजु चौधरीलाई ०५९ कात्तिक २२ गते राति माओवादीले घाँटी रेटी विभत्स हत्या गरेका थिए । राजुले सेनालाई सहयोग पुऱ्याएको भन्दै माओवादीले मध्य रातमा अभिभावकसँगै रहेका राजुलाई कब्जामा लिएर गएर हत्या गर्दा समेत माओवादीविरुद्ध बोल्ने आँट सर्वसाधारणले गर्न सकेनन् ।

दसवर्षे द्वन्द्वका बेला मध्यपश्चिममा ज्यान गुमाएका करिब सात हजारमध्ये आधाभन्दा बढी व्यक्तिको गैरन्यायिक हत्या भएको अधिकारवादीहरूले बताउँदै आएका छन् । एडभोकेसी फोरममा चालीस व्यक्तिले आफन्तको हत्या गैरन्यायिक भन्दै कारबाही अघि बढाउन निवेदन दिएका छन् । देशमै सबभन्दा बढी सर्वसाधारण बेपत्ता भएको बर्दियामा नै गैरन्यायिक हत्या हुनेहरूको संख्या बढी छ । जनयुद्धको दसवर्षे अवधिमा आन्दोलनको सुरुताका रुकुम-रोल्पामा सुरक्षाकर्मीले सर्वसाधारणलाई कब्जामा लिई हत्या गरेका थिए भने २०५८/०५९ मा संकटकाल लगाइएपछि सेनाको चिसापानी ब्यारेकले बर्दियामा बढी सर्वसाधारणलाई गैरन्यायिक हत्या गरेको थियो ।



बर्दियाकी शारदा चौधरीका श्रीमान्लाई सेनाले कब्जामा लिएर हत्या गरेपछि उनी कलिलो उमेरमै विधवा हुनु परेको छ ।

**संकटकालका बेला सुरक्षाकर्मीलाई राज्यले प्रदान गरेको असीमित अधिकारका कारण ठूलो संख्यामा नागरिकको गैरन्यायिक हत्या भए पनि अहिलेसम्म गैरन्यायिक हत्यामा सामेल भएकालाई कारबाही गर्नु त के त्यस्ता व्यक्तिहरूविरुद्ध कानुनी प्रक्रियासमेत राज्यले थालेको छैन ।**

माओवादीको आरोपमा सुरक्षाकर्मीले होस् या सुराकीको आरोपमा माओवादीले निरस्त्रको हत्या गरेर अनाहकमा सर्वसाधारणको ज्यान मात्र लिएका छैनन्, कमाएर परिवार पाल्ने व्यक्तिको हत्यापछि कयौं परिवार आर्थिक समस्यामा परेका छन् । २०६० पुस १ गते सुरक्षाकर्मीले बाँके, महादेवपुरी-३ निवासी ३३ वर्षीया जयकला खत्री र ३४ वर्षीया हितकला डाँगीलाई सुतिरहेको घरबाट बाहिर निकालेर हत्या गरेपछि उनका नाबालक बालबालिकाहरूको अवस्था बिचल्ली भइरहेको छ ।

पढ्ने उमेर पुगेका हितकलाको एक बच्चालाई एक अस्ट्रेलियाली नागरिकले स्थानीय स्कुलमा अध्ययनको लागि सहयोग गरिदिए पनि अन्य सन्तानहरूको आमाविहीन हुनुको साथै आर्थिक संकटको जीवन गुजारिरहेका छन् । सुतिरहेका दुई महिलालाई राति एक बजे सेनाले सुतेको ठाउँदेखि केही पर लगेर हत्या गरेको हितकलाका पति धनबहादुर डाँगी बताउँछन् । उनका अनुसार सेनाले उनीहरूलाई बलात्कारपछि हत्या गरेको हो ।

राष्ट्रिय मानवअधिकार आयोगले ती महिला निर्दोष भएको जनाउँदै सरकारलाई जनही २ लाख ५० हजार रुपैयाँका दरले राहत उपलब्ध गराउन सिफारिस गरेको छ । सेनाले ती महिलालाई पनि माओवादीको आरोप लगाउँदै भिडन्तमा मारिएको बताएको थियो । जनयुद्धको क्रममा माओवादीले हत्या गरेका थुप्रै व्यक्तिका आफन्तलाई सरकारले राहत उपलब्ध गराए पनि सुरक्षाकर्मीले हत्या गरेका आफन्तका परिवारलाई भने राहत उपलब्ध गराएको छैन ।

द्वन्द्वमा ज्यान गुमाएका झन्डै १४ हजार नागरिकमध्ये माओवादीको तुलनामा सुरक्षाकर्मीले हत्या गरेका व्यक्तिको संख्या धेरै छ । माओवादी पीडितले राज्यबाट राहत पाउँदै आए पनि सुरक्षाकर्मी पीडितलाई भने राज्यले राहत दिने गरेको छैन ।

सुरक्षाकर्मीद्वारा हत्या गरिएका निरस्त्र सर्वसाधारणका आफन्तले मानअधिकारवादी संस्थाहरूमार्फत सरकारलाई राहतको अनुरोध गर्दै आए पनि राज्य मौन बस्दै आएको छ । ■

# बन्दुक व्यवस्थापन विवाद

**सत्ता पक्षले होस् वा विद्रोहीले, राजनीतिक समाधान ननिस्किउन्जेल बन्दुक र बन्दुकवाहक शक्तिलाई अन्तर्राष्ट्रिय सुपरीवेक्षणमा राख्नुपर्छ वा दुवै पक्षलाई मान्य हुने कुनै पनि तरिका अपनाउन सकिन्छ। समाधान स्थायी भयो भने दुवैथरि बन्दुक सत्ता पक्षमै विलुप्त हुनेछन्। भएन भने दुवै पक्ष आ–आफ्नो बाटो लाग्छन्। संसारभरि भएको बन्दुक व्यवस्थापनको नियम यही हो। द्वन्द्व व्यवस्थापन गर्ने हौं भन्नेहरूले यो कुरा बुझेका छैनन् भनेर भन्न मिल्दैन।**



मुमाराम खनाल

**बन्दुकको क्रूर** खेलबाट मुक्त भएको मुलुक फेरि बन्दुककै विवादमा अल्झिएको छ। सरकार-माओवादी वार्ताको केन्द्रीय प्रश्न बनेर पुनः बन्दुक व्यवस्थापन उभिएको छ। विगत दस वर्षदेखि बन्दुक राजनीतिको केन्द्रमा छ। जति जति वर्षहरू धकेलिँदै गए, बन्दुकको प्रभाव पनि बढ्दै गयो। अहिले आएर बन्दुक नियन्त्रणको समय जुरेको छ। भाषा जस्तै बन्दुक पनि अवर्गीय साधन मात्र हो। बन्दुकको कुनै वर्ग हुँदैन। कुन वर्गले यसलाई प्रयोग गर्छ भन्ने सवालले मात्र वर्गीय महत्त्व राख्छ। त्यसैले बन्दुकको विवाद वैचारिक-राजनीतिक विवादकै अर्को रुप मात्र हो।

विशुद्ध बन्दुकहरू मुलुकका समस्या होइनन्। सबै बन्दुकहरू, चाहे त्यो सरकारी सेनाले बोकेका होऊन् वा विद्रोहीले, बन्दुकको विशेषता एउटै हो, सबै बन्दुकले मान्छे मार्छन्, घाइते बनाउँछ, भय सिर्जना गर्छन्। तर, बन्दुकहरू आफैं पड्किन्नन्, पड्काउन मान्छे चाहिन्छ। समाजमा मान्छे दुई भिन्न वर्गमा विभक्त छ। स्वभावतः बन्दुक पड्काउनेहरू पनि दुई भिन्न वर्गमा विभक्त छन्। यहाँसम्मको सरल बुझाइ सबैमा छ अनि बन्दुक जटिल किन त ?

प्रत्येक बन्दुक राजनीतिको जालोले घेरिएको छ। राजनीतिको बलियो जालोले घेरिएको हुनाले बन्दुकको व्यवस्थापन भनेको उसलाई जेलेर राखेको राजनीतिक जालोको व्यवस्थापन हो। यसै कारणले गर्दा नै बन्दुकको विवाद अल्झिरहने र बल्झिरहने हुन्छ। अहिले नेपाली सेना अर्थात् सत्तापक्ष र माओवादी सेनासँग बन्दुक छन्। दुई बन्दुकवाहक शक्तिको विचार र राजनीति फरक फरक छ। यही राजनीतिक समाधान नै द्वन्द्व व्यवस्थापनको स्थायी विन्दु हो। राजनीतिक समाधान सकारात्मक भयो भने बन्दुकहरू द्वन्द्व समाधानमा बाधक हुनेछैनन्। तर, राजनीतिक समाधान नहुँदै बन्दुकहरू कथंकदाचित् व्यवस्थित भएछन् भने पनि पुनः विद्रोहीहरूले त्यसले प्राप्ति गरिछाड्नेछन्। यो तथ्य अति सरल र सपाट छ। त्यसो भए किन विवाद बन्दुकमा बल्झियो ? यसको पनि कारण छ।

दुई भिन्न वर्गहरूको राजनीतिकमा बन्दुकले प्रभाव पार्छ। बन्दुकको शक्तिले पार्ने प्रभाव निष्क्रिय नपारेसम्म राजनीतिक उद्देश्य प्राप्ति पारदर्शी र स्वभाविक हुँदैन। त्यसैले यस्तो बेला राजनीतिको सही निकास नआउँदासम्म बन्दुकहरू निष्क्रिय पार्नुपर्छ। यसको ठोस र मूर्त अभिव्यक्ति बन्दुक नपड्कनुमा हुनुपर्छ। सत्ता पक्षले होस् वा विद्रोहीले, राजनीतिक समाधान ननिस्किउन्जेल बन्दुक र बन्दुकवाहक शक्तिलाई अन्तर्राष्ट्रिय सुपरीवेक्षणमा राख्नुपर्छ वा दुवै पक्षलाई मान्य हुने कुनै पनि तरिका अपनाउन सकिन्छ। समाधान स्थायी भयो भने दुवैथरि बन्दुक सत्ता पक्षमै विलुप्त हुनेछन्। भएन भने दुवै पक्ष आ-आफ्नो बाटो लाग्छन्। संसारभरि भएको बन्दुक व्यवस्थापनको नियम यही हो। द्वन्द्व व्यवस्थापन गर्ने हौं भन्नेहरूले यो कुरा बुझेका छैनन् भनेर भन्न मिल्दैन। तैपनि राजनीतिक निकासको कुरा चटक्कै छोडेर बन्दुकको विवादमै बढी किन अल्झिरहन्छन् ? त्यहीनेर राजनीतिक बेइमानीको गन्ध आउँछ।

माओवादीसँग सुरुमै बन्दुकहरू थिएनन्। संघर्षबाट नै उनीहरूले बन्दुक प्राप्त गरे। त्यसकारण बन्दुकलगायत सबैखाले साधनको प्राप्ति उनीहरूको संघर्षको कार्यदिशाको कारणले भएको हो। कम्युनिस्टहरूले आफ्नो लक्ष्य प्राप्त गर्नको लागि दुई किसिमका कार्यदिशा प्रयोगमा ल्याउँदै आएका छन्। एउटा कार्यदिशा शान्तिपूर्ण जनआन्दोलन हो भने अर्को कार्यदिशा सशस्त्र संघर्ष हो। अर्को शब्दमा यसलाई संघर्षको स्वरूप पनि भनिन्छ। संघर्षको स्वरूप शान्तिपूर्ण हुने कि सशस्त्र ? यही नै बन्दुक व्यवस्थापनको प्रस्थान विन्दु हो। माओवादीले एकता महाधिवेशनपछि संघर्षको स्वरूप शान्तिपूर्णबाट बदलेर सशस्त्र संघर्ष हुने भन्दै चार तयारीको दस्तावेजमार्फत घोषणा गरेको थियो। २०५१ सालको दोस्रो राष्ट्रिय सम्मेलनले घोषित रूपमा सशस्त्र संघर्षको लाइनलाई व्यवहारिक प्रयोगमा ल्याउने तयारी गऱ्यो। २०५२ फागुनदेखि त्यो व्यवहारिक कार्यान्वयनमा गयो। बन्दुक यहीबाट जन्मिए। बन्दुकको व्यवस्थापन पनि त्यहीँ गएर अड्किन्छ। अर्थात् अबको माओवादीको संघर्षको स्वरूप कस्तो हुन्छ ? हिंसात्मक वा शान्तिपूर्ण ? प्रतिबद्धता खोज्ने यहाँनेर हो।

बुझ्नेलाई माओवादी प्रतिबद्धता काफी छ जस्तो लाग्छ। माओवादी अध्यक्ष प्रचण्डका अन्तर्वार्ता र अभिव्यक्तिहरूमा बारम्बार 'अबको संघर्षको स्वरूप शान्तिपूर्ण जनआन्दोलन हुनेछ' भन्ने कुरा नै प्रकट भएका छन्। यसलाई पार्टी निर्णयको दस्तावेजको रुपमा नै माग गर्न सकिन्छ। प्रचण्डका अन्तर्वार्ताहरू खास गरी बिबिसी, द हिन्दु तथा कान्तिपुरमा आएका अभिव्यक्तिहरूमा दलीय प्रतिस्पर्धा, वाक स्वतन्त्रता, प्रेस स्वतन्त्रता जस्ता कुरालाई स्वीकार गर्ने प्रतिबद्धता जनाइएको छ। संघर्षको स्वरूपबारे पनि शान्तिपूर्ण संघर्षको रूप प्रयोग गर्ने प्रतिबद्धता जाहेर गरिएको छ। तर, बन्दुक व्यवस्थापनको व्यवहारिक कुरा राजनीतिक निकासको प्रश्नमा नै केन्द्रित हुन पुग्छ।

राजनीतिक उद्देश्यलाई खालि सहयोग मात्र पुऱ्याउँछन् बन्दुकहरूले। ती बन्दुक पनि राजनीतिक कार्यक्रमबाट नै विद्रोहीको हातमा आउने हुन्। बन्दुक जन्मिने राजनीतिक कारणभित्र नपसी बन्दुकको समाधान मात्र खोज्नु उचित होइन। राजनीतिक समाधानले मात्र बन्दुकको पनि समाधान गर्छ। अन्यथा पहिले विद्रोहीको बन्दुकको थान्को लगाएर मात्र राजनीतिक निकासको कुरा झिकौंला भन्नु विद्रोहीलाई आत्मसमर्पण गराउनु मात्र हुन्छ। त्यस्तो समाधान समाधान नभएर बेइमान हो। संयक्त राष्ट्रसंघ वा कुनै भरपर्दो अन्तर्राष्ट्रिय निकायलाई आफ्नो सेनाको निगरानी राख्न र त्यसको नेतृत्व पनि प्रधानमन्त्रीलाई सुम्पन माओवादी तयार भएको पाइन्छ। यसलाई माओवादीको अर्घेल्याइँ मान्न सकिन्न। जति रगत बग्यो बग्यो, अब बग्न नदिऊँ। बगेको रगतलाई कसैको भागबन्डामा नपारेर राष्ट्रको समुन्नत प्रगतिको पक्षमा प्रयोग गरौं। द्वन्द्वको सकारात्मक समाधान निकाल्न सक्ने हो भने अहिले नेपाली समाजको प्रगतिशील रूपान्तरण सर्वाधिक सम्भावनाको नजिक छ। तर, यसको लागि सकारात्मक सोचको आवश्यकता छ।

माओवादीले उठाएको बन्दुकले ल्याएको नकारात्मक प्रवृत्ति बिर्सिएर शान्तिकामीले त्यसको सकारात्मक पक्षलाई मुलुकको हितमा प्रयोग गर्न सक्नुपर्छ। माओवादी बन्दुकको आँटबाट नै अहिलेको आन्दोलनले सफलता पाएको कुरा सत्य हो, यद्यपि उक्त आन्दोलनमा बन्दुकहरू पड्किएनन्। अहिले पुनःस्थापित प्रतिनिधिसभा गएका सांसदहरूको भत्तामा माओवादीले बन्दुकले आर्जेको रगतको छिटा छ। मन्त्रीहरूको ऐस आराममा पनि। तर, सत्ताको भाँचिएको भऱ्याङमा एउटा खुट्टा मात्र पनि राख्न नपाउँदै उनीहरूको बोलीमा आएको प्रतिगामी गन्ध साह्रै नमिठो छ। ठिक छ, मुलुकलाई बन्दुक चाहिएन तर राजनीतिक समाधान त चाहियो। राजनीतिक समाधानसँग बन्दुकको स्थायी समाधान गर्न यदि माओवादी तयार छ भने यो ढिलाइ किन ? बुझेर पनि बुझ पचाउने अमेरिकी नीतिको पछाडि नदौडेर हामीले हाम्रै प्रयत्नबाट बन्दुक नपड्कने स्थायी समाधान खोज्नै पर्दछ।

इतिहासको खास खास कालखण्डमा राजनीति र बन्दुकको संयोजन बन्ने गर्छ। त्यसको नेतृत्व मात्र फरक फरक पार्टी र नेताले गर्ने गर्छ। नेपाली कांग्रेस, एमाले हुँदै माओवादीसम्म आउँदा पनि बन्दुकले अझै मूल राजनीतिक, आर्थिक र सामाजिक समस्यालाई हल गर्न सकेन भने त्यो दुर्भाग्यपूर्ण हुनेछ।

माओवादीको होस् वा सेनाको, बन्दुक अहिले कमजोर भएको छ। बन्दुके प्रवृत्ति पनि कमजोर भएको छ। राजनीतिक हावी भएको यो सफल समय हो, बन्दुक व्यवस्थापनको लागि। डर बन्दुकसँग होइन, विचार, राजनीति र त्यसको स्वरुपसित मान्नुपर्छ। विचार र राजनीतिलाई परास्त गर्न वैचारिक प्रतिस्पर्धा गर्नुपर्छ। ■



राकेश गुरुङको हत्याको विरोधमा त्रिपुरेश्वरमा बालिएको टायर

# चलखेल अराजक तत्त्वको

**अहिलेको अवस्था संक्रमणकालका रुपमा रहेकोले यस्तो बेलामा अनिश्चितता, अन्योल धमिलो वातावरण हुनसक्छ । यस्तो बेलामा चोरी, डकैती ,लुटपाट, हत्या हिंसाका घटना बढ्नु अस्वभाविक होइन । तर, यस्ता घटना नियन्त्रणप्रति सजगता अपनाएको पाइँदैन ।**

■ छत्र कार्की/काठमाडौं

**पाटन संयुक्त क्याम्पसका** समाजशास्त्रका लेक्चरर सुदीप नकर्मीले बिहानै राजधानीका भित्री भागमा जुलुस वा आन्दोलन सुरु होला भन्ने अनुमान गरेका थिएनन् । तर, साउन १७ गते बुधवार एकाबिहानदेखि नै सडकमा टायर बलिसकेको थियो । बिहानको १० बज्न १० मिनट बाँकी नै थियो, आफ्नो कार्य तालिकाअनुसार पाटन क्याम्पसबाट सामाखुसी आउने क्रममा नकर्मीले कान्तिपथ पुगेपछि मात्र खेलाडीले गरेको जुलुस प्रदर्शनका कारण सडक अवरुद्ध छ भन्ने थाहा पाए ।

साउन १६ गते मंगलवार राति प्रहरीद्वारा मारिएका १८ वर्षीय कराँते खेलाडी राकेश गुरुङको हत्याको विरोध गर्दै जुलुस शिक्षा तथा खेलकुद मन्त्रालय केशरमहलबाट फर्किरहेको थियो । जुलुसको १ सय मिटर वरसम्म पुगेका नकर्मीले आफ्नो मोटरसाइकल त्यहाँबाट अघि बढाउने आँट गरेनन् । स्टार्ट बन्द गरेर मोटरसाइकलमा अडिइरहेका बेला २०-२५ जनाको समूहले उनीमाथि आक्रमण गर्‍यो । तिनीहरूले पहिला मोटरसाइकलमा लात्तीले हाने, त्यसपछि अनुहार, मुख र अरू भागमा पनि प्रहार गरे । कुटपिटबाट सख्त घाइते भएका नकर्मीले भने, 'कुटपीटमा सामेल व्यक्तिहरू खेलाडीजस्ता थिएनन्, तिनीहरू भिजिलान्तेजस्ता थिए ।'

उक्त दिन नकर्मीमात्र होइन, मोटरसाइकलका आधादर्जनभन्दा बढी चालक र कयौं पैदलयात्री समेत उक्त समूहबाट नराम्ररी पिटिए । सवारीसाधन नचलेकाले काममा निस्किएका सर्वसाधारणलाई सवारी पैदल हिँड्नुको सास्ती त छँदै थियो, अर्कोतिर सर्वसाधारणले व्यर्थैमा पिटाइ



# निरीह प्रहरी

**यसअघि अधिकांश** घटना नियन्त्रणमा असफल जनपद प्रहरी अहिले अत्यन्तै निरीह देखिएको छ। बल प्रयोग गर्दा कारबाही होला कि भन्ने डरले प्रहरीमा बल प्रयोग गर्ने स्थिति नै छैन। सरकारले पनि सुरक्षाको प्रत्याभूति दिनको लागि उचित व्यवस्था मिलाउन नसकेको देखिन्छ। जनआन्दोलन-२ पछि उच्च प्रहरी अधिकृतको निलम्बनको घटना भएदेखि बल प्रयोग गरेमा कारबाहीमा परिएला भन्ने मानसिकताबाट प्रहरी गुज्रेको देखिन्छ। त्यसो त केही दिनअघि भएको प्रहरी अधिकृतको मनखुसी सरुवाले पनि संगठनभित्र असन्तुष्टि वृद्धि भएको देखिन्छ। सरकारले पनि प्रहरीको मनोबल उकास्न केही काम गर्नुको सट्टा माओवादीको सवालमा चाहिनेभन्दा बढी लचक भएको कुरा पनि उठेको छ।

तातोपानीमा दुई नेपालीलाई ठक्कर दिने चिनियाँ गाडी भगाएको आरोपमा कार्यालय तोडफोड र डिएसपी ज्ञानप्रसाद भूर्तेल, इन्सपेक्टर जगतबहादुर कार्कीद्वारा सर्वसाधारणलाई गरेको व्यवहार निन्दनीय छ। हालैमात्र बर्दियाको सानोश्री गाउँमा चौकी स्थापनार्थ गएका प्रहरी उपरीक्षक शेरबहादुर खड्काको टोली माओवादीले त्यहाँ चौकी राख्न अनुमति नदिएपछि त्यसै फर्केर आएको छ।

राजधानीको कलंकीमा सवारी नियम उल्लंघन गर्ने सवारीचालकको लाइसेन्स माग्दा उल्टै यातायत आवागमन बाधा पुऱ्याएको घटना होस् वा गोंगबुमा नियम उल्लंघन गरेबापत चिट काटेर २ सय जरिवाना लिन खोज्दा ५ हजार घूस माग्यो भनेर घन्टौंसम्म यातायात अवरोध गरिएको घटना हुन्, यी सबैले प्रहरी निरीहता पुष्टि गर्छ। त्यस्तै महाराजगन्ज चण्डोलमा एक महिलाको रहस्यमय आत्महत्याको विषयलाई लिएर स्थानीय बासिन्दाले दिनभर राजधानीको यातायात ठप्प पार्दा पनि प्रहरी नियन्त्रण लिन असफल थियो। समाजशास्त्री चैतन्य मिश्र भन्छन्, 'सुरक्षानिकाय बलियो नभएका बेला कसको जिम्मा भन्ने हुँदैन। त्यसैले पनि अराजक गतिविधि मौलाउँछन्।'




▲ अनेकन नाम र मागमा निकालेका यस्ता जुलुसका कारण राजधानीको जीवन अस्तव्यस्त भएको छ।

खाँदा नजिकै रहेका प्रहरी भने मुकदर्शक देखिन्थे। जमल क्षेत्रका केही पसल तोडफोड र लुटिँदा पनि उनीहरू मौन नै थिए।

एउटा अन्तर्राष्ट्रियस्तरको खेलाडीको मृत्युप्रकरणको छानबिनको माग राख्दै खेलाडीहरूले ऱ्याली निकाल्नु नाजायज थिएन। तर, धमिलो पानीमा माछा मार्न खोज्ने प्रवृत्तिका व्यक्तिहरूको घुसपैठले गर्दा खेलाडीहरूको आन्दोलनले केहीबेरमै अराजक मोड लियो। उक्त आन्दोलन कसैको नियन्त्रण थिएन। पुरानो बसपार्कबाट खेलाडीको समूहमा घुसपैठ भएर अराजकता मचाउँदै हिँड्ने चारजना उद्दण्ड केटालाई पक्रेर रामधुलाइ पनि गरिएको थियो। यसले राजधानीका घटनामा उत्पात मचाउन चाहने मण्डले चरित्र भएका व्यक्तिहरूको संलग्नता पुष्टि गरेको छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघका महासचिव कुमार कार्की भन्छन्, 'राकेश हत्याप्रकरणको न्यायिक छानबिन र क्षतिपूर्तिका लागि खेलाडीहरूले आन्दोलन गरेका हुन्, पछि आन्दोलनमा भिजिलान्तेहरूको घुसपैठपछि अराजक स्थिति उत्पन्न भयो। बेलैमा घुसपैठबारे थाहा पाइएकोले अरू अप्रिय घटना भएन।'

## सबैतिर अराजकता

राकेश गुरुङको हत्या प्रकरण त सडक तताउने एउटा बहाना भएको थियो अराजक तत्त्वको लागि। राजधानीमा आ-आफ्ना माग पूरा गराउने आन्दोलनका नाममा दिनहुँजसो हुने प्रदर्शनले गर्दा ट्राफिक व्यवस्थापन अस्तव्यस्त भएको छ। साँघुरो सडकमा क्षमताभन्दा दोब्बर बढी गाडी गुडेको अवस्थामा मूल सडकलाई आन्दोलन र धर्नास्थलको रूपमा विकास गर्दा सबैले सास्ती खप्नुपरेको छ। शोषित पीडितले आफ्ना माग निर्धक्कसँग लोकतान्त्रिक व्यवस्थामा वास्तविक माग जायज पनि छन्। तर, कानुनी प्रक्रिया र व्यवहारिक दृष्टिकोणले असम्भव हुने माग राखेर अवरोध सिर्जना गर्न खोज्नेहरू पनि ठूलो संख्यामा छन्। लोकतन्त्र आएपछि जस्तो माग पनि दबाबका भरमा पूरा गराउन सकिन्छ भन्ने धारणा पाइन्छ। त्यसैले आंशिक प्राध्यापक, अस्थायी शिक्षक स्वत: स्थायी हुनुपर्छ भन्ने असम्भव माग लिएर हिँडेका छन्। सिटिइभिटीबाट स्वास्थ्य विज्ञानमा प्रमाणपत्र पूरा गरेकाहरूले आफ्नै विषयसँग जोडिएको ब्याचलर कोर्सको माग गर्नु ठिकै हो। तर, एमबिबिएस पढ्न पाउनुपर्छ भन्ने असम्भव माग राखेर हिँडेका छन्। यसैबीच दलित, जनजाति, अपांगलगायत विभिन्न नाममा धर्नालगायत विविध कार्यक्रम नभएको दिन छैन भन्दा पनि हुन्छ।

व्यवस्था परिवर्तन भएर अर्को व्यवस्थाको लागि पूर्वाधार तयार हुन लागेको अवस्था जटिल हुन्छ। अराजक गतिविधि नियन्त्रण गर्न नसक्नुलाई नेतृत्वमा भएको कमजोरीका रुपमा लिन्छन् राजनीतिक विश्लेषक नीलाम्बर आचार्य। लोकतान्त्रिक प्रणालीमा कसैले माग राख्नुलाई अन्यथा भन्न मिल्दैन। तर, ती मागको आडमा गलत तत्त्वले फाइदा नउठाऊन् भनेर सचेत हुन आवश्यक छ। उनी भन्छन्, 'अराजक स्थिति अन्त्यका लागि राजनीतिक नेतृत्वको प्रभावकारी




भूमिका हुन्छ ।'

जनआन्दोलन-२ को बलमा पुनःस्थापित प्रतिनिधिसभाले संविधानमा जाने निर्णय गरिसकेको अवस्था छ । अहिलेको अवस्थालाई संक्रमणकालका रुपमा रहेकोले यस्तो बेलामा अनिश्चितता, अन्योल धमिलो वातावरण हुनसक्छ । यस्तो बेलामा चोरी, डकैती ,लुटपाट, हत्या हिंसाका घटना बढ्नु अस्वभाविक होइन । तर, यस्ता घटना नियन्त्रणप्रति सजगता अपनाएको पाइँदैन । राजनीतिक विश्लेषक आचार्य भन्छन्, 'सात दल गठबन्धनको सरकार यी कुरा नियन्त्रणमा असफल भइसकको छ ।'

२०४६ सालको आन्दोलनपछि अन्तरिम सरकार बन्नेबित्तिकै पनि केही दिन तरल अवस्था भएको थियो । त्यस बेला पनि हडताल, कर्मचारी आन्दोलन नभएका होइनन् । तर, त्यो बेला र अहिलेको अवस्था एकदमै बेग्लै रहेको विज्ञहरू बताउँछन् । त्यसबेला त कांग्रेस र वाममोर्चाबीच एकता छ भन्ने सन्देश जनतामा गएको थियो । यसको बाबजुद पनि त्यसबेला केही ठूला घटना पनि भएका थिए । २०४७ वैशाख १० गते कालिमाटीमा उत्तेजित भीडले केही प्रहरीलाई कुटीकुटी मारेपछि अराजक स्थिति उत्पन्न भएको थियो । राजधानीमा त्यो बेला ३ दिनसम्म कर्फ्यु नै लगाउनुपरेको थियो । अहिले जनताको अपेक्षा र मागको आयतन त्यसबेलाको दाँजोमा ज्यादै बढी भएको स्पष्ट छ । सात दलका बीचको विवाद छ नै । स्वीकार्य राजनेताको अभावले मुलुकले स्थिरता हासिल गर्न सकेको छैन ।

समाजशास्त्री चैतन्य मिश्र एउटाबाट अर्को

# अराजक तत्त्वको घुसपैठ छ



**ओमविक्रम राणा,**
**कामु प्रहरी महानिरीक्षक**

**राजधानीमा बढिरहेको लुटपाट, हत्यालगायत अराजक गतिविधिलाई कसरी लिनु हुन्छ ?**

- केही समयदेखि राजधानीमा पहिलेभन्दा तुलनात्मकरूपले केही बढी आपराधिक घटना भएका छन् । त्यसो त परिवर्तन पहिले र अहिलेको अवस्थालाई उही रुपमा हेर्न पनि मिल्दैन । अहिले मुलुक राजनीतिक परिवर्तनपछि संक्रमणकालीन अवस्थामा छ । यस्तो बेला असन्तुष्ट व्यक्तिहरूको घुसपैठ भई आपराधिक घटना केही बढ्नु अस्वभाविक पनि होइन । २०६२ सालको वैशाख, जेठ, असार र यो वर्षका यी तीन महिनाको आपराधिक घटनाको तथ्यांक दाँज्दा ठूलोमात्रामा अपराध बढेको चाहिँ देखिँदैन ।

**असन्तुष्ट व्यक्तिहरूको घुसपैठ भन्नाले ?**

- लोकतान्त्रिक आन्दोलन पछिका धेरै घटनामा अराजकता फैलाउने व्यक्तिहरूको घुसपैठ देखिएको छ । परिवर्तनलाई आत्मसात गर्न नसकेका व्यक्तिहरू अझै पनि षड्यन्त्रमा लागेका छन् । त्यसो त प्रहरीका निलम्बित उच्च अधिकृतहरू र शाही सरकारका गृहमन्त्री कमल थापाबीच अहिले पनि दिनमा एकपल्ट बैठक हुने गरेको कुरा आइरहेको छ । यस्ता घटनाक्रमले के देखाउँछ भने शाही सत्तासँग निकट व्यक्तिहरू अराजक स्थिति सिर्जना गर्न चाहन्छन् । एभरेष्ट नर्सिङ होम तोडफोड प्रकरणदेखि सडक आवागमन अवरोध पुऱ्याउने गतिविधिले अराजक व्यक्तिहरूको घुसपैठ भएको देखाउँछ ।

**सडकमा हिँडिरहेका सर्वसाधारणमाथि हातपात र जबरजस्ती सवारी आवागमनमा बाधा पुऱ्याउँदा पनि प्रहरी मुकदर्शकजस्तो देखिएको छ नि ?**

- जनताको जीउधनको सुरक्षा गर्न प्रहरी तत्परतासाथ लागी पर्नुपर्छ । यदि कुनै प्रहरीबाट केही कमी कमजोरी भएमा त्यसलाई सच्याएर अघि बढ्नुपर्छ । जहाँसम्म मुकदर्शकको कुरा छ, प्रहरीबाट त्यस्तो हुँदैन र हुनु पनि हुँदैन । अहिलेको परिवर्तित सन्दर्भमा नियन्त्रणको नाममा बल प्रयोग गर्नुपर्छ भन्ने पनि होइन । प्रहरीले सकेसम्म बल प्रयोग नगरीकन नै स्थिति नियन्त्रण गर्न चाहन्छ । आवश्यक पऱ्यो भने त सुरक्षाका निम्ति आवश्यक कदम पनि चाल्नुपर्छ ।

**त्यसो भए राजधानीमा बढ्दो लुटपाटलगायत घटनामा संलग्न अपराधी किन पत्ता लगाउन नसकिएको त ?**

- नेपाल प्रहरीले धेरै जसो आपराधिक गतिविधिमा संलग्न अपराधी पत्ता लगाउने काममा सफलता पाएको छ । विश्वको जुनसुकै मुलुकमा पनि शतप्रतिशत आपराधिक घटना पत्ता लगाउन सकिँदैन । जहाँसम्म भिजिलान्ते घुसपैठको कुरा छ, यसको निम्ति त सबैको सचेतता र सहयोग आवश्यक छ । राजनीतिक दलहरूले विभिन्न आन्दोलन सुरु हुनुअघि आफ्नो संलग्नता भए नभएको प्रस्ट पारेमा त्यस्ता व्यक्तिहरू पहिचान गर्न सजिलो हुन्छ । अहिलेको अवस्थामा जनतालाई सुरक्षाको प्रबन्ध मिलाउने सवालमा सरकारले राजनीतिक निर्णय पनि गर्न सक्नुपर्छ ।

**लुटपाट प्रकरणमा प्रहरीको समेत संलग्नता देखिएको छ, यसले संस्थाको विश्वसनीयतामाथि प्रश्न उठ्दैन ?**

केही लुटपाटका घटनामा प्रहरीको संलग्नता पनि देखिएको सही हो । यस्ता गतिविधि बढ्दै गएमा प्रहरी संगठनको छवि बिग्रन पनि सक्छ । तर, यत्रो ठूलो प्रहरी संगठनभित्र एकाध व्यक्ति अपराधी देखिन सक्छन् । यहीँ निहुँमा पूरै संगठनलाई नै उही ड्याङमा राखेर हेर्न मिल्दैन । हामीले घटनामा संलग्न देखिएका प्रहरीहरूलाई कारबाही गरिसकेका छौं ।

**प्रहरीका उच्च अधिकृतको निलम्बन र सरुवापछि प्रहरीको मनोबल खस्केको हो ?**

- राजनीतिक परिवर्तनपछि प्रहरीको नेतृत्व परिवर्तन हुनु जायज हो । त्यसले प्रहरीको मनोबल खस्केको भन्ने कुरा सही हुँदै होइन । प्रहरी संगठनभित्र कसैमा पनि लोकतन्त्रविरोधी भावना रहेको पाइएको छैन । हामीले २००७ सालको परिवर्तन किताबमा मात्र पढेका थियौं । २०६३ सालको परिवर्तन २०४६ सालको भन्दा महान् परिवर्तन हो । परिवर्तनपछि भएको नेपाल प्रहरीमा भएको नेतृत्व परिवर्तनलाई संठनभित्र स्वभाविकरुपमा स्वीकार गरिएको छ । यसलाई अन्यथा लिएको पाइएको छैन ।

प्रहरी अधिकृतको सरुवा नियमानुसार नै भएको हो । विगतमा सबै अधिकृतको लोकतान्त्रिक पार्टीप्रति उस्तै व्यवहार पक्कै रहेन । सात दलको गठबन्धन सरकार बनेपछि सरकारको कार्यक्रम सफल बनाउन पनि लोकतान्त्रिक विचारका अधिकृतलाई जिल्ला इन्चार्ज तोक्ने निर्णय भएको हो । असन्तुष्टले विरोध गरे पनि यो निर्णयले जनतामा राम्रो सन्देश दिएको होला भन्ने लाग्छ । ■


राकेश गुरुङको हत्याको विरोधमा उत्रिएका खेलाडीहरू

> पराजित मानसिकता बोकेको तत्वले स्थिति भाँड्न सानो समूह परिचालन गरेर जनजीवन तहसनहस पार्न खोज्ने प्रचलन नयाँ पक्कै होइन । अहिलेको अवस्था सुधारको लागि संविधानसभाको चाँडो घोषणा भएर नयाँ संविधानमार्फत राज्यको पुनर्संरचना अघि बढ्न सकेमा अस्थिरता अन्त्य हुन्छ ।


जुलुसहरूको केन्द्रविन्दु सिंहदरबार भएकाले त्यो क्षेत्रका सडकमा घण्टौं जाम हुने गरेको छ ।

प्रणालीमामा जाँदा मूल्यमान्यता अनिश्चित हुन बताउँछन् । उनी भन्छन्, 'पुरानो मान्यतामा ह्रास आउँछ र नयाँ बनेको अवस्था हुँदैन । केसम्म गर्न पाइन्छ के गर्न पाइन्न भन्ने अन्योल हुन्छ ।' यो समय आममानिसका लागि अन्योल, अवसरवादीका लागि मौका हो । पराजित मानसिकताको शक्तिले स्थिति भाँड्न सानो समूह परिचालन गरेर जनजीवन तहसनहस पार्न खोज्ने प्रचलन नयाँ पक्कै होइन । अहिलेको अवस्था सुधारको लागि राजनीतिक स्थिरता मूल कुरा भएको समाजशास्त्री मिश्रको धारणा छ । मिश्र भन्छन्, 'संविधानसभाको चाँडो घोषणा भएर नयाँ संविधानमार्फत राज्यको पुनर्संरचना अघि बढ्न सकेमा अस्थिरता अन्त्य हुन्छ ।'

### राकेश प्रकरण

एमाले महासचिव माधवकुमार नेपालको व्यक्तिगत सुरक्षाका लागि खटिएका असई मानबहादुर अधिकारीले चिनियाँ पेस्तोलबाट प्रहार गरेको गोलीका कारण कराँतेका अन्तर्राष्ट्रिय खेलाडी गुरुङ ज्ञानेश्वर सानो गौचरणमा ढलेका थिए । राजाको शासनकालमा हटाइएका अधिकारीलाई महासचिव नेपालकै रोजाइमा पुनः अंगरक्षक बनाइएको बताइन्छ । गोली लागेको एक घन्टापछि शिक्षण अस्पतालमा उपचार गर्दागर्दै पौने ११ बजे उनको मृत्यु भएको थियो । उपत्यका अपराध अनुसन्धान शाखाका डिएसपी प्रद्युम्नकुमार कार्कीका अनुसार एमाले महासचिव निवासबाट फर्केका असई थापा र जिपका चालक गोविन्द उप्रेतीलाई सानो गौचरण पेट्रोलपम्प छेउमा मोटरसाइकल तेर्स्याएर राकेशसहित चारजनाको समूहले आक्रमण गरेको थियो । छुरा प्रहारबाट चालक उप्रेतीलाई घाइते बनाएपछि उक्त समूह असई थापालाई मार्न भनेर लखेटेको थियो । भाग्ने क्रममा असई थापा चिप्लिएर लडेका थिए र उक्तसमूहले छुरा प्रहार गर्न आँटेको अवस्थामा प्रतिरक्षाको लागि थापाले गोली चलाएको बताइएको छ ।

असई अधिकारीलाई बालुवाटारस्थित ब्यारेक छोड्न आएको जिप रोकेर राकेशले छुरा प्रहार गरेको कुरा पत्याउन नसकिने परिवारले जनाएको छ । राकेशका बाबु आरबी गुरुङ भन्छन्, 'मैले घटना प्रत्यक्ष देखिनँ तर जिप रोकेपछि राकेश र उसका साथीले छुराले आक्रमण गरे भन्ने सोच्न सकिन्न ।' आरबी आफ्नो छोरा पढाइमा जेहेनदार र इमानदार स्वभावको भएको जानकारी दिन्छन् । कराँतेकै प्रशिक्षक रहेका आरबी हत्याप्रकरणको यथार्थ जानकारी आउनुपर्ने धारणा राख्दै स्थितिलाई चर्काएर लैजानेभन्दा पनि सामान्य बनाउनुपर्ने बताउँछन् । परिवारका अनुसार यसैवर्ष एसएलसी उत्तीर्ण फरासिलो स्वाभावका राकेश गायन र संगीतप्रति पनि उत्तिकै चासो राख्थे । राकेशले देहरादुन र पुनामा भएका दुईवटा अन्तर्राष्ट्रिय कराँते प्रतियोगितामा ४५ केजी समूहबाट स्वर्ण पदक जितेर आफूलाई अन्तर्राष्ट्रिय खेलाडीको रुपमा स्थापित गरेका थिए ।

राकेशको मृत्युको खबर केही खेलाडीले मंगलवार बेलुकै थाहा पाइसके पनि रातको समय भएकोले विरोधका स्वर बाहिर आउन सकेनन् । कराँते सिक्न दशरथ रंगशाला आएका प्रशिक्षार्थी र प्रशिक्षकहरूले कराँतेका प्रतिभाशाली खेलाडी राकेशको मृत्युको खबर थाहा पाएपछि आक्रोश व्यक्त गरेका थिए । नियमित प्रशिक्षण सिध्याएर दुई सयजति कराँते खेलाडी सडकमा ओर्लेका थिए । उनीहरू रंगशाला हुँदै केशरमहल पुगेर शिक्षा तथा खेलकुदमन्त्री मंगलसिद्धि मानन्धरलाई भेटी न्यायिक छानबिन र क्षतिपूर्ति माग राख्न मन्त्रालय आएका थिए । मन्त्री मानन्धरसँग भेट नभएपछि आक्रोशित समूह र त्यसमा भिजिलान्तेहरूको घुसपैठपछि दिनभर राजधानीका भित्रीभाग तनावग्रस्त बन्यो । मन्त्री मानन्धरले बेवास्ता गरेपछि खेलाडीको समूह आक्रोशित बनेको थियो ।

साग खेलकुद प्रशिक्षणका लागि बैंकक जान लागेका तेक्वान्दो खेलाडीलाई बिदाइ गर्न त्रिभुवन विमानस्थल गएका खेलकुद परिषद्का सदस्यसचिव जीवनराम श्रेष्ठलाई नभेटेपछि भीडले परिषद्का कर्मचारीलाई कार्यालयबाहिर निकाली तोडफोड मचाएर अराजकताको नमुना प्रस्तुत गरेको थियो । तोडफोडबाट परिषद् कार्यालयको झ्याल, ढोका, फर्निचर क्षतिग्रस्त भएका छन् ।

पछि सदस्यसचिव श्रेष्ठ सम्मिलत खेलाडीको टोली र मन्त्री मानन्धरबीच दिउँसो २ बजेदेखि १ घन्टासम्म भएको वार्तामा छानबिन र क्षतिपूर्तिको कुरा उठेको थियो । त्यसपछि मात्र राजधानीको जनजीवन केही सामान्य भएको थियो । प्रहरी प्रधान कार्यालयले डिआइजी नीरज पुनको संयोजकत्वमा एसपी केशव अधिकारी र डिएसपी सुशील भण्डारी रहेको तीन सदस्यीय तथ्य छानबिन समिति बनाएको छ । प्रहरी महानिरीक्षक ओमविक्रम राणा भन्छन्, 'अराजकता फैलाउन चाहने व्यक्तिहरूले गर्दा नै घटनाले त्यो मोड लिएको हो ।' तर, त्यस्ता व्यक्तिहरूको पहिचानमा प्रहरीले खासै काम गर्न सकेको देखिँदैन । घटनास्थल वरिपरिको क्षेत्रमा लागूऔषध दुर्व्यसनीको बिगबिगी रहेको बताइन्छ । दुर्व्यसनीले त्यही इलाकामा केही दिन अघिमात्र बैंकका एक वरिष्ठ अधिकृतलाई लुटपाट गरेका थिए । पूर्व सांसद मिर्जा दिलसाद बेगलाई गोली हानेर हत्या गरिएको क्षेत्र पनि त्यही नै हो । ■

**तीन महिनाको अवधिमा नेपाल वायुसेवा निगमबाट सात पाइलट भारतीय विमान सेवामा पुगेका छन् भने अन्तर्राष्ट्रिय उडानका थप सात पाइलट राजीनामा गर्ने तरखरमा छन् । पाइलटको अभावमा निगमका आन्तरिक उडान कटौती भइसकेका छन् ।**

# पाइलटहरूको पलायन



■ **मधुसूदन पौडेल/काठमाडौं**

**विमानको अभावमा** राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमका सेवाहरू एक दशकदेखि खुम्चिँदै आएका छन् । तर, अब विमानको अभावले मात्र होइन, पाइलटको अभावले भएका विमान पनि विमानस्थलमै थन्काउनु पर्ने अवस्था आइसकेको छ । अहिले नै निगमका अन्तरिक उडान प्रभावित हुन थालेका छन् ।

अन्तर्राष्ट्रिय विमान सेवाहरूको तुलनामा मात्र होइन स्वदेशी कम्पनीहरूको तुलनामा पनि निगमका पाइलटहरूको तलब र अन्य आर्थिक सुविधा नगन्य छ । तैपनि सरकारी स्वामित्वको निगममा सुधारको आशामा बसेका थिए पाइटलहरू । अब भने उनीहरू निरास बनेका छन् । निगमका एक वरिष्ठ पाइलट भन्छन्, 'निगमबाटै भविष्य सुध्रिएला भन्ने आशा हराएपछि पाइलटहरू धमाधम बाहिरिन विवश भएका हुन् ।'

साता मात्र निगमको आन्तरिक उडानमा कार्यरत तीनजना पाइलटले राजीनामा दिए । उनीहरू भारतीय कुरियर सेवाको 'ब्लु डार्ट'का विमान उडाउन त्यहाँ जाने भएका छन् । राजीनामा गर्ने क्याप्टेनहरूमा कमल केसी, प्रज्वल अधिकारी र श्रवण रिजाल रहेका छन् । निगम स्रोतका अनुसार उनीहरू अहिले उक्त कम्पनीमा औपचारिक प्रवेशका लागि प्रक्रिया मिलाउने क्रममा छन् । नाम उल्लेख गर्न नचाहने राजीनामा गरेका एक पाइलट भन्छन्, 'नयाँ कम्पनी ज्वाइन गर्न दुई साता जति लाग्छ होला । तर, यो हाम्रो निजी मामिला हो ।'

निगमका लागि चिन्ताको मुख्य विषय भने पाइलटहरूले निगम छाड्ने क्रम निरन्तर बढ्दो क्रमसँग जोडिएको छ । निगमभित्र पनि तुलनात्मक रुपमा राम्रो मानिने अन्तर्राष्ट्रिय उडान छाडेर चार पाइलटले भारतीय विमान उडाउन सुरु गरेको तीन महिनाभित्रै आन्तरिक सेवाका लागि अत्यावश्यक संख्यामा रहेका पाइलटहरूको राजीनामाले व्यवस्थापनलाई सोच्न बाध्य बनाएको छ । जागिर अवधि एक/डेढ वर्षमात्रै बाँकी रहेका अन्तर्राष्ट्रिय उडानका वरिष्ठ क्याप्टेनहरू पीआर पाण्डे र आइपी सिटौलाले सेवा अवधिको छोटो समय पनि निगममा बिताउन चाहेनन् । यहाँ राजीनामा गरेर उनीहरूले निगममा सँगालेको दशकौं लामो उडानको अनुभव भारतीय कम्पनीका लागि समर्पित गरेका छन् । कुन्दन गिरी र एनजे श्रेष्ठ निगमको अन्तर्राष्ट्रिय उडान त्यागेर भारतीय 'ब्लु डार्ट'मा जाने बाँकी दुई पाइटल हुन् । उनीहरूकै पदचिन्ह पछ्याउँदै अहिले थप तीनजना पाइलट उक्त कम्पनीमा जान लागेका हुन् । निगम छोडी निजी विमान कम्पनीमा जाने पाइलटको संख्या पनि उल्लेख्य रहँदै आएको छ ।

## किन छोड्छन् निगम ?

पाइलटहरूले निगम छोड्नुको मुख्य कारण अन्तर्राष्ट्रियस्तरमा पाइलटहरूले पाएको सेवा सुविधाका तुलनामा निगमबाट निकै कम सुविधा पाउनु हो । पाइलटहरूका अनुसार नेपालको आन्तरिक उडानमा रहने पाइलटहरूले सबै सुविधा जोडेर मासिक ५० हजार रुपैयाँसम्म पाउँछन् । अन्तर्राष्ट्रिय उडानमा जानेहरूले पनि योभन्दा खासै बढी पाउँदैनन् । तर, व्यवस्थापन अधिकारीहरूका अनुसार आन्तरिक उडानका पाइलटले ९० हजारसम्म र अन्तर्राष्ट्रिय उडानका पाइलटले १ लाख रुपैयाँसम्म हात पार्छन् । व्यवस्थापनले दाबी गरेजति रकम उनीहरूले पाए पनि यो अन्यत्रको तुलनामा निकै कम मानिन्छ । नेपालकै निजी क्षेत्रका विमान कम्पनीहरूले पनि पाइलटलाई ३ लाख रुपैयाँसम्म दिँदै आएका छन् ।

तर विदेशी वायुसेवा कम्पनीहरू, खास गरी भारतीय विमान कम्पनीहरूले पाइलटलाई मासिक दस हजार अमेरिकी डलर अर्थात् करिब ७ लाख नेपाली रुपैयाँसम्म दिँदै आएका छन् । निगम व्यवस्थापनका अधिकारीहरूका अनुसार अन्तर्राष्ट्रिय उडान छाडेर 'ब्लु डार्ट' गएका गिरी र श्रेष्ठले १० हजार डलर पाउँदै आएका छन् । निगम छोडेर विदेशी कम्पनी जाने पाइलटहरूको मुख्य आकर्षण डलरमा पाइने तलब हो, जुन नेपालमा पाइने तलबसँग तुलना गर्न नमिल्ने गरी बढी छ । पाइलटहरूको भनाइमा नेपालमा 'एक वर्षमा कमाइने रकम विदशी कम्पनीमा एक महिनामै पाइन्छ । यस्तो सुविधाका अगाडि निगमको माया गरेर सधैंभरि कोही पनि बस्न सक्दैन ।' अहिले भारत जान लागेका पाइलटहरूले पनि कम्तीमा मासिक ५ लाख रुपैयाँ पाउनेछन् ।

निगमका पाइलटहरूका लागि सुविधा न्यून रहेको कुरा राम्ररी बुझेको छ, व्यवस्थापनले पनि । तर, सीमित विमान र भद्रगोलपूर्ण संयन्त्रका कारण व्यवसायिक रुपमा राम्रो अवस्थामा नरहेको निगमले उनीहरूलाई चाहँदा चाहँदै पनि थप रकम दिन सक्ने अवस्था छैन । केही समयअघि पाइलटहरूका लागि तलब बढाइएको भए पनि त्यसले उनीहरूको अपेक्षा समेट्न सकेको छैन । नवनियुक्त प्रबन्ध निर्देशक गौतमदास श्रेष्ठ भन्छन्, 'पाइलटहरूलाई तलब बढाउनु आवश्यक छ भन्ने हामीले बुझेका छौं । तर, तलब मात्रै सबै कुरा होइन भनेर हामीले उनीहरूलाई सम्झाइ बुझाइ पनि गरिरहेका छौं ।'

तर पाइलटहरूको मुख्य चासो निगमको व्यवसायिक असफलता हो । त्यसका लागि निगमले अन्तर्राष्ट्रिय उडानका विमान थप्नु पर्छ । एक पाइलट आफ्नो अनुभव सुनाउँछन्, 'सन् १९९३ मा तेस्रो बोइङ उडाउने तयारीका लागि म अन्तर्राष्ट्रिय उडानमा गएको थिएँ । तर, अहिलेसम्म पनि तेस्रो बोइङ आएन ।' पाइलटको यो बयानले निगमको अधोगतिको इतिहासलाई छर्लंग पार्छ । पाइलटहरूलाई निगम छोड्न कुनै गाह्रो नपर्नुको कारण पनि यही हो- सरकारपिच्छेका सुधारका नाराहरू मन्त्रीहरूका लागि जागिर कटाउने माध्यम बनिरहेका छन् । उनीहरू न निगम सुधारका लागि तयार पारिएका खाका कार्यान्वयनमा ल्याउन चाहान्छन्, न त



सरकारको पहलमा निगमलाई पुनर्जीवन दिन । नयाँ मन्त्री आउनासाथ एउटा आयोग गठन गर्ने र उसले दिएको प्रतिवेदन अध्ययन गरिरहेको बताएर आफ्नो समयावधि कटाउने बाहेकका काम उनीहरूबाट हुन सकेको छैन । उदार अर्थनीति र खुला आकाशको अवधारणा सरकारी नीति मानिए पनि व्यवहारमा कार्यान्वयनमा ल्याउने दिशामा भने यसका पक्षपाती नेपाली कांग्रेस र एमालेका सरकारहरू प्रतिबद्ध देखिएका छैनन् । राष्ट्रिय ध्वजावाहकको हैसियत कायमै राखी निगमलाई निजीकरण गर्न शंकर शर्मा आयोगले दिएको प्रतिवेदन सबैभन्दा प्रभावकारी छ । तर, कुनै पनि सरकार त्यो प्रतिवेदन कार्यान्वयन गर्न तयार भएनन् । निगमका वरिष्ठ पाइलटहरूको तर्क छ, 'भकारोको लैनो गाई कसले पन्छाउन चाहन्छ । फाइदा खान पाएसम्म राजनीतिक दलहरूले निगमलाई यसैगरी निचोरिरहनेछन् ।' सरकारी रवैयालाई नजिकबाट व्यहोरिरहेका पाइलटहरूका लागि जागिर अवधि सकिनै लागेको अवस्थामा पनि निगम छाड्न गाह्रो नपर्नुको कारण मुख्य रूपमा यही हो ।

अन्तर्राष्ट्रिय बजारमा द्रुत गतिमा बढ्दै गएको हवाइसेवा नेपाली पाइलटका लागि राम्रो अवसर बनिरहेको छ, खासगरी छिमेकी मुलुक भारतमा । विश्वको पहिलो दर्जाको अर्थतन्त्रमा उकासिने क्रममा रहेको भारतमा पछिल्लो समयमा हवाइसेवामा व्यापक वृद्धि भइरहेको छ । नेपाली अनुभवप्राप्त पाइलटलाई उनीहरूले आकर्षक सुविधासहित लोभ्याइरहेका छन् । एक अधिकारी भन्छन्, 'अन्तर्राष्ट्रिय उडानमा रहेका सातजना पाइलट त्यस्ता अफरलाई उपयोग गर्ने सोचमा पुगेका छन् । सम्भवत उनीहरूले पनि केही समयमा राजीनामा दिन सक्छन् । किनभने अहिले निगमले बोइङ उडाइरहेका ७५७ विमानमा अनुभवी पाइलटको माग अन्तर्राष्ट्रिय बजारमा बढिरहेको छ । निगमले अन्तर्राष्ट्रिय सेवा बढाउन कम्तीमा एउटा अन्तर्राष्ट्रिय उडानको विमान भाडामा ल्याउने बताउँदै आएको छ । तर, विमान भाडामा ल्याए पनि पाइलटहरूले छोड्दै जाँदा विमान उडाउन समस्या पर्ने देखिन्छ । अन्तर्राष्ट्रिय बजारबाट पाइलट ल्याउँदा उनीहरूलाई कम्तीमा मासिक १० हजार डलर भुक्तानी गर्नुपर्नेछ । जुन अहिलेका नेपाली पाइलटलाई दिइएको वार्षिक तलब बराबर हुन्छ । महँगा पाइलट ल्याएर नाफामा विमान उडाउन सम्भव हुनेछैन । त्यसैले निगमले आफूसँग रहेका पाइलटहरूलाई कसरी जोगाउने भन्ने रणनीति बेलैमा तयार गर्नुपर्ने बताउँछन् निगमकै अधिकारीहरू । अहिले नेपालका २५ भन्दा बढी पाइलट भारतका विभिन्न विमान सेवामा कार्यरत रहेका छन् । नेकोन एयर बन्द भएपछि त्यहाँका पाइलटहरू एयर डेक्कन लगायतका भारतीय विान कम्पनीमा कार्यरत छन् ।

## समस्यामा आन्तरिक उडान

आन्तरिक उडानमा जाने पाइलटहरूको संख्या यसै पनि कमी थियो निगमसँग । अहिले तीनजना पाइलटको राजीनामापछि आन्तरिक उडान नराम्रोसँग प्रभावित बनिरहेको छ । आन्तरिक उडानका लागि निगममा पन्ध्रजना पाइलट कार्यरत थिए । चारवटा ट्विनअटर उडाउनका लागि यो संख्या पर्याप्त थिएन । तर, अहिले पाइलट संख्या अरू घटेपछि तीनवटा विमान उडाउन पनि समस्या परेको निगमको 'डोमेस्टिक फ्लाइट मुभमेन्ट'का अधिकारीहरू बताउँछन् । पाइलटकै अभाव टार्न नेपाल नागरिक उड्डयन प्राधिकरणमा कार्यरत पाइलटलाई पनि निगममा ल्याइएको छ । सरकारी वायुसेवाका रुपमा दुर्गमसम्म उडान भर्नु पर्ने निगमका आन्तरिक उडान रोकिँदा त्यसको दबाब सरकारमाथि पर्नेछ ।

अहिले नै अन्तर्राष्ट्रिय उडान भर्ने पाइलटको अभाव भएको त छैन । तर, राजीनामा गर्ने तरखरमा रहेका सात पाइलटले निगम छोडेको अवस्थामा अन्तर्राष्ट्रिय उडानमा पनि समस्या थपिनेछ । अहिले चालीसभन्दा बढी पाइलट अन्तर्राष्ट्रिय उडानमा रहेका छन् ।

पाइलट अभावको प्रत्यक्ष महसुस गरिरहेको व्यवस्थापनले थप पाइलट तयार गर्न दसजनालाई तालिममा पठाउने तयारी गरिरहेको छ । 'हामीले सार्वजनिक सूचानामार्फत पाइलट ट्रेनिङमा पठाउने व्यवस्था मिलाउँदै छौं', प्रबन्ध निर्देशक श्रेष्ठ भन्छन् । ■

**कर्णालीका जनतालाई** भात खुवाउन चामल ढुवानीमा सरकारले , विगत तीस वर्षदेखि करोडौं अनुदान दिए पनि त्यो बालुवामा पानी हालेसरह भइरहेको छ । कर्णालीवासीका नाममा ओसारिने भए पनि त्यो चामल लक्षित समुदायसम्म नै पुग्दैन । कमिसनको विभिन्न चरण पार गर्दै कर्णाली अञ्चलका विभिन्न डिपोमा पुगेको चामल पनि सदरमुकाम आसपासका टाठाबाठाले मात्र हात पार्ने क्रम अहिलेसम्म यथावत् छ । तैपनि, कर्णालीका गरिबको नाममा चामलमा अनुदान दिने क्रम भने रोकिएको छैन ।

खाद्यसंस्थानले बर्सेनि कर्णालीका पाँच जिल्लाका पुग नपुग सवा तीन लाख जनताका लागि ४२ हजार क्विन्टल चामल ओसार्छ । त्यसका लागि १६ करोड २८ लाख १७ हजार रुपैयाँ खर्च गर्छ । त्यो चामल जनताको नाममा प्रतिमहिना २ किलोदेखि ५ किलोका दरले भागबन्डा गरिन्छ । 'सरकारले चामलका लागि दिँदै आएको सहुलियतको रकम बरु कर्णालीको दिगो विकासका लागि लगानी गरिदिए हुन्छ, चामल बाँडेर जनतामा झन् परनिर्भरता थपिएको छ', हुम्लाका सांसद गोरखबहादुर बोगटी बताउँछन् ।

कर्णालीमा लगिने खाद्यान्नको विषयले कर्णालीको राजनीतिसमेत अछुतो छैन । खाद्यसंस्थानले बाँड्दै आएको चामलको सदुपयोग पाँचै जिल्लामा नभएको स्थानीय जनता र नेतृत्वलाई समेत राम्रोसँग जानकारी छ । तैपनि, चामल दलालहरू र चामलको नाममा आफ्नो थैली भर्न पल्केका पहुँचवालाहरूका कारण केन्द्रले दिँदै आएको अनुदानको चामल कर्णालीमा भने अक्षता मात्र बन्ने गरेको छ ।

'सधैं खडेरी र भोकमरीको खैलाबैला मचाएर चामलमा राजनीति गरेर फाइदा लग्ने ठेकेदारहरूको संजालबाट खाद्यसंस्थान समेत मुक्त हुन सकेको छैन । खाद्यले उपलब्ध गराउँदै आएका चामल कर्णालीको कलंक हुँदै आएको छ', बोगटी भन्छन् ।

गरिब जनताले महँगोमा किन्न सक्दैनन् भनेर उनीहरूको नाममा सहुलियत दिएर ओसारिएको सस्तो चामल पहुँचवाला र पाँचवटा जिल्लामा कार्यरत झन्डै २ हजार प्रहरीहरूका लागि र जिल्लामा कार्यरत सरकारी कर्मचारीहरूलाई बाँडेर सकिन्छ । तैपनि सबै जिल्लाका जिल्ला प्रमुख र खाद्यसंस्थान हाकिमहरू 'यो सत्य होइन भन्न' चुक्ने गरेका छैनन् ।

डोल्पाका खाद्यसंस्थानका प्रमुख जयराज ओझा भन्छन्, 'हामीले प्रहरीका परिवारलाई मात्र दिने गरेका छौं, प्रहरीलाई भने दिने गरेका छैनौं ।' डोल्पामा खाद्यसंस्थानमार्फत मात्र प्रतिवर्ष ९ हजार ५ सय क्विन्टल चामल भित्रिने सरकारी आँकडा छ । त्यससगै कामका लागि खाद्यान्नअन्तर्गत कर्णालीमा कार्यरत डब्लुएफपी (विश्व खाद्य कार्यक्रम)ले २ हजार क्विन्टल गरी जम्मा ११ हजार पाँच सय क्विन्टल चामल पुग्नु पर्ने हो । तैपनि, लक्षित वर्गले महिनामा २ किलोभन्दा बढी चामल पाउने गरेका छैनन् ।

सुरक्षाकर्मीका लागि सरकारले ठेकेदार तोकेर छुट्टै ओसार्न निर्देशन दिने गरेको भए पनि खाद्य वितरण गर्न चुनिएका ठालुहरूका निर्देशन र ठेकेदारको दबाबका कारण प्रहरीहरूका लागि समेत अनुदानको चामल नै वितरण गर्ने गरिएको छ । 'हाम्रा लागि भनेर सरकारले सस्तोमा उपलब्ध गराएको चामल सुरक्षाकर्मीको शक्तिकै भरमा उनीहरूलाई वितरण गरिने भएका कारण चामलको अभाव हुने हो', जुम्ला उद्योग वाणिज्य संघका अध्यक्ष गोविन्द शाही भन्छन् ।

सुरक्षाकर्मीका लागि ठेकेदारले छुट्टै चामल ओसार्ने हो भने प्रतिकिलो ४८ रुपैयाँ तिर्नुपर्छ अहिले जिल्लामा गएको सहुलियत दरको चामलका लागि ठेकेदारले २६ रुपैयाँ तिरे पुग्छ । मुनाफा रकम ठेकेदार, खाद्यसंस्थानका हाकिम र खाद्य व्यवस्था समितिबीच भागबन्डा हुने जानकारहरू बताउँछन् ।

राजनीतिक एवं आर्थिक हिसाबले मात्र नभई खाद्यान्न उत्पादनकै हिसाबले पनि कर्णालीकै पहिलो जिल्ला मानिने जुम्लालाई सबैभन्दा धेरै ११ हजार क्विन्टल चामल छुट्याइएको हुन्छ । त्यससँगै डब्लुएफपीको सहयोगमा २५ सय क्विन्टल चामल जुम्लाका लागि छुट्याइएको हुन्छ । यसो हुँदा पनि वर्षेपिच्छे चामल अपुग भएको समाचारअगाडि नै बजारमा ल्याएर पछिल्लो वर्षको लागि चामल दलालीको कोटा सुरक्षित राख्ने गरेका छन्, चामल



# चाहिँदैन चामल

■ ज्योति देवकोटा/काठमाडौं
(तस्वीर पनि)

दुई किलो चामल लिन दुई दिनको बाटो हिडेर जुम्लाको सदरमुकाम पुगेका बाबुछोरी ।



दलालहरूले । कर्णालीका जनताले वार्षिक २४ किलोदेखि ६० किलोसम्म मात्रै अनुदानको चामल पाउँछन् बाँकी दिन आफ्नै पाखोमा उब्जेको आलु र जौमा जीवन गुजार्छन् । कर्णालीमा हुने चामलमाथिको राजनीतिलाई नजिकैबाट अध्ययन गर्दै आएका लाल हमाल बताउँछन्, "केही चामल ओसार्ने क्रममै बाटोमै हराउँछ, पुगेको चामल सुरक्षाकर्मी र सदरमुकाममा पहुँच हुनेहरूले रक्सी बनाउनसमेत प्रयोग गर्छन् ।'

जिल्लामा जाने चामल कसलाई र कति दिने भन्ने निर्णय जिल्ला खाद्य व्यवस्था समितिले गर्छ । उक्त समितिमा ठालुहरू मात्र रहने गरेकाले जसका लागि सरकारले सहयोग दिएर चामल ओसारेको हो उनीहरूमध्ये १५ प्रतिशतले पनि प्रयोग गर्न पाउँदैनन् । हुम्लामा कामका लागि खाद्यान्न कार्यक्रम चलाउँदै आएका दल रोकाया भन्छन्, 'रक्सी उत्पादनका लागिसमेत प्रयोग भएको छ, खाद्यको चामल । जिल्लाका सुदूर गाउँका बासिन्दा सदरमुकाममा चामल लिन आउँदैनन, उनीहरूको नाममा निस्कने चामल सदरमुकाममा रक्सी बन्छ, यस्तो अनुदान बरु बन्द हुनुपर्छ ।'

विगतमा खाद्यसंस्थानका जिल्लाका हाकिमकै मिलोमतोमा खच्चडबाट चामल ओसार्न भनी ठेक्का लग्ने ठेकेदारहरूले मिलेर आधा चामल बीचैमा बेचेर खाइदिने परिपाटी रहँदै आएको थियो । यो विवाद बढ्दै गएपछि खाद्यसंस्थानले हवाइजहाजबाट चामल ओसार्ने व्यवस्था वैकल्पिक रूपमा अगाडि सारेको थियो ।

यति हुँदाहुँदै पनि यस वर्ष डोल्पाका लागि स्थलमार्गबाट लगिएको ५ सय क्विन्टल चामलमध्ये ७८ क्विन्टल चामल कम देखिएको थियो । यसका लागि खाद्यसंस्थानले ठेकेदार बादलकृष्ण बोहोरालाई असुल उपर गराइसकेको जानकारी दिएको छ । तर, चामल डोल्पामा पुगेको छैन । 'विगतमा पनि यस्ता घटना हुने गरेका थिए । यस्ता घटना हाकिमहरूकै मिलोमतोमा हुने गरेकाले यसलाई निर्मूल पार्न असम्भव रहेको र यसका लागि कर्णालीलाई दिँदै आएको चामल अनुदान बन्द गरेर अन्य कार्यमा त्यो अनुदान रकम लगानी गर्नुपर्ने' बताउँछन् हमाल ।

मुलुकमा सशस्त्र द्वन्द्व सुरु भएपछि खच्चडबाट ओसार्दै आएको कर्णालीको चामलको जिम्मा एकाएक हवाइजहाजले पाएका थिए । खच्चडबाट ओसार्दा ठेकेदार र खाद्यसंस्थानका हाकिमको मिलेमतोमा आधाजसो चामल नै नआइपुग्ने समस्याबाट मुक्त जिल्लामा फेरि भोकमरीको आहत फैलाएर आफ्नो दुनो सोभ्याउन लागिपर्ने ठेकेदार र खाद्य चामललाई व्यक्तिगत जेथा ठानी प्रयोग गर्न पल्केकाहरूको धन्दाबाट अहिले पनि कर्णालीका जनताले छुटकारा पाएका छैनन् ।

'राज्यले दिने अक्षताबाटै कोही मोटाएका छन् भने तिनै चामल दलाल र सदरमुकाम वरपरका ठालुहरू मात्र छन् । जनताको खाने भातको परिणाममा कुनै वृद्धि भएको छैन, सरकार साँच्चिकै कर्णालीप्रति उत्तरदायी बन्ने हो हो अनुदान सहयोगलाई दिगो विकासमा लगाउनुपर्छ', कर्णालीका पत्रकार जेवी विष्ट भन्छन् । ■

| जिल्ला | जनसंख्या | खाद्यान्न आपूर्ति डब्लुएफपीको सहित (क्विन्टलमा) | स्थानीय उत्पादनले खान पुग्ने समय |
|---|---|---|---|
| जुम्ला | ९२,२८२ | ११,०५० | ८ महिना |
| हुम्ला | ४१,९०३ | १२,१०० | ३ महिना |
| मुगु | ४७,४०४ | ९,९०० | ६ महिना |
| डोल्पा | २९,४९७ | १०,९०० | ४ महिना |
| कालिकोट | १,१५,११० | ९,८०० | ५ महिना |

*स्रोत : बजार विकास निर्देशनालय*

## बढ्यो माग


**कर्णालीका अधिकांश बुद्धिजीवीहरूले** चाहिँदैन चामल भनिरहेका बेला चामलमाथि राजनीति गर्दै आएका दलालहरूको मिलोमतोमा जिल्ला खाद्य व्यवस्था समितिले आउने वर्षका लागि भनेर साविकभन्दा तेब्बर चामलको माग राखेर खाद्यसंस्थानलाई पत्र काटेको छ ।

जिल्लामा खाद्यान्न अभावको व्यापक प्रचार गराएर कर्णाली अञ्चलका पाँचवटा जिल्लासहित मध्यपश्चिमका दसवटा जिल्लामा कार्यरत डब्लुएफपी (विश्व खाद्य कार्यक्रम)मार्फत भनेर अमेरिकी दूतावासले समेत २ लाख ५० हजार अमेरिकी डलर (करिब १ करोड ७५ लाख)को सहयोगको समेत घोषाणा गरेको छ ।

जिल्ला खाद्य व्यवस्था समितिले आउने वर्षका लागि भनेर हुम्लाबाट २१ हजार क्विन्टलको माग राखेर खाद्यसंस्थानलाइ पत्र काटिएको छ भने कालिकोटबाट १९ हजार र मुगु र जुम्लाका लागि समेत १५ हजार क्विन्टल चामलको माग राखिएको छ । यसका लागि सरकारले आर्थिक वर्ष २०६१/६२ भन्दा तीनगुणा अनुदान बढाएर झन्डै ४८ करोड रुपैयाँ चामल ओसार्नका लागि ठेकेदार र चामल दलालहरूलाई पोस्नु पर्नेछ ।

नेपाल खाद्यसंस्थान बिक्री वितरण शाखाले 'यो चामल उपलब्ध गराउन नसक्ने' बताएको छ । तर, सरकारले अनुदान दियो भने खाद्यसंस्थानले जति पनि चामल उपलब्ध गराउन सक्ने बताउँछन्, हुम्लाका सांसद गोरखबहादुर बोगटी । उनी भन्छन्, 'सरकारले कति अनुदान दिन सक्छ भन्ने आधारमा चामल जान्छ, मागको आधारमा कहिल्यै जाँदैन ।'

स्थानीय उत्पादनले पाँचदेखि ८ महिना पुग्ने गरेको भए पनि स्थानीय खाद्य उत्पादन भएको तीन महिनामै कर्णालीको खाद्य अभावको समाचार बाहिर आउने गरेका छन् । ■


खाद्यसंस्थान अगाडि चामल लिनेको भीड





# मन्दविष सरह

**अस्वस्थ मासु मन्द विषसरह छ, जसले मानिसको ज्यानैसम्म लिनसक्छ। वधशालामा नकाटिएका पशुका मासु, जुन खुला बजारमा बेचिन्छ, राम्ररी नपकाई खाएमा धेरै किसिमका रोग लाग्नसक्छ।**

■ **ओमआस्था राई/धरान** (तस्वीर पनि)

**महेन्द्र क्याम्पस,** धरानमा आइए दोस्रो वर्षमा अध्ययनरत २२ वर्षीय सुनिल राई आफ्नै कोठामा पढ्दै थिए, एक्कासि बेहोस भएर कुर्सीबाट लडे। डाक्टरले उनलाई 'इट्विन' भन्ने औषधी दिए। उनले एक महिनासम्म औषधी खाए। तर, दुई महिनापछि फेरि त्यही रोग बल्झियो, क्याम्पसमा पढिरहेका बेला उनी कक्षाकोठामै ढल्न पुगे।

तीन महिनाको अन्तरमा लगातार दुईपटक बेहोस भएर ढलेपछि सुनिलले सात महिनासम्म 'इट्विन' खाए। तर, फेरि एकपटक आफ्नै कोठामा बसिरहेका बेला उनलाई बेहोसीको हल्का झट्का लाग्यो। करिब ३५ सेकेन्डसम्म अचेत भएर उनी ब्यूँझिए। 'इट्विन'ले खासै सकारात्मक प्रभाव पारेको महसुस नभएपछि उनले 'इनकरेक्ट क्रोन' नामक वैकल्पिक औषधी सेवन गर्न थाले।

बेलाबेला बल्झिरहने रोगका कारण क्याम्पस जान छाडेका सुनिल प्रतिचक्की ११ रुपैयाँ पर्ने 'इनकरेक्ट क्रोन' दिनमा दुईवटा खान्छन्। डाक्टरले कम्तीमा ३ वर्षसम्म नियमित रुपमा यो औषधी खान सल्लाह दिएका छन्। भोजपुरको हसनपुरबाट उच्चशिक्षा अध्ययनका लागि धरान आएका सुनिललाई औषधीकै लागि मासिक ६ सय ६० रुपैयाँ खर्च गर्नु निकै मुस्किल छ। तर, तीन वर्षसम्म औषधीका लागि २४ हजार रुपैयाँ खर्च गर्न उनी बाध्य छन्।

डाक्टरको भनाइमा सुनिललाई लागेको रोग एक प्रकारको 'इपिलिस्पी' हो, जसलाई नेपाली समाजमा छारेरोग भनिन्छ। यो रोग घुमाउरो तरिकाले सहरी र अर्धसहरी क्षेत्रको खुला मासु बजारसँग सम्बन्धित छ। नेपालमा अझै व्यवस्थित वधशाला प्रयोग गर्ने प्रचलन सुरु भइसकेको छैन। जसले गर्दा सामान्यतः बजारमा पाइने मासु स्वस्थ हुँदैन। यस्तो अस्वस्थ मासु खाँदा पैदा हुने 'सिस्ट' मस्तिष्कसम्म पुग्छ र मानिस अचेत भएर एक्कासि लड्न पुग्छ।

तीन वर्षअघि महेन्द्र क्याम्पसकै एक उपप्राध्यापक अचानक यसरी नै लड्न पुगे। परीक्षामा अनुत्तीर्ण एक विद्यार्थीलाई उत्तेजित भएर गाली गरिरहेका बेला एक्कासि रिङटा लाग्यो र उनी ढल्न पुगे। उनलाई तत्काल विपी प्रतिष्ठानको आकस्मिक कक्षमा पुर्‍याइयो। डा. जावेद अन्सारीले उनलाई 'फेनेटोइन' नामक औषधी दिए। अहिले उनी प्रत्येक दिन दुई चक्की 'भाल्प्रोल' खान्छन्।

डा. अन्सारीको प्रेस्क्रिप्सनअनुसार ती उपप्राध्यापकलाई 'न्युरो सिस्ट सिरिज' भएको हो, जसको कारण सुँगुर र राँगाको नपाकेको मासु हो। नपाकेको मासु खाँदा 'हेमिस्पेयर' (टाउकोको माथिल्लो भाग)सम्म 'सिस्ट' पुग्छ, जसलाई पूरै निमिट्यान्न पार्न धेरै समय लाग्छ। 'सिस्ट' एकप्रकारको जुकाको अन्डा हो। यो जुका कतिसम्म ज्याद्रो हुन्छ भने टाउकोमात्रै बचेको अवस्थामा पनि त्यसले नयाँ 'सिस्ट'हरू जन्माउँछ। 'सिस्ट'ले सताएपछि ती उपप्राध्यापकले मासु खानै छाडेका छन्। 'राम्ररी नपाकेको त के, पाकेकै मासु पनि खाँदिनँ', उनी भन्छन्।

तर, आफूलाई नपरेसम्म नचेत्ने प्रवृत्तिका उपभोक्ता अझै यस्तो अस्वस्थ मासु खाँदै छन् र विस्तारै विभिन्न रोगको मुखसम्मै पुग्दै छन्। मासुविज्ञ डा. दिलीप सुब्बाका अनुसार यस्तो अस्वस्थ मासु मन्द विषसरह छ, जसले मानिसको ज्यानैसम्म लिनसक्छ। वधशालामा नकाटिएका पशुका मासु, जुन खुला बजारमा बेचिन्छ, राम्ररी नपकाई खाएमा धेरै किसिमका रोग लाग्नसक्छ। झाडापखालादेखि प्यारासाइट र एन्थ्राइसजस्ता खतरनाक रोगको स्रोत अस्वस्थ मासु नै हो।

'पहिलो कुरा त धुलोमैलो ठाउँमा बेच्न राखिएको मासु नखानु नै राम्रो', डा. सुब्बा भन्छन्, 'खाने नै हो भने राम्ररी पकाउनुपर्छ।' डा. सुब्बाका अनुसार मासुमा खासगरी दुईप्रकारका किटाणुको संक्रमण हुन्छ। 'प्याथोजेनिक' किटाणुग्रस्त मासुले मानिसका शरीरमा इ कोलाई, साल्मोनेला, स्टाफाइलोफोकस, लिस्टेरिया मोनोसाइटेजेन्स र सिजेलाजस्ता विभिन्न प्रकारका जीवाणुको प्रवेश गराउँछ। दोस्रो प्रकारको 'स्पोइलेज' किटाणुले भने मासुलाई कुहाउँछ। सामान्यतः मानिसले कुहिएको मासु खाँदैनन्, त्यसैले 'प्याथाजोनिक' किटाणुको खतरा तुलनात्मक रूपले निकै बढी छ।

खाद्य प्रविधिका स्नातक भास्करमणि अधिकारीका अनुसार नेपालको मासु बजार एकदमै प्रारम्भिक अवस्थामा छ। त्यसैले, पशु वध गर्दादेखि मासु बेच्दा र पकाएर खाँदासम्मको अवस्थामा धेरै सुधार जरुरी छ। नेपाली मासु व्यवसायी र उपभोक्ताले 'कोल्ड चेन'को अवधारणा बुझ्नै बाँकी रहेको अधिकारी बताउँछन्। मासु बजारको अध्ययनमा

जुटेका अधिकारी भन्छन्, 'यो त्यस्तो अवधारणा हो, जसले मासु काट्दादेखि बेच्दा र पकाउँदासम्म चिसोमै राख्नुपर्छ भन्ने सुझाव दिन्छ।'

तर, 'कोल्ड चेन'को के कुरा, धुलो र धुवाँ उडेको सडक छेउ दिनभरि हावाले सुकेको, झिँगा भन्किरहेको मासुको बेचबिखन पनि नेपाली सहर बजारमा सामान्य मानिन्छ। त्यसो त पशु वधशाला ऐन-२०५५ले वध गरिएको ५ घन्टाभित्रै मासु बेच्नुपर्ने, नत्र 'फ्रिजिङ'को व्यवस्था गर्नुपर्ने भनेको छ। यतिमात्र हैन, पसलमा तारजालीको व्यवस्था हुनुपर्ने, फोहोरबाट मासु टाढा राखिनुपर्ने व्यवस्था पनि ऐनमा छ। तर, अनुगमन अभावमा ऐन पालना हुन सकेको छैन।

मासु बजार निकै फराकिलो रहेकाले पनि अनुगमन गर्न मुस्किल परेको हुनसक्छ। अधिकारीको अध्ययनअनुसार धरानमा औसत दैनिक १८ सय किलो सुँगुर र १५ सय किलो राँगाको मासु खपत हुन्छ। तर, धरानमा जसरी सुँगुरको मासुको खपत अत्यधिक छ, अरूतिर त्यस्तो छैन। पशु विकास परियोजनाको एक तथ्यांकअनुसार नेपालमा खपत हुने मासुको कुल परिमाणमा राँगाको अंश जति छ, सुँगुरको त्योभन्दा निकै कम छ।

सन् २००५को प्रतिवेदनअनुसार नेपालमा वार्षिक १ लाख ३८ हजार ९ सय ५३ मेट्रिक टन राँगाको मासु खपत हुन्छ, जब कि सुँगुरको मासुको खपत १५ हजार ७ सय २४ मेट्रिक टनमात्रै हुन्छ। तैपनि, सुँगुर मासु खपतको दृष्टिले राँगा र खसीपछि आउँछ।



क्याप्सन: अस्वस्थ्यकर मासुले मन्द विष सरह मानिसलाई असर गर्छ। धरानमा मासु बेच्दै एक किशोर

यसको अर्थ हो, जुन पशुको मासुबाट रोग संक्रमणको खतरा बढी छ, त्यही मासुको खपत धेरै छ। मासु उपभोगमा काठमाडौं, पोखरा, बुटवल र हेटौंडाजस्ता सहर अगाडि छन्। तर, यी सहरमा हालसम्म व्यवस्थित वधशाला बन्न सकेको छैन, बनेका पनि गएगुज्रेका अवस्थामा पुगेका छन्। ■







## शिखरको सेयर बाँडफाँड



**शिखर इन्स्योरेन्स** कम्पनी लिमिटेडको एक सय रुपैयाँ मूल्य अंकित दुई लाख ५० हजार कित्ता साधारण सेयर बाँडफाँड गरिएको छ। सेयर खरिदका लागि आवेदन गर्ने ८२ हजार ९ सय १३ मध्ये कर्मचारीसहित १३ हजार २ सय ५४ जनाले सेयर हात पारेका छन्।

सार्वजनिक बिक्रीका लागि निष्काशन गरिएको सेयरभन्दा करिब ४४ गुणा बढी आवेदन परेका कारण कम्पनी रजिस्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल धितोपत्र विनिमय बजारका प्रतिनिधि, सर्वसाधारण लगानीकर्ता र संचारकर्मीको रोहवरमा गोला प्रथाबाट शेयर बाँडफाँड गरिएको हो।

## हुन्डाईको सम्मान

**एभ्को इन्टरनेसनल** प्रालिले जोन्छे ट्रेडर्स पोखरालाई 'वेष्ट परफमेन्स अवार्ड २०६२/०६३'बाट सम्मानित गरेको छ। यसै वर्षको 'वेष्ट रिजनल सेल्स अवार्ड' अटो सेन्टर विराटनगरले प्राप्त गरेको छ। हुन्डाई गाडीको नेपालका लागि एक मात्र अधिकृत बिक्रेता एभ्को इन्टरनेसनल प्रालिका सात डिलरमध्येबाट उनीहरू उत्कृष्ट छानिएका हुन्।

HYUNDAI

गत मार्चमा घोषणा गरिएका ती अवार्डहरू हालै पोखरा र विराटनगरमा आयोजित छुट्टाछुट्टै कार्यक्रममार्फत प्रदान गरिएको छ। पोखरामा कम्पनीका अनिलबहादुर श्रेष्ठ र विराटनगरमा संजय प्रधानद्वारा ती अवार्ड वितरण गरिएको थियो।

## हिमालयनको ड्राइ जिन

**हिमालयन डिस्टिलरीले** नर्थ स्टार एक्ट्रा ड्राइ जिन उत्पादन गरेको छ। जिनका पारखीहरूका लागि गुणस्तरीय र नयाँ स्वादमा यो जिन उत्पादन गरिएको कम्पनीले बताएको छ।

ककटेलका रूपमा सोझै पनि उक्त जिन सेवन गर्न सकिने बताइएको छ। ७ सय ५०, ३ सय ७५ र १ सय ८ मिलिलिटरका प्याकमा जिन उपलब्ध छ।

## दुगडको टिडा कार

**निसान गाडी** र स्पेयर पार्टको नेपालका लागि अधिकृत बिक्रेता दुगड ब्रदर्स एन्ड सन्सले नयाँ टिडा कार नेपाली बजारमा भित्र्याएको छ। कम्पनीद्वारा जारी विज्ञप्ति अनुसार टिडा कार नयाँ स्टाइल, आरामदायी र नयाँ प्रविधियुक्त छ। यसमा 'कम्प्युटराइज्ड भ्यालु टाइमिङ कन्ट्रोल' रहेको कम्पनीले बताएको छ। 'हाइ क्वालिटी, कम्प्याक्ट कार र कम्फर्टेबल ड्राइभिङ'को अवधारणाअनुसार यो कार निर्माण गरिएको छ। टिडा कार प्रविधि र सुविधामा अन्य कारभन्दा निकै उच्च रहेको कम्पनीको दाबी छ।













सगीना वैद्य

तस्वीरहरू : तेजबहादुर बस्नेत


दीपक श्रेष्ठ

तस्वर : एजेन्सी

**अनुभवी तेक्वान्दो खेलाडी संगीना वैद्य र दीपक विष्ट तथा कराँते खेलाडी दीपक श्रेष्ठ श्रीलंकामा आयोजना हुन लागेको सागमा तेस्रोपल्ट स्वर्ण पदक जित्ने तयारीमा छन् ।**

# तयारी ह्याट्रिकको

■ **नविन अर्याल/काठमाडौं**

**दुई सातापछि** श्रीलंकाको राजधानी कोलम्बोले दसौं दक्षिण एसियाली खेलकुद (साग) आयोजनाको बिगुल फुक्दा विशेषतः तीन नेपाली खेलाडीमाथि सहभागी आठ राष्ट्रका दर्शकको आँखा टक्क अडिनेछ । नेपाली ओलम्पियन खेलाडी संगीना वैद्य, तेक्वान्दोका अर्का धुरन्धर खेलाडी दीपक विष्ट र कराँतेका दीपक श्रेष्ठ साग प्रतियोगितामा तेस्रो-तेस्रो स्वर्ण पदकका लागि भिड्दै छन् । उनीहरू सागमा एकै साथ स्वर्ण पदकको ह्याट्रिक गर्ने योजनामा छन् । तर, के उनीहरू आफ्नो योजनामा सफल होलान् ?

काठमाडौंमा सन् १९९९ मा भएको आठौं दक्षिण एसियाली खेलकुद प्रतियोगिता (साफ)मा स्वर्ण पदक जित्दै यी तीनै खेलाडीले दक्षिण एसियाली राष्ट्रमाझ आफूलाई उत्कृष्ट 'फाइटर'को रूपमा परिभाषित गरेका थिए । दक्षिण एसियाली खेलकुदमा विगत सात वर्षदेखि अपराजित रहँदै आइरहेका यी खेलाडी एकपल्ट फेरि आफ्नो पुरानो 'फाइटर' छविलाई प्रमाणित गर्न यसपालि श्रीलंका जाँदै छन् ।

'पहिले जस्तो सहज हुनेछैन', दक्षिण एशियाली खेलकुदको नाम साफबाट सागमा परिवर्तन भएपछि हुन लागेको पहिलो प्रतियोगितामा तेस्रो स्वर्ण पदकका लागि भिड्न लागेका तेक्वान्दो खेलाडी दीपक विष्ट भन्छन् । दुई वर्षअघि पाकिस्तानमा नवौं साफको क्रममा आफ्नो दायाँ घुँडामा चोट लागेका विष्ट करिब डेढ वर्षको विश्रामपछि तीन महिनाअघि राष्ट्रिय टोलीमा फर्किएका थिए । 'सात वर्षअघि तेक्वान्दोमा दक्षिण एसियाली राष्ट्रमध्ये नेपालको बलियो पकड थियो । अहिले विस्तारै अरू राष्ट्र पनि बलियो हुँदै आइरहेका छन् । त्यसैले सबै राष्ट्रको सम्भावना उत्तिकै छ', ३० वर्षीय विष्ट अहिले नै स्वर्ण पदकका लागि भविष्यवाणी गर्न अप्ठ्यारो पर्ने बताउँदै भन्छन् । काठमाडौंमा भएको आठौं साफ र पाकिस्तानमा भएको नवौं साफमा स्वर्ण जित्दा विष्ट जुन तौल समूहमा उत्रिएका थिए, अहिले त्यसको अनुपातमा उनको तौल बढी रहेका कारण पनि भविष्यवाणी गर्न गाह्रो परिरहेको छ । त्यसमा पनि चोटग्रस्त उनको घुँडा राम्रोसँग ठिक नभइसकेका कारण सागमा स्वर्णको ह्याट्रिक गर्दै इतिहास रच्ने सम्भावना झिनो नै देखिएको छ । 'पहिलेको जस्तो शतप्रतिशत फिट त छैन । तर, स्वर्णका लागि मानसिकरूपले तयार छु', आत्मविश्वासी विष्ट भन्छन् । विष्टले आठौं र नवौं साफमा फेदरवेट (६२-६७ केजी)तर्फ स्वर्ण जितेका थिए । यसपालि उनी वेल्टरवेट ( ७२- ७८ केजी)तर्फ उनले प्रतिस्पर्धा गर्दै छन् । लामो समयको विश्रामले गर्दा उनको तौल बढेको थियो भने एक्कासि तौल घटाउँदा शल्यक्रिया भएको घुँडामा असर पर्ने हुनाले उनी बढेको अहिलेको तौलमै प्रतिस्पर्धा गर्न तयार भएका हुन् । 'बेलाबेलामा दुख्छ । हातमा प्लेट छ । दायाँ घुँडामा दुईवटा स्क्रु फिक्स गरिएको छ', उनी आफ्नो समस्या बताउँछन् ।

नेपाली तेक्वान्दोमा आक्रामक खेलाडीको रूपमा चिनिने विष्ट दिमागी खेलाडीको रूपमा पनि चिनिन्छन् । त्यसैले पनि होला प्रतियोगिताको बेला घुँडाले समस्या नबल्झिएमा विष्टलाई तेस्रो स्वर्ण पदक जित्नबाट कसैले नरोक्ने दाबी छ, एक महिनाअघि नेपाली तेक्वान्दो खेलाडीलाई प्रशिक्षण दिन काठमाडौं आएका दक्षिण कोरियाली तेक्वान्दो प्राध्यापक कियोन ह्योउक जोडको । 'उनमा शक्ति र लड्ने दिमाग दुवै छ ।


दीपक विष्ट

अभ्यासको क्रममा घुँडाले साथ दिएको खण्डमा उनलाई स्वर्ण पदक जित्नबाट कसैले रोक्न सक्दैन', कियोन बताउँछन् ।

तेक्वान्दोकै ओलम्पियन खेलाडी संगीना वैद्य स्वर्णको हकदार भए पनि उनको अभ्यासमा पहिले जस्तो एकाग्रता नभएको बताइन्छ । 'मैले प्रशिक्षक साथीहरूबाट उनको खेलको वर्णन सुनेको थिएँ । त्यो अनुपातमा अहिले उनको खेलमा एकाग्रता छैन जस्तो लाग्छ', कियोन भन्छन् । सन् २००४ मा ग्रिसमा भएको ओलम्पिकमा सहभागी भएयता संगीना पूर्णरूपले विश्राममा थिइन् । उनी एक महिनाअघि मात्र राष्ट्रिय टोलीमा फर्किएकी हुन् । सन् १९९९ मा काठमाडौंमा मोटरसाइकल दुर्घटनामा देब्रे खुट्टामा गहिरो चोट लागेकी संगीना यति बेला सोही खुट्टाको घुँडामा पीडा महसुस गर्दै छिन् । 'दुर्घटना भएको खुट्टा दुख्न थालेको छ । चिकित्सकहरूले भाँचिएको खुट्टाको घुँडा तल अलिकति पानी जमेको बताएका छन्', आफ्नो समस्या बताउँदै संगीना भन्छिन् । तर, संगीनाका लागि सुखद समाचार उनी आफ्नो तौलमा एकरुपता राख्न सफल छिन् । आठौं र नवौं साफमा फ्लाइवेटतर्फ स्वर्ण पदक जितेकी संगीना यसपालि पनि सोही तौल समूहमा भिड्दै छन् । यो तौल समूहमा उनीभन्दा निकै कम अनुभवी खेलाडी समावेश हुने भएकाले पनि समस्याको बीच उनको पदकको सम्भावनालाई कसैले इन्कार गरेका छैनन् । 'उनीसँग दिमाग र अनुभव छ, तर लामो विश्रामले गर्दा होला प्रहार फितलो देखिएको छ । यसमा सुधार ल्याउने हो भने उनको पदक जित्ने सम्भावनालाई कसैले रोक्न सक्दैन', प्रशिक्षक कियोन भन्छन् । संगीना पनि खुट्टाले साथ दिएको खण्डमा सागमा स्वर्ण पदकको ह्याट्रिक गर्दै इतिहास रच्ने अभियानमा रहेको बताउँछिन् । 'मलाई आफूप्रति पूर्ण विश्वास छ', यही सागपछि अन्तर्राष्ट्रिय खेलजीवनबाट संन्यास लिने मनस्थितिमा पुगेकी ३० वर्षीया ओलम्पियन खेलाडी भन्छिन् ।

स्वर्णको ह्याट्रिक गर्ने दाउमा रहेका कराँतेका दीपक श्रेष्ठ भने प्रतियोगिताका लागि शारीरिक र मानसिक दुवैरूपले फिट देखिन्छन् । 'पाकिस्तानमा जस्तै रेफ्रीको विवादास्पद निर्णय भएन भने राष्ट्रका लागि अर्को स्वर्ण पदक जित्न चाहन्छु', नवौं साफको तितो अनुभव बटुलेका दीपक भन्छन् । काठमाडौंमा भएको आठौं साफमा स्वर्ण जितेका दीपकले पाकिस्तानमा रेफ्रीहरूको विवादास्पद निर्णयहरूका बीच पनि कराँतेमा नेपाललाई एक मात्र स्वर्ण पदक दिलाउन सफल भएका थिए । उनी वैदेशिक प्रशिक्षणका लागि गत साता मलेसिया पुगेका छन् । सागमा लगातार तेस्रो स्वर्ण पदकका लागि पुरानै तौल समूहमा खेल्न लागेका छन्, उनी । आठौं र नवौं साफमा दीपकले ६० केजी तौल समूहमा स्वर्ण जितेका थिए, अहिले पनि उनी सोही तौल समूहबाट खेलिरहेका छन् । ■


सागमा सहभागी हुन लागेका बक्सरहरू

# स्वर्ण पदकको आशा

**दुई सातापछि** श्रीलंकामा दसौं दक्षिण एसियाली खेलकुद (साग) सुरु हुँदा आम नेपालीको ध्यान मार्सल आर्टस्का खेलतर्फ मात्र नभई बक्सिङतर्फ पनि खिचिनेछ । किनभने बक्सिङ अन्तर्राष्ट्रिय क्षेत्रमा हुने प्रतियोगिताहरूमा नेपालको साख बचाउने खेल पनि हो । त्यसमाथि यसपालि दस महिना लामो ट्रेनिङका कारण बक्सिङले राम्रो नतिजा निकाल्छ भन्नेमा धेरैको विश्वास छ ।

'श्रीलंकामा नौवटा पदक जित्ने आशा गरेका छौं', सुरुदेखि नै सागको तयारीमा जुटेका मुख्य बक्सिङ प्रशिक्षक प्रचण्ड शर्मा बताउँछन् । नेपालले पहिलो साफदेखि नवौं साफसम्म बक्सिङतर्फ ७९ वटा पदक जितिसकेको छ, जसमा ६ स्वर्ण रहेका छन् । सन् २००२ मा दक्षिण कोरियाको बुसानमा भएको चौधौं एसियाडमा बक्सिङका सात उत्कृष्ट खेलाडी उतै बेपत्ता भएपछि नेपालले पाकिस्तानमा पछिल्लोपल्ट भएको साफ प्रतियोगितामा सबै नयाँ अनुहारलाई समावेश गराएको थियो । त्यहाँ नेपालले २ रजत र ५ काँस्यमै चित्त बुझाउनुपरेको थियो ।

यसपालि नेपालले नौवटा तौल समूहमा प्रतिस्पर्धा गर्दै छ, जसमा ५ खेलाडीले साफ प्रतियोगिताको अनुभव बटुलिसकेका छन् । नवौं साफमा रजत पदक जितेका नेपाल आर्मीका विकास परियार र विष्णुप्रसाद रिजाल तथा काँस्य पदक जितेका नेपाल आर्मीका सूर्य राना मगर र सशस्त्रका दीपेन्द्र महर्जन यसपालि पनि नेपाली टोलीमा समावेश छन् । नवौं साफमा सहभागी भए पनि पदकविहीन बनेका सशस्त्रका सुशील घिमिरेसहित दसौं सागका लागि चार खेलाडी नेपाल आर्मी, चार खेलाडी सशस्त्र र एकजना ललितपुरबाट छनोट भएका छन् ।

'हालसम्म खेलाडीहरूमा कुनै समस्या देखिएको छैन । हाम्रो अगाडि मुख्यबाधा भारत र पाकिस्तान नै रहनेछन्', नेपाली बक्सरहरूलाई 'स्पाइरिङ'का लागि गत बुधवार बैंकक लानुअघि बक्सिङका मुख्य सहायक प्रशिक्षक ओम मास्केले बताए । उनी ट्रेनिङमा रहेका खेलाडीहरूलाई स्पाइरिङ पार्टनरको समस्या भएकाले गर्दा बैंकक लानु परेको र दुई साताको भ्रमणमा आफ्ना खेलाडीहरू अझै तिखारिने बताउँछन् । 'हामी नवौं साफमा गुमाउनु परेको दुईवटा स्वर्णको भाग यसपालि खोस्ने योजनामा छौं', मास्के भन्छन् ।

नेपालको तर्फबाट ४८ केजी तौल समूहमा नेपाल आर्मीका सूर्य राना मगर, ५१ केजीमा सशस्त्रका अनिलप्रसाद दाहाल, ५४ केजीमा ललितपुरका महेश रिजाल, ५७ केजीमा सशस्त्रका पूर्णबहादुर लामा, ६० केजीमा सशस्त्रकै दीपेन्द्र महर्जन, ६४ केजीमा सशस्त्रका सुशील घिमिरे, ६९ केजीमा नेपाल आर्मीका अनिल गुरुङ, ७५ केजीमा नेपाल आर्मीकै विकास परियार र ८१ केजी तौल समूहमा नेपाल आर्मीकै विष्णुप्रसाद रिजाल भिड्दै छन् ।

'यसपालि ट्रेनिङ राम्रो भएको छ, त्यसैले स्वर्णको आशा गरेको छु', नवौं साफमा स्वर्णको नजिक भएर पनि फाइनलमा चुकेका विष्णु रिजाल भन्छन् । 'दक्षिण एसियामा हामीभन्दा माथि भारत र पाकिस्तान मानिन्छ । तर, यसपालि हामी पनि उनीहरूभन्दा कम छैनौं भनी प्रमाणित गर्न चाहन्छौं', नवौं साफमा स्वर्णको भिडन्तमा पाकिस्तानी बक्सरबाट पराजित भएका अर्का बक्सर विकास परियार भन्छन् । यस्तै, आठौं साफमा वैकल्पिक खेलाडी रहेका र नवौं साफमा काँस्य पदक जितेका अनुभवी बक्सर दीपेन्द्र महर्जन भाग्यले साथ दिएको खण्डमा आफूलाई स्वर्ण पदक जित्नबाट कसैले रोक्न नसक्ने बताउँछन् ।

नेपालले पहिलो साफमा २ स्वर्ण, तेस्रो साफमा १ स्वर्ण, पाँचौं साफमा १ स्वर्ण, आठौं साफमा २ स्वर्ण जितेको थियो । दोस्रो, चौथो, छैटौं, सातौं र नवौं साफमा नेपाल स्वर्ण पदकविहीन रहेको थियो । साफमा बिराएर स्वर्ण जित्ने बानी बसालेको नेपाल नवौं साफमा गुमाउन पुगेको दुईवटा स्वर्ण पदकको तितो अनुभव बटुलेर यसपालि श्रीलंका पुग्दै छ । त्यसैले दसौं साफमा आम नेपाली खेलप्रेमीको आँखा यो खेलतर्फ पनि हुनेछ । के बक्सिङले नेपाललाई अर्को स्वर्ण पदकको सुखद अनुभव देला ? ■




# क्रिकेटको आधिपत्य

**'यो वर्षको उत्कृष्ट** पुरुष खेलाडी बन्न सफल भएका छन्, क्रिकेटका विनोद दास', गत सोमवार सोल्टी होटलको मेगा महरमा खचाखच करिब २ सयजना खेलविज्ञ, खेलपदाधिकारी र पत्रकारहरूको सामुन्ने २०६२ सालको नेपालकै सर्वाधिक सफल खेलाडी घोषित हुँदा राष्ट्रिय क्रिकेट टोलीका कप्तान विनोद दास केही भावुक देखिन्थे। हुन पनि उनलाई यो पुरस्कार नेपाली खेलकुदको अभिभावकत्व स्विकारेको राष्ट्रिय खेलकुद परिषद् (राखेप) र उनी आबद्ध नेपाल क्रिकेट संघ (क्यान)ले नभई वर्षभरि नेपाली खेलकुदको बारेमा समाचार तयार पार्न व्यस्त रहने खेल पत्रकारहरूको संगठन, नेपाल खेलकुद पत्रकार मञ्चले प्रदान गरेको थियो। 'म यो सम्मानबारे वर्णन पनि गर्न सक्दिनँ। मलाई अहिले आफू सफल क्रिकेटर भएको महसुस हुँदै छ', करिब एक दशकदेखि नेपाली क्रिकेटसँग आबद्ध रहँदै आइरहेका विनोदले *समय*सँग भने। अघिल्लो वर्ष बंगलादेशमा भएको एएफसी च्यालेन्जकप प्रतियोगितामा ५ गोल गरेका फुटबलका प्रदीप महर्जन, आफ्नै सहयात्री क्रिकेटर परेश लोहनी र कनिष्क चौगाई, एथ्लेटिक्सका देवीबहादुर बस्नेतको मनोनयनलाई पछि पार्दै विनोद वर्ष खेलाडी भए। गत वर्ष उनको कुशल नेतृत्वमा एसिसी फास्ट ट्र्याक तीनदिवसीय क्रिकेटमा नेपाल कुनै खेल नहारी उपविजेता बनेको थियो। नेपाललाई यो उपलब्धि दिलाउन उनले ४ खेलमा २१ विकेट लिएका थिए। हङकङविरुद्ध २९ रन खर्चेर ६ विकेट लिने क्रममा तीन दिवसीय क्रिकेटमा नेपालका लागि अहिलेसम्मकै उत्कृष्ट प्रदर्शन गरेका थिए, विनोदले।


नेपाल खेलकुद पत्रकार मञ्चले वार्षिकरूपमा प्रदान गर्दै आइरहेको एनएफजेएफ अवार्ड साउन १५ गर्दै घोषणा हुँदा क्रिकेटकै आधिपत्य रह्यो। यस वर्ष पाँचवटा विधामा अवार्ड प्रदान गरिएको थियो, जसमा उत्कृष्ट युवा खेलाडीको अवार्ड क्रिकेटकै कनिष्क चौगाई र प्रशिक्षकको रोयलुक डायसले पाए। यो संयोग मात्र होइन, वर्ष खेलाडी घोषित भएका कलैयाका विनोद दाससँगै कलैयाका अर्का नामुद ब्याट्सम्यान कनिष्क चौगाईले युवा वर्ष खेलाडीको पुरस्कार जिते। 'यो कलैया नेपाली क्रिकेटका लागि उर्वरभूमि भन्ने प्रमाण हो', वर्ष खेलाडीको मनोनयनमा पनि परेर आफ्ना अग्रज विनोद दासलाई कडा चुनौती दिएका कनिष्क भन्छन्। पढाइका लागि यसै साता अमेरिका उड्न लागेका कनिष्कलाई युवा वर्ष खेलाडी बन्न युथ-१७ फुटबलका चेतन घिमिरे र कप्तान रञ्जित श्रेष्ठ, क्रिकेटका ज्ञानेन्द्र मल्ल र एथ्लेटिक्सकी केशरी चौधरीले चुनौती दिएका थिए। तर, मनोनयनमा परेका यी खेलाडीहरू आइसिसी युथ-१९ विश्वकप क्रिकेटमा नेपाललाई प्लेट- च्याम्पियन जिताएका कनिष्कको अगाडि कमजोर देखिए। कनिष्क नेपाली युथ-१९ अन्तर्राष्ट्रिय क्रिकेटको इतिहासमा हजार रन पूरा गर्ने एकमात्र क्रिकेटर हुन्। करिब ५ वर्ष नेपाली क्रिकेटसँग जुडिएका श्रीलंकाली क्रिकेट टोलीका पूर्व प्रशिक्षक तथा टेस्ट ब्याट्सम्यान रोयलुक डायसको नेतृत्वमा गत वर्ष नेपालले युथ-१५ एसियाकप, युथ-१९ विश्वकप छनोट प्रतियोगिता मात्र जितेन विश्वकपको प्लेट च्याम्पियन पनि बन्यो। उत्कृष्ट प्रशिक्षकको मनोनयनमा एथ्लेटिक्सका सुशीलनरसिंह राणा र फुटबलका श्याम थापा परेका थिए।

यस वर्ष उत्कृष्ट महिला खेलाडीको अवार्ड भने नेपाली खेलकुदकी 'उडनपरी' एथ्लेटिक्सकी निर्मला भारतीले जितिन्। उनले यो अवार्डको मनोनयनमा परेका एथ्लेटिक्सकै केशरी चौधरी, जुडोकी लीला अधिकारीलाई पछि पारेकी थिइन्। निर्मलाले २०६२ सालमा मात्र सात राष्ट्रिय कीर्तिमान भंग गरेकी थिइन्। 'यो पुरस्कारले मलाई अझै राम्रो खेल्न प्रेरणा दिएको छ', नेपाली खेलकुदमा एक वर्षमा सबैभन्दा बढी कीर्तिमान बनाउने इतिहास रचेकी निर्मलाले भनिन्। हाल दक्षिण एसियाली खेलकुद (साग)को तयारीमा रहेकी निर्मलालाई स्वर्णको दाबेदार मानिएको छ। 'सागमा स्वर्ण जित्ने लक्ष्यमा यो सम्मानले थप ऊर्जा दिएको छ', उनी भन्छिन्।

नेपाली खेलकुदमा लामो त्याग र तपस्या गरेका पुराना खेलाडीलाई सम्मान गर्ने उद्देश्यले पहिलोपल्ट नयाँ विधाको रूपमा प्रदान गरिएको 'लाइफ टाइम अचिभमेन्ट' अवार्डबाट यस वर्ष एथ्लेटिक्सका गजराज जोशी सम्मानित भए। 'यो सम्मानबाट गौरवान्वित भएको छु, सन् १९५१ मा भारतको दिल्लीमा आयोजना भएको पहिलो एसियाडमा भाग लिएका ८३ वर्षीय पूर्व एथ्लेटले भने।

नेपाल खेलकुद पत्रकार मञ्चले २०५४ देखि प्रदान गर्दै आइरहेको एनएफजेएफ अवार्डलाई यसपालि एलजी कम्पनीले प्रायोजन गरेको थियो। ■

# संविधानसभाको निर्वाचन कसरी ?




**जनआन्दोलन–२** को बलमा पुनःस्थापित प्रतिनिधिसभाले अन्तरिम विधान निर्माणपछि सर्वदलीय सरकार बनाएर संविधानसभामार्फत नयाँ संविधान बनाउने घोषणा गरिसकेको छ। अहिले राजधानी र मोफसलका विभिन्न सभा, समारोह, गोष्ठी, सेमिनारमा संविधानसभा र राज्यको पुनर्संरचना चर्चाको विषय भएको छ। अधिकांश मानिसको चासो रहेको संविधानसभामा केन्द्रित भएर संवैधानिक कानुनका विज्ञ अधिवक्ता चन्द्रकान्त ज्ञवालीद्वारा लिखित 'संविधान, संविधानवाद, संविधानसभा र राज्यको पुनर्संरचना' नामक किताब हालसालै बजारमा आएको छ।

पाँच अध्यायमा बाँडिएको यो किताबमा संविधान, संविधानवाद, संविधानसभाको निर्वाचन प्रक्रिया, राज्यको पुनर्संरचना र पुनर्संरचनामा न्यायपालिकाको भूमिकाबारे विश्लेषण गरिएको छ। संविधानलाई राज्यको शासनप्रणाली सञ्चालन गर्न तयार पारिएको नियमको रुपमा चित्रण गर्दै लिखित र अलिखित संविधानका विशेषता केलाइएको छ। संविधानवादलाई प्रजातान्त्रिक मूल्यमान्यताबाट अलग राख्न नसकिने लेखकको धारणा छ। ज्ञवालीका अनुसार संविधानवाद सधैं निरंकुश सरकारको विरुद्धमा हुन्छ। शक्ति पृथकीकरण र शक्ति सन्तुलनको सिद्धान्तबमोजिम सरकारको स्वेच्छाचारी काम कारबाही नियन्त्रण गर्दछ।

संविधानसभा निर्वाचनबारे चर्कोरुपमा कुरा उठे पनि यसको गठन प्रक्रियाबारे अस्पष्टता कायम रहेको देखिन्छ। पुस्तकमा नयाँ संविधान निर्माणका लागि गरिने संविधानसभाको निर्वाचन प्रक्रियाका क्रममा भारत, पाकिस्तान, क्यानडा, दक्षिण अफ्रिका, सोभियत संघ, पूर्वी टिमोर, इटाली, कोलम्बिया, पोल्यान्ड, बोलिभियालगायत मुलुकले अपनाएका मोडललाई आधार मानेर नेपालको वस्तुस्थिति अनुकूल निर्वाचन प्रक्रिया अघि बढाउन सकिने धारणा समेटिएको छ।


संविधानसभा निर्वाचनका लागि विश्वका विभिन्न मुलुकले पहिले नै अपनाएका प्रणालीहरू जस्तोः पहिलो हुनेले जित्ने, बहुमतवादी, समानुपातिक, सूची, एकल संक्रमणीय र मिश्रित प्रणालीलाई आधार मान्न सकिन्छ। नेपालको सन्दर्भमा मिश्रित प्रणाली सबैभन्दा बढी व्यवहारिक र सजिलो हुने ठम्याइ छ लेखकको। मिश्रित प्रणालीअनुसार नेपालको २ करोड ५२ लाख जनसंख्याबाट प्रत्येक १ लाख जनसंख्याबाट एकजना प्रतिनिधि चुनिने गरी जम्मा २५२ जना प्रतिनिधिलाई संविधानसभामा पठाउन सकिन्छ। ज्ञवालीका अनुसार २५२ जनप्रतिनिधि संख्यामध्ये १२६ जना अहिलेको प्रतिनिधिसभाको निर्वाचन जस्तो खालको पहिलो हुनेले जित्ने प्रणाली अपनाउन सकिन्छ। बाँकी १२६ सभासदहरू प्रत्येक दलले जनजाति, दलित, महिला, पेसा, वर्ग, अल्पसंख्यकबाट समानुपातिक उम्मेदवार छनोट गरी प्राप्त मतको आधारमा प्रत्येक दललाई १२६ सिट बाँडफाँड गर्न सकिन्छ। विभिन्न क्षेत्रबाट सदस्यहरू निर्वाचित भएपछि गठित संविधान मस्यौदा समितिलाई नयाँ संविधान बनाउने अधिकार दिइएको हुन्छ।

राज्यको पुनर्संरचनाको सवालमा जनतामा पूर्ण सार्वभौमसत्ता, समावेशी प्रजातन्त्र, सुरक्षानिकायको व्यवस्थापन, समानुपातिक निर्वाचन प्रणाली, आत्मनिर्णय अधिकार, गणतन्त्रात्मक शासन प्रणाली, स्वतन्त्र र सक्षम न्यायप्रणाली, संसद्मार्फत राज्यको आर्थिक नियन्त्रण, भाषाभाषीको सम्मानलगायत विषय समेटिनुपर्ने उल्लेख छ। माओवादी, राजनीतिक दल, जनजाति, दलित, अल्पसंख्यक सबैको समानुपातिक प्रतिनिधित्वबाट मात्र द्वन्द्वको अन्त्य भई लोककल्याणकारी राज्यको स्थापना हुने निष्कर्ष छ, लेखकको। नयाँ संविधान बनेपछि न्यायापालिका स्वतन्त्र र सक्षम भएर पुरातनवादी सोचबाट मुक्त हुनुपर्ने आवश्यकता खट्केको छ। सामाजिक सरोकारका विषयमा सर्वोच्च अदालतले सक्रियता बढाई सामाजिक न्याय अनुभूत गराउनु प्राथमिकताको विषय हो। न्यायालयको संरचना नबदलीकन तदर्थवादबाट मुलुक अघि बढ्न नसक्ने विचार अभिव्यक्त छ। किताबको आखिरी भागमा माओवादी र सात दलबीचको बाह्रबुँदे सहमति, राजाका दुई घोषणा, प्रतिनिधिसभा घोषणा र सरकार र माओवादी युद्धविराम आचारसंहिता अनुसूचीका रूपमा राखिएको छ।

समसामयिक विषयमा आधारित यो किताब कानुनका विद्यार्थी, अध्यापक, अनुसन्धातालगायत सबैको लागि उपयोगी छ। किताबबारे सर्वोच्च अदालतका न्यायाधीश अनुपराज शर्मा लेख्छन्, 'संविधानवादको विकास केलाउँदै अब निर्माण गरिने संविधानको प्रक्रियाबारे परिचर्चा र विभिन्न मुलुकमा अंगीकार गरिएका संविधानसभाका मोडेलको जानकारीले गर्दा यो किताबले यो विषयमा सरोकार राख्ने सबैको तृष्णा मेटाउन सक्नेछ।'

■ छत्र कार्की

# वृत्तचित्रजस्तो जीवन




**'मेरो त्रियासी** वर्षको जीवनको यस उत्तरार्धमा अहिले जीवनलाई हेर्दा आफ्नो जीवन एक साहसिक वृत्तचित्र जस्तो पो लाग्न थालेको छ। नेपालमा राजनीतिक र सामाजिक जनचेतना र परिवर्तनहरूका लागि मैले आफ्नो मन, वचन र कर्म समर्पित गर्न पाएँ, जुन मेरो सौभाग्य हो र यसलाई मैले धेरै उपलब्धि र सफलता ठानेको छु', वरिष्ठ वामपन्थी नेता गौरीभक्त प्रधानको 'मेरा सम्झनाहरू' नामक किताबमा व्यक्त आत्मकथाको निचोड हुन् यी पंक्ति।

नेपालको वामपन्थी आन्दोलनमा प्रधानले पुर्‍याएको योगदान सिलसिलेवाररुपमा आएको छ, उनको कसैप्रति पूर्वाग्रह र गुनासो नभएको किताब पढ्दा थाहा हुन्छ। युवावस्था बर्मामा बिताएको सम्पन्न बाल्यकाल, दोस्रो विश्वयुद्ध सुरु भएपछि भागेर नेपाल आउनु परेको बाध्यता, नेपालमा कम्युनिष्ट पार्टीको स्थापना, विकास र उकाली ओरालीका साक्षी प्रधानको जीवन आफैंमा लामो यात्रा हो, जुन पुस्तकका पानामा छरिएका छन्। गोली लागेर मरेका मानिसको लासलाई परवाह नगरी भोकै प्यासै कैयौं दिन लगाएर बर्माबाट काठमाडौं आउँदाको अनुभव त्रासद लाग्छ। यस्तै कम्युनिष्ट पार्टीको संस्थापक सदस्यका हैसियतमा चीनको राजधानी बेइजिङ पुग्न गरेको साहसिक र जोखिमपूर्ण यात्रा उत्तिकै रोचक, कौतुहल र रोमाञ्चक छ।

बर्माबाट स्कूले शिक्षा लिएका गौरीभक्तमा युवावस्थादेखि नै राजनीतिप्रति रुचि भए पनि कांग्रेसका विपी कोइरालासँगको पहिलो भेटपछि सक्रिय राजनीतिमा उत्रिएका हुन् उनी। मित्र त्रिरत्न तुलाधरको घरमा मःम खान बोलाएको बेला विपी कोइरालासँग भेट भएको, सरकारी जागिरे प्रधानलाई कोइरालाले राजनीतिमा आउन आग्रह गरेको र त्यसै दिन विपी र आफू प्रहरी गिरफ्तारीमा परेको उनले लेखेका छन्। २००५ सालमा कोइरालासँगै गिरफ्तारीमा परेका प्रधान ९ महिनापछि छुटेपछि भने कांग्रेसको सट्टा कम्युनिष्ट पार्टीको सदस्य बन्न पुगे। कम्युनिष्ट पार्टीको गठन, विकास र विस्तारमा प्रधानले प्रशस्त लगानी गरेको कुरा किताबबाट थाहा हुन्छ। आत्मकथा र राजनीतिक इतिहासमा रुचि राख्नेहरूका लागि यो किताब एउटा महत्त्वपूर्ण दस्तावेज हो।■



# पार्टीविरोधी

■ विष्णु रिजाल

**कुनै दिन यो विन्दुमा** किशोरसँग भेट होला भन्ने कल्पना मैले गरेको थिइनँ। तर, अनायास र अकस्मात् ऊसँग भेट भयो। वर्षौंदेखि खोजिरहेको मान्छे यो हालतमा पाउँदा मेरो मनमा अत्यासको मुस्लो फुट्यो। मेरा आँखातर्फ हेर्दै पहिलेजस्तै सालीन मुद्रामा उसले मन्द मुस्कान पोख्यो। उसको अनुहारमा निराशाको संकेत थिएन, पीडाको छनक थिएन।

उसको अवस्थाले म एकसाथ आतंकित र आश्चर्यचकित भएँ। त्यसयता मलाई एउटै प्रश्नले लखेटिरहेको छ- आखिर यस्तो हुन्छ कसरी ?

'कामले कोही सानो र कोही ठूलो हुने हो र !', उसको चित्त बुझाउ प्रश्नले पनि मेरो चित्त पटक्कै बुझाउन सकेन। त्यसयता यो पूरै समय विगतमै डुबेर बित्यो तर मैले उठाएको प्रश्नको जवाफ पाउन सकिनँ।

मैले पहिलो पटक भेट्दा उसको ओठमा राम्ररी जुँगाको रेखी पनि बसेको थिएन। पन्ध्र-सोह्र वर्षको किशोरलाई त्यति बेलै पूरै विश्वास गर्न नसके पनि ऊसँगको एक घन्टाको बसाइमा नै उसले पर्याप्त परिचय दिइसकेको थियो। यसलाई राम्ररी काममा लगाउने हो र प्रशिक्षित गर्ने हो भने भोलि पार्टी र देशले एउटा असल सपूत पाउनेछ भन्ने विश्वास ममा जागेको थियो। नौ कक्षामा पढ्दै गरेको त्यो किशोरलाई विद्यार्थी क्षेत्रमा संगठित गर्ने निष्कर्ष मैले त्यति बेलै निकालेको थिएँ। हामीलाई सजिलो पर्ने मुख्य कारण के थियो भने उसले स्कुलमा जहिले पनि पहिलो स्थान हासिल गर्थ्यो। पहिलो विद्यार्थीको बोली यसै पनि सहजै बिक्ने भएकाले ऊ हाम्रो छनोटमा परेको थियो।

भूमिगत कालको त्यो यात्रामा हामी न्यूनतम मापदण्डका आधारमा यसरी नै मान्छेलाई सम्पर्क गर्थ्यौं। पारिवारिक पृष्ठभूमि र नैतिक आचरणलाई मुख्य मापदण्ड बनाएर प्रयत्न गरियो भने जो कसैलाई पनि सजिलै रूपान्तरण गर्न सकिन्छ भन्ने हाम्रो विश्वास थियो। कार्यकर्ता उत्पादन गर्ने यो शैलीमा हामी निकै सफल पनि भइरहेका थियौं। पार्टीले त्यो क्षेत्रको जिम्मा दिएपछि यही तरिकाले म गाउँमा पुगेको थिएँ। दिउँसो म आवरणका लागि विद्यालयमा पढाउँथें भने राति मेरो खास दायित्वअन्तर्गत गाउँलेलाई राजनीतिक शिक्षा दिन्थें। दुई वर्षमै हामीले त्यो गाउँमा दर्जनभन्दा बढी कार्यकर्ता निर्माण गरिसकेका थियौं।

दस कक्षा उत्तीर्ण नगर्दै किशोरले आश्चर्यजनक रूपले सबैलाई उछिन्यो। राति चल्ने बहसमा ऊ घन्टौंसम्म उत्सुकतापूर्वक सहभागी हुन्थ्यो। विषयवस्तुलाई छिट्टै सही ढंगले बुझ्ने सवालमा ऊ हामी जो कोहीभन्दा अगाडि देखियो। उसको क्षमता, प्रतिभा र लगनशीलताले हामीलाई पनि लोभ्याउँथ्यो। ठिक समयमा ठिक मान्छे छानिएछ भन्ने गर्वले म आफैं प्रफुल्लित हुन्थें। त्यस क्षेत्रमा विद्यार्थीबीच पार्टीको प्रभाव कति परेछ भन्ने कुरा त अहिले पनि त्यहाँको संगठन हेर्दा थाहा हुन्छ। सत्य लुकाउनुहुँदैन, त्यसमा हाम्रोभन्दा बढी हात किशोरको थियो। ऊ विद्यार्थीबीच रानो माहुरी नै बनेको थियो। उसको लोभलाग्दो वाकपटुकता, सहनशीलता र तार्किताको अगाडि विद्यार्थी त के शिक्षक पनि मौन हुन्थे।

व्यवहारको आरनमा खारिने अवसर उसलाई राज्यले जुटाइदियो। आफूबाहेक अरूको अस्तित्व र गतिविधि सहन नसक्ने प्रधानपञ्च सदरमुकाम गएको पाँचौं दिनमा प्रहरीले किशोरलाई विद्यालयमै घेरा हाली पक्राउ गऱ्यो। हाम्रो गतिविधिप्रति अनभिज्ञ कतिपय गाउँलेहरू पनि अन्योलमा परे।

'किशोरले त गाथगादी ताकेको थियो रे !'

'ऊसँग त बन्दुक पनि थियो रे !'

'ऊ राति कहिल्यै घरमा बस्दैनथ्यो रे !'

'जात, धर्म नमान्ने पार्टीमा लागेको थियो रे !'

कतिपय भएका र कतिपय काल्पनिक टिप्पणीले गाउँ गुञ्जायमान भयो। सरकारी दमनले एकाएक यो गाउँमा गति लियो। प्रधानको छोरो रमेशको दादागिरी र सुराकीबाट पनि हामीले हरेस खाएनौं। सोझासीधा कति साथीहरू उसको गुन्डागर्दीको सिकार भए तर हामी वर्गीय घृणा र बदलाको भावमा अगाडि लम्किरह्यौं। हामीले प्रतिकूलतामा पनि अनुकूलता खोज्यौं। किशोरको गिरफ्तारीले आक्रोशित विद्यार्थीहरूको बीचमा हामी विस्तारै प्रवेश गऱ्यौं। राज्यको जनविरोधी चरित्रको उदाहरण दिनका लागि किशोरको गिरफ्तारी सहयोगी बन्यो। फलतः राज्यले मूढो ताकेको थियो, हामीले घुँडो ताक्यौं।

हामी किशोरको खबर बुझ्न सूत्रहरू परिचालित गर्थ्यौं। उसलाई हरेस नखान र दृढतापूर्वक भित्रै संघर्ष गर्न हामी प्रेरित गर्थ्यौं। तर, ऊ हामीले सोचेभन्दा निकै जिम्मेवार,

इमानदार र आफ्नो लक्ष्यप्रति दृढ थियो । उसले जेलभित्रबाट पठाएका पत्र पढ्दा हाम्रो आङ सिरिंग हुन्थ्यो । बलिदान, आत्मविश्वास र दृढताले भरिएका उसका पत्रहरू हाम्रा लागि मार्गदर्शक हुन्थे । मलाई अहिले पनि सम्झना छ, हाम्रा कति बैठकमा त उसका पत्रहरू मात्रै एजेन्डा बनेका थिए । हातले सारेर ती पत्रहरू हामीले अरू कमिटीसम्म पुऱ्याएका थियौं ।

त्यस्तो जेहेनदार विद्यार्थीलाई सरकारले परीक्षा दिनबाट वञ्चित गरायो । आमाबा, साथीभाइ र शिक्षकहरूले पीर मान्दा पनि उसले चिन्ता प्रकट गरेन । 'म त्योभन्दा ठूलो काम गर्दै छु । मेरा लागि मात्र होइन, जनताका लागि म राज्यसँग लड्दै छु । मेरो परीक्षा यति बेला राज्यले लिइरहेको छ ।' परीक्षा छुटेकोमा उसले जेलभित्रबाट पठाएको सन्देशमा यही कुरा हुन्थ्यो ।

झुक्ने र जीवनको भीख माग्ने शब्दावली उसको शब्दकोषका लागि वर्जित थिए । उसले आत्मसर्मणको होइन, स्वाभिमानको जीवन रोजेको थियो । आमाबालाई हामीले सम्झाइरहेका थियौं, ऊ आफ्नो लक्ष्यप्रति स्पष्ट छँदै थियो । प्रधानपञ्चको प्रलोभन, धम्की र यातनाको पुरानो सूत्र किशोरको सवालमा पूरै निकम्मा सावित भएको थियो ।

एक वर्षमा किशोर सरकारी पञ्जाबाट मुक्त भएर जनताको पोल्टामा आइपुग्यो । त्यति बेलासम्म ऊ एउटा परिपक्व र जिम्मेवार कमरेडको रूपमा रूपान्तरित भइसकेको थियो । अलि दिन बाहिरको वातावरण, पार्टीको अवस्था र भूमिगत शैलीबारे जानकारी दिएपछि पार्टीले उसलाई पूर्ण रूपमा भूमिगत बनाउने निर्णय गऱ्यो । त्यो दिन एउटा युद्ध जितेझैं उसको अनुहारमा आएको चमकले हामीलाई झनै उत्साहित बनाएको थियो । त्यो दिनबाट जनताको बीचमा जाने र जनतालाई पढाउने कठिन यात्रामा उसले आफूलाई व्यवहारिक रूपमै हेल्यो ।

कुनै काम पनि किशोरले जिम्मा लिएपछि अरूले गरेभन्दा राम्रो हुन्छ भन्ने मेरो विश्वास आखिर साकार पनि भयो । डाक्टर वा इन्जिनियर बन्ने सपना त्यागेर राजनीतिमा होमिएको किशोरको अनुहारमा ग्लानि कहिल्यै भेटिदैनथ्यो । बेलाबेलामा पढाइका कुरा आउँदा उसले कहिल्यै पनि लघुताबोध गरेको हामीलाई थाहा भएन । स्वाध्ययन र लेखनका क्षेत्रमा ऊ कसैभन्दा कम थिएन । त्योभन्दा पनि राम्ररी ऊ उत्पीडन र शोषणका सबै रूप समाप्त पार्ने मामिलामा एकलव्यझैं दत्तचित्त थियो । हामी सहयोद्धा त छँदै थियौं, त्यसभन्दा बढी आत्मीयता थियो । अध्ययन, चिन्तन र विश्लेषणका सवालमा हामीबीच एकमत थियो । वस्तुलाई हेर्ने द्वन्द्ववादी दृष्टिकोणअनुसार हामी समाजलाई रूपान्तरित गर्ने महान् अभियानमा मात्र लागेका थिएनौं, त्यसका लागि आफ्नो ठाउँका अगुवा पनि थियौं । त्यसैले सबै हिसाबले आफूलाई अग्रणी बनाउने र वास्तविक अर्थमा रूपान्तरित गर्ने सवालमा हामी पूर्णतया सचेत थियौं । हाम्रो विश्वासअनुसार त्यस मामिलामा हामी सफल पनि थियौं ।

भूमिगत यात्राको अभियानमा कति कार्यकर्ता उत्पादन भए । तर, किशोर नै एकजना यस्तो पात्र भयो, जो एकसाथ मेरो चेलो र गुरु बन्यो । कतिपय कुरा उसले मबाट सिक्थ्यो भने मैले उसबाट पनि सिक्थें । मित्रताको यो भावना कति प्रगाढ भयो भने मेरो वचन उसले र उसको वचन मैले काट्ने हामी कल्पना पनि गर्न सक्दैनथ्यौं ।

मेरै अग्रसरतामा भर्खरै भूमिगत भएकी कार्यकर्ता उमासँग उसको विवाह भयो । उनीहरूबीच अलिअलि प्रेमजस्तो केही टुसाउँदै गरेको कुरा मबाट छिप्न सक्दैनथ्यो । त्यही मौका छोपेर मेरै प्रस्तावले किशोर-उमाको विवाहको टुंगो लागेको थियो । सभ्य, शिष्ट र सालीन प्रेममा विश्वास गर्ने हामी पार्टीमा कतिसम्म समर्पित थियौं भने जीवनसँगी छान्नेजस्तो नितान्त व्यक्तिगत सवाल पनि हामीले पार्टीलाई नै सुम्पेका थियौं । यसबाट ऊ पनि अपवाद बन्न सक्दैनथ्यो । पन्ध्र दिन पनि सँगै बस्न नपाई छुटिनुपर्दा पनि उनीहरूका आँखामा कुनै आग्रह थिएन, बरु जिम्मेवारीबोधको भारी थियो ।

हरेक पक्षमा किशोर हाम्रो नमुना बन्दै गयो । त्याग, समर्पण, इमानदारी र क्रियाशीलतामा उसलाई उछिन्ने हाम्रो समूहमा दोस्रो कोही थिएन । पार्टीमा जहाँ गडबडी उत्पन्न हुन्थ्यो, त्यहाँ किशोर पुग्नुपर्थ्यो । जुन क्षेत्रबाट प्रतिकूलता सिर्जना भयो भन्ने खबर आउँथ्यो, बुझे हुन्थ्यो, त्यहाँ किशोर जानुपर्ने भएछ । पावेल कोर्चागिन थियो किशोर हाम्रा लागि । जोखिम मोल्ने उसको तत्परता र साहसले नै उसलाई सबैको आदर्श बनाएको थियो ।

'जिते संसार, हारे हत्कडी !' किशोरको सिद्धान्त स्पष्ट थियो । 'संसार आफैं बदलिँदैन, हामीले बदल्नुपर्छ', उसको चट्टानी प्रतिबद्धता सबैको प्रेरणा बनेको थियो ।

साधारण मान्छेबाट किशोर एउटा परिपक्व र जिम्मेवार कमरेडमा पूर्ण रूपमा रूपान्तरण भइसकेपछि मैले त्यो क्षेत्रबाट बिदा लिएँ । पार्टीको निर्णयअनुसार त्यहाँ पुगेको म त्यही प्रक्रियाबाट फर्किएँ । मलाई सम्झना छ, बिदा हुने राति आयोजित बिदाइ बैठकमा त्यो चट्टानजस्तो मान्छेले पनि आँखाबाट आँसु खसालेको थियो । तर, पार्टीको निर्णय हाम्रा लागि शिरोधार्य थियो । परिवर्तनको महान् यात्रामा तमाम निजी कुरा सहर्ष पार्टीलाई सुम्पिएर लामबद्ध हाम्रा लागि त्यो निर्णय कुनै अप्रत्याशित थिएन । भूगोलको अर्कै भागबाट भिन्नै भाषा, संस्कार, संस्कृति र परिवेशको क्षेत्रमा गएर पनि यति काम गर्न र किशोरजस्तो जिम्मेवार कमरेड उत्पादन गर्न सकेकोमा म गौरवान्वित हुँदै फर्कें ।

'हामी कुनै दिन यसरी रातमा होइन, उज्यालो बिहानीमा भेट्न पाउनेछौं', दरिलो हात मिलाउँदै किशोरले मलाई रातिमै बिदा गरेको थियो ।

तर हिजो भेट हुँदा त्योभन्दा घनघोर अँध्यारोमा हाम्रो भेट भयो । अँध्यारो राति मात्र होइन, दिउँसै पनि हुँदोरहेछ ।

हाम्रो पसिना खेर गएन । जनतालाई शासनको मालिक बनाउने अभियानले सफलता पायो । नयाँ बिहानीको सौन्दर्यमा हामी पुलकित बन्यौं । सहिदको सपना साकार पार्ने र नयाँ मुलुक निर्माण गर्ने हाम्रो अठोटले मूर्त रूप लिनेमा हामी ढुक्क बन्यौं ।

तर भित्रभित्रै हामीले नयाँ मालिक जन्माइरहेका रहेछौं । सिद्धान्तलाई तीलाञ्जली दिएर गरिएका अनैतिक निर्णयको दास हुन नसक्दा एक दिन म कारबाहीमा परेँ । उर्वर जिन्दगीका सुन्दर बिहानीहरू अर्पण गरेर निर्माण गरेको पार्टीको सदस्यता खोसिँदा मैले रगतका आँसु रोएर आफैंलाई सम्हालेँ । पार्टीमा भित्रिँदै गरेको शासक चरित्रको विरोध गर्दा म पार्टीविहीन बनाइएँ । त्यसयता रुमल्लिँदै गाउँमा खेतिपाती गर्नुबाहेक मसँग कुनै विकल्प रहेन ।

हिजो आफैं त्यो अभियानमा सामेल गराएको एउटा सहयोद्धा आज यो हालतमा भेटिँदा मलाई ऐँठन भएको छ । म कल्पना गर्छु, उसलाई झन् कस्तो भएको होला ?

'म यो पेसामा लागेको दुई वर्ष भयो', होसियारीपूर्वक गाडीको स्टेरिङ घुमाउँदै किशोरले भन्यो ।

'यो त निकै निकै जोखिमको पेसा पो हो त', दुर्घटना बढ्दै गरेको परिप्रक्ष्यलाई इंगित गर्दै मैले भनेँ ।

'कुन पेसा पो सुरक्षित छ र ?'' उसले आफ्नो जिन्दगीको सार खिच्दै भन्यो ।

किशोरको नाम आउँछ कि भनेर कति चुनावमा मैले कान थाक्ने गरी रेडियो सुनेँ । तर, आज त्यही मान्छे खलासीले एक पटक ढोका ढ्याप गर्दा गाडी रोक्छ भने अर्को पटक ढ्यापढ्याप गर्दा गुडाउँछ । जनताको गुरु बन्ने चाहनामा काँडेघारीको यात्रामा समाहित किशोर आज रात्रि बसको 'गुरुजी' भएर राजमार्गहरूमा कुदिरहेको छ । यी दुई घटनाबीच जति घोत्लिएर खोजे पनि मैले कहीं कतै संगति पाइनँ ।

'शिक्षा नभएको अभियोगमा मलाई अपमान गरियो', उसले दुःखको पेटारो खोल्यो, 'सिडिओ, एसपी चलाउनुपर्छ, नपढेकाले सदैनन् भन्ने ठहर गरियो । त्योभन्दा पनि जेका लागि पार्टीमा लागिएको थियो, त्यही समाप्त भएपछि त्यहाँ बस्नुको औचित्य के नै रह्यो र ?' उसलाई पनि अन्ततः पार्टीविरोधीको अभियोगमा निष्काशन गरिएछ ।

'तपाईं पनि पार्टीबाट पाटीमा पुग्नुभयो ?', मेरो प्रश्नले ऊ पनि आश्चर्यमा पऱ्यो ।

त्यो गाउँ उसको मात्र थिएन, मेरो पनि पसिना पोखिएको गाउँ थियो । गाउँको माया लागेर सोधेँ, 'अहिले त्यहाँको पार्टी कसले चलाइरहेको छ ?'

'रमेशले ।'

'को रमेश ? त्यस्तो कार्यकर्ता हामीले उत्पादन गरेका थियौं र ?'

'प्रधानको छोरा ।'

त्यसपछि हामी दुवै अवाक् भयौं । होसियारीपूर्वक राजमार्गतिर हेर्दै उसले घुम्ती काट्न गाडीको स्टेरिङ बायाँतर्फ घुमायो । ■



भाष्कर ओझा

# नामकी लालची

‘जुन उद्योगले मलाई नाम र दाम दिलायो एक समयपछि मैले त्यो उद्योगलाई नै फर्काउनु पर्छ । त्यसैले मेरो भविष्य चलचित्र निर्माण र निर्देशन नै हो ।’

साहित्यकार अशेष मल्लले ६ वर्षअघि मिस नेपाल प्रतियोगितामा चयनकर्ताका रूपमा रेखा थापालाई प्रश्न सोधेका थिए, ‘भविष्यमा के गर्ने योजना छ ?’ प्रश्न फुत्किन पाएको थिएन, रेखाको उत्तर थियो, ‘म चलचित्रकी नायिका बन्छु र नाम कमाउँछु ।’

नभन्दै पाँचवर्षे चलचित्र करिअरमा रेखा थापा सबैभन्दा व्यस्त नायिका मात्र भएकी छैनन्, सबैभन्दा छोटो समयमा सबैभन्दा धेरै चलचित्र खेल्ने अनौपचारिक रेकर्डसमेत बनाएकी छन् । पचासौँ चलचित्रको रूपमा प्रदीप श्रेष्ठको ‘च्याम्पियन’मा भर्खरै अनुबन्ध भएकी रेखा आफैँ पनि यो सफलताबाट छक्क छिन् ।

पहिलो चलचित्र ‘हिरो’ (२०५७) पछि लामो समयसम्म उनी कुनै पनि चलचित्र निर्माताको नजरमा परिनन् । तर, अशोक शर्माको ‘मितिनी’ (२०५९) पछि उनको भाग्य चम्कियो । त्यसयता उनले पछाडि हेर्नु परेको छैन । कतिसम्म भने उद्योगका भित्रियाहरू उनले लोकप्रिय नायिका निरुता सिंहलाई समेत उछिनेको चर्चा गर्न थालेका छन् ।

अहिलेसम्म दसवटा चलचित्र मात्र प्रदर्शन भए पनि उनको अभिनयका पारखीहरू अबको दस वर्ष उनी चर्चामा आउने अनुमान गर्छन् । स्वयं रेखा भने उद्योगमा आफ्नो दह्रो उपस्थितिका लागि भविष्यका लागि समेत सोचिसकेकी छन्, आफ्नै नाममा चलचित्र निर्माण संस्था स्थापना गरेर ।

‘नायिकाको आयु छोटो हुन्छ । तर, सर्जक र कलाकार पछिसम्म बाँच्छन्’, पत्याउनै गाह्रो लाग्ने उनको उत्तर आउँछ, ‘जुन उद्योगले मलाई नाम र दाम दिलायो एक समयपछि मैले त्यो उद्योगलाई नै फर्काउनु पर्छ । त्यसैले मेरो भविष्य चलचित्र निर्माण र निर्देशन नै हो ।’

उनको ब्यानरमा निर्मित पहिलो चलचित्र ‘अजम्बरी नाता’ अहिले राजधानीमा प्रदर्शनरत छ र समीक्षकहरूले ‘विषयपरक’ चलचित्र मानिरहेका छन् । राजधानीबाहिर सफलता बटुलेर आइसकेकाले राजधानीभित्र पनि यसको सफलतामा उनी ढुक्क छिन् । उनको आत्मविश्वास देख्दा यस्तो लाग्छ, उनी हाडछालाले बनेकी होइनन्, ‘जब मैले मिस नेपालमा भाग लिएँ, यसपछि मसँग त्यस्ता धेरै बाटा र अवसर थिए, जसबाट एउटी महिलाले आनन्दसँग जीवन बिताउन सक्छे । म नामकी *लालची* यसैमा भविष्य देखेँ, बाउआमाको डाक्टर बनाउने सपना र आफ्नै एयर होस्टेस बन्ने विकल्प छाडेर ।’

चलचित्र निर्माता छवि ओझासँग विवाह बन्धनमा बाँधिएकी रेखा श्रीमान्‌का बलभन्दा पनि आफ्नै प्रतिभा र क्षमताका बलले उद्योगमा टिकेको बताउँदै भन्छिन्, ‘धेरै जना सोच्छन्, बाटाबाट टिपेर बनाइएकी नायिका हुँ । कुनै पनि पेसामा सफल हुन त्यसप्रतिको लगन, मिहिनेत र गहिराइ बुझ्न जरुरी हुन्छ ।’ त्यसैले पनि उनी चलचित्रमा ‘बार डान्सर’को भूमिका गर्न लुकिछिपी डान्स रेस्टुराँ जान्छिन्, त्यहाँको क्रियाकलाप हेर्छिन् । त्यसैले अरूको कामभन्दा उनलाई रुचाइन थालेको उनको दाबी छ ।

रेखा आफू महिला हुनुमा गर्व गर्छिन् । केटाले हेपेको मन पराउँदिनन्, ‘हामी उनीहरूभन्दा कम छैनौँ । हो, ‘बायोलजीकल्ली’ हामी फरक छौँ तर महिलाभन्दा पहिले हामी मानिस हौँ’, पुरुषहरूले गर्ने हरेक कठिन कामका लागि उद्योगमा चिनिएकी रेखा भन्छिन् ।

उनले निर्माण गरेको दोस्रो चलचित्र ‘हिम्मत’ अहिलेकी नारीको प्रतिबिम्ब हो । नवनारीहरू पुरुषको हेपाहा प्रवृत्तिको सिकार नहोऊन् भन्ने चलचित्रमार्फत पनि प्रस्तुत गर्ने प्रयास गरेकी छन् उनले । ‘अहिलेका युवतीहरू भ्रमित छन्’, उनको स्पष्ट धारणा छ, ‘उनीहरू पश्चिमी पहिरन लगाउँछन्, पश्चिमी जीवनशैली अँगाल्छन् तर त्यसभित्रको गहिराइ थाहा पाइरहेका छैनन् ।’ छोटो पहिरन लगाउन नहिच्किने रेखा थप्छिन्, ‘युरोप अमेरिकातिर १८ वर्ष पुगेकी युवती बाउआमाको भार बन्दिन । आफ्नो फेसन र जीवनपद्धतिका लागि आवश्यक सबै चिजको जोहो आफैँ कमाएर गर्छे । तर, नेपाली युवतीहरू विकृति जति सबै प्रयोग गर्छन्, अनि त्यसका राम्रा पक्षचाहिँ अँगाल्न चाहँदैनन् ।’ उनको ‘हिम्मत’ चलचित्र पनि यही विषयमा केन्द्रित छ ।

‘आज म तपाईंसँग धेरै छलफल गर्न सक्दिनँ होला !’, बीचमा विश्राम लिँदै रेखाले भनिन्, ‘साउने सोमवारको व्रत लिएकी छ, बिहानदेखि केही खाएकी छुइनँ ।’

सायद आजको आदर्श नेपाली नारी यस्तै हुन्छन्, जो पुरुषसँग काँधमा काँध मिलाएर प्रतिस्पर्धा गर्छे, तर आफ्नो संस्कार र संस्कृति पनि सँगै बोकिरहेकी हुन्छे ।

■ **अच्युत कोइराला/काठमाडौँ**

# ईख भएका छोरा

■ नवीन अर्याल/काठमाडौं

**उनले गीत गुनगुनाउन** थालेको धेरै भएको थिएन । घरका मान्छेहरूले प्वाक्क बोलिहाले, 'कौवाको जस्तो स्वर छ, अगाडि नगा ।' युवा गायक राजीव लोहनीको पहिलो पप एल्बम 'ट्युन' सार्वजनिक हुनुअघि उनको गायकीको बारेमा घरपरिवारको धारणा यस्तै थियो । त्यसैले गत वर्षको हिट गाना 'बलेको आगो .....' मार्फत टेलिभिजनको पर्दामा उत्रिँदा उनका साथीसंगिनी मात्र होइनन्, घरपरिवार पनि छक्क परेका थिए । धेरैलाई त अस्तिसम्म भ्रम परेको थियो, यो गाना कुनै पनि हालतमा उनले गाएकै होइनन्, मोडलिङमात्र गरेका हुन् भनेर ।

हुन पनि उनको लोभलाग्दो शरीर र आकर्षक 'लुक'का कारण आफ्नै गानामा मोडलिङ गरेका राजीवलाई सितिमिती गायक मान्न उनकै अन्तरंग साथीहरूलाई पनि गाह्रो परेको थियो । फेरि किशोर अवस्थामा २०४४ सालमा नेपाल टेलिभिजनबाट प्रसारण हुने टेलिशृंखला 'गति'मा बाल कलाकारको भूमिका खेलेर प्रशंसा पाएका राजीव आफ्ना साथीभाइमाझ कुशल डान्सर र अभिनयकर्ताको रूपमा धेरै अघिदेखि परिचित थिए ।

'अझै पनि साथीहरूले अचम्म मानेर सोध्ने गर्छन् । साँच्चै त्यो गाना तैंले नै गाएको होस्', पहिले एउटा कुशल पेन्टर, त्यसपछि एक्टर, अनि डान्सर हुँदै अहिले लाखौं नेपाली युवायुवतीको मुटुको धडकन बनेका राजीव एउटै गानाको सफलताले पाएको नाम, दाम र इज्जतको विषयमा खुलेर बताउँछन् । 'ट्युन'को सफलतापछि अर्को एल्बम निकाल्ने धुनमा रहेका राजीव २५ वर्षको युवावस्थामा आफूले पाएको सफलताका कारण अहिले निकै खुसी छन् । तर, उनले यो सफलता एक्कासि पाएका भने होइनन् । यसको पछाडि ठूलै तपस्या छ । ४ वर्षको कलिलो उमेरमा बाबुको निधन भएपछि राजीवको अगाडि एउटै विकल्प थियो पढेर जागिर खाने । सानोमा घरमा गुनगुनाउँदा सबैले अगाडि गाउन बन्देज लगाउने गर्थे । 'त्यही ईखमा मैले प्रण गरेको थिएँ, ठूलो भएपछि राम्रो गायक बनेर देखाइदिन्छु', पोहर बैंक अफ काठमाडौंमा राम्रो जागिर पाए पनि गायकीलाई नै आफ्नो कर्मथलो बनाउने घोषणा गर्दै जागिर छाडेका राजीव भन्छन् ।

'ठूली दिदी (रिता जोशी) नभएको भए यो सम्भव थिएन । दिदीले शास्त्रीय संगीतका गुरु माधवप्रसाद शर्माकोमा २०५७ सालमा मलाई नलगिदिएको भए म आज गायक बन्न सक्दिनथें', अहिले इलाहावाद सांगीतिक विश्वविद्यालयबाट म्युजिकमा डिप्लोमा गरिरहेका राजीव भन्छन् । उनी आफ्ना साथीभाइमाझ मात्र होइन, घरपरिवारमा पनि स्वाभिमानी ठिटोको रूपमा परिचित छन् । स्कुल र कलेज लाइफमा पेन्टिङ गरेर आफ्नो पकेट खर्च आफै जुटाउँदै आएका राजीव २०५९ सालमा 'दबाएर मेरो माया....' नामक गानामार्फत म्युजिक डटकममा पाँच वर्षका लागि अनुबन्धित हुन पुगे । 'यो गीत लिएर म्युजिक नेपाल पुग्दा उहाँहरूले स्वर मन पराएर प्रस्ताव राख्नुभयो, जुन मेरो सानैदेखिको सपना थियो', अझै अढाई वर्ष म्युजिक नेपालमा करारमा अनुबन्धित राजीव भन्छन् । उनलाई म्युजिक डटकमले सुरुमै एल्बम निकाल्ने प्रस्ताव राखेको थियो । तर, उनले समय लिने तर राम्रो एल्बम निकाल्ने बताउँदै आफ्नो पहिलो एल्बम 'ट्युन' सार्वजनिक गर्न अढाई वर्ष लगाए । 'ट्युन एल्बम हिट हुनुको कारण पनि यही हो । म आफ्ना अग्रजहरू जस्तै आफूले गाउने गीतहरूसँग आत्मीय हुन चाहन्थें । त्यसैले समय लिने इच्छा जाहेर गरें', उनी भन्छन् ।

राजीवसँग 'ट्युन' एल्बमको सर्वाधिक चर्चित गाना 'बलेको आगो.....' को निर्माण पक्षलाई लिएर एउटा रोचक प्रसंग छ । इमेज एफएमका आरजे निराजन उप्रेतीले लेखेको यो गीतका लागि नेपालमा नाम चलेका नामुद ६/७ जना गायकले गीत मागेका थिए । फेरि यो गाना गाउनलाई मिङ्मा शेर्पा र उनीबीच घमासान नै चलेको थियो । तर, एल्बमका कभर डिजाइनर अनिल स्थापितले गाना राजीवलाई सुट गर्ने बताउँदै उनलाई नै गाउने मौका दिएका थिए । 'सम्भवतः गीतको भावना मसँग बढी मिलेको देखेर मौका दिएको हो कि ?', राजीव भन्छन् । यसै साता 'ट्युन' एल्बमको 'सायद मेरो प्रेम....' भन्ने गीतको भिडियो सार्वजनिक गर्ने योजनामा जुटेका राजीव यही वर्ष दोस्रो एल्बम निकाल्ने तयारीमा पनि छन् । '१६-१७ गीत कम्पोज भइसकेको छ । यसबाट छनोट भएका गीतबाटै एल्बम निकाल्ने तयारीमा छु', उनी भन्छन् ।

'बलेको आगो.....'गीतबाट चर्चा पाउन सफल भए पनि राजीव गाएको गीतहरूमा 'गहभरी आँसु बोकी...' भन्ने गीत उत्कृष्ट लाग्ने बताउँदै भन्छन्, 'सायद 'सेन्टिमेन्टल' भएर हो कि । बेग्लै आनन्द छ यो गीत गाउनुमा ।'

धुलिखेल अस्पताल र नागरिक लगानी कोषजस्ता ठूला सरकारी कार्यालयमा अहिलेसम्म झुन्डिएको राजीवको पेन्टिङले उनलाई धेरै अगाडि एउटा सफल पेन्टरको रूपमा स्थापित गराइसकेको छ । 'मेलोडी' र भर्सटाइल' स्वरका कारण उनले अहिले नेपाली सांगीतिक आकाशमा उदाउँदो गायकको छवि पाएका छन् । यसैबीच अभिनय क्षेत्रमा बढ्दै गएको उनको झुकावले नेपाली चलचित्रले केही समयमै नयाँ कलाकार पाउने आशा बढेर गएको छ । तर, दुईवटा बेग्लै विधामा सफल भइसकेका राजीव कलाक्षेत्रमा भने कतिको सफल हुनेछन्, त्यो भने भविष्यले प्रस्ट पार्नेछ । ■

तेजबहादुर बस्नेत



राजीव लोहनी



# अँध्यारोमा सृजना

**'मातृत्व प्रेमको** अभाव भयो, जीवनले दुःखको सामना गर्नु पर्‍यो भने सामान्य व्यक्ति पनि साहित्यकार बन्न सक्दो रहेछ भन्ने मेरो मान्यता बनेको छ। म स्वयम् पनि यसबाट प्रेरित भए कि जस्तो लाग्छ।' विस्तारै बिर्सिंदै गएको आमाप्रतिको स्वभाविक स्नेह आँखामा कुनामा उतार्दै बोल्छिन् मनीषा गौचन।

स्कुले जीवनमै लेखिएको 'आमाको तृष्णा' नामक नाटकबाट सुरु भएको उनको साहित्यिक यात्राले बल्लीको डायरीसम्मको बाटो तय गर्दा भने बल्ल साहित्यमा जम्न थाले कि भन्ने आभास हुन थालेको छ, मनीषालाई। 'तैपनि कविता निकाल्न बढी हतारो गरेछु', दुई वर्षअगाडि निकालेको 'फूलहरूको रङ छैन' नामक आफ्नो कवितासंग्रह बारेमा उनको विश्लेषण छ।

बल्लीको डायरी सार्वजनिक भएपछि एकाएक 'कलिली र उदीयमान' लेखिकाको नाम हात पार्न सफल भइन्, मनीषा। हिमालपारिको मुलुक मानिने मुस्ताङबाट सत्रवर्षे बैंसलाई काठमाडौंतिर दौडाउँदै गर्दा 'म साहित्यकै विधा समाएर यहाँसम्म पुग्छु' भन्नेसम्म सोचेकी थिइनन् उनले। राजधानी छिरेको आठ वर्षभित्रै उनले साँच्चिकै नयाँ प्रयोगलाई उपन्यास विधामा भित्र्याइन्। मुलुकमा केही वर्षदेखि देश छोडेर बाहिरिनेहरूको जल्दोबल्दो समस्या उपन्यासमा समेट्न सफल भइन्, उनी।

'मैले आफूले पाइलो नटेकेको मुलुकको चित्र उपन्यासमा उतार्दा भने केही गाह्रो आभास भयो, धेरै जनासँग त्यहाँको वातावरण बुझ्नका लागि कयौंचोटि धाउनु पर्‍यो।' दुई वर्ष लगाएर सार्वजनिक गरिएको बल्लीको डायरीलाई उपन्यासमा उतार्दाको सम्झना गर्दै भन्छिन्, मनीषा।

आमाको अनुहार देख्न नपाउँदाको तृष्णाबाट सुरु भएको साहित्यिक यात्रा सम्झँदै उनी भन्छिन्, 'पहिलो नाटकलाई मुस्ताङमा प्रदर्शन गर्दा पाएको स्याबासीको धापले नै लेखनतिर अगाडि बढ्ने साहस अँगालेकी हुँ।'

उनी काठमाडौं छिर्दा नाम कहलिएका कुनै पनि साहित्यकारका पुस्तक पढ्नु त टाढाको कुरा, नेपाली साहित्यका हस्तीहरू को को हुन् भन्नेसम्म थाहा थिएन। 'एउटै व्यक्ति कवि मञ्जुलबाहेक कसैका बारेमा बुझ्न र जान्न समेत पाएकी थिइनन्।' तैपनि, साहित्यको लतले उनलाई राति ३ बजेसम्म सुत्न दिँदैनथ्यो। बल्लीको डायरी कोर्दाकै समयको सम्झना गर्दै मनीषा भन्छिन्, 'मैले यो कृति अँध्यारोमै पूरा गरेँ। तर, कता कता यो पनि हतारोमै सार्वजनिक गरेँ कि जस्तो पो लाग्न थालेको छ।'

■ **ज्योति देवकोटा/काठमाडौं**

# जादुगरी संगीत

**दार्जीलिङे संगीतकार** मणिकमल क्षेत्री न गायक हुन्, न गीतकार नै। तर, उनी नेपालयको पलेंटीमा अघिल्लो सप्ताहान्त यसरी प्रस्तुत भइरहेका थिए- मानौं, उनी संगीतकारमात्र होइनन्, गायक पनि हुन् र गीतकार पनि। 'संगीतमा एकाग्र हुने हो भने शब्दलाई 'म्युट' गरेर सुन्नुपर्छ', क्षेत्रीको सुमधर संगीतमा मग्न गीतकार विप्लव प्रतीकले पलेंटीको मध्यान्तरमा भने, 'मैले आज यसैगरी सुनें र उनको संगीतमा माथिबाट झरेको झरना तल पुगेपछि जसरी शान्त भएर कलकल बग्छ, त्यस्तै आनन्द पाएँ।' तर, क्षेत्रीको संगीतमात्र सुनेर मग्न भइरहेका संगीतपारखीहरूबाहेक पलेंटीमा थुप्रै यस्ता दर्शक थिए जसले उनका धुनहरूमात्र सुनेनन्, स्वर पनि सुने र गीतकारले जसरी उनले बताएको रचनाको पृष्ठभूमि पनि निकै चाख मानेर सुने।

पहिलोपल्ट हिँडेर भैंसेको बाटो 'नेपाल खाल्डो' आएका यी ५७ वर्षीय संगीतकार त्यसपछि पनि पटकपटक काठमाडौं आइरहे। तर, संगीतको झन्डै ४ दशकको साधनामा उनी पहिलोपल्ट एकल कार्यक्रम गरिरहेका थिए, नेपालयको सानो हल 'आर शाला'मा गत शुक्रवार र शनिवार। उनले पलेंटीका दर्शक तथा श्रोतालाई नारायणगोपाल, गोपाल योञ्जन, अम्बर गुरुङ, मनबहादुर मुखिया र अरुणा लामाका प्रसंग सुनाए र रत्न रेकर्डिङमा गीत रेकर्ड गर्ने क्रममा आफूले सँगालेका अनुभव पनि साझेदारी गरे।

गायकका रूपमा संगीत सागरमा प्रवेश गरेका क्षेत्रीको परिचय अहिले चाहिँ मूलतः संगीतकार नै हो। अरुणा लामासँग गीत गाएर संगीत करियर सुरु गरेका क्षेत्रीले उनै सुमधुर स्वरकी धनी गायिकाका लागि एउटा गीतमा संगीत दिए। 'हाँगा हाँगा वनभरि' शीर्षकको यो गीत अहिले पनि अरुणाका उत्कृष्ट गीतहरूको कोटिमा पर्छ। पहिलोपटक 'हाँगा हाँगा वनभरि'मा अरुणाको स्वरका लागि संगीत दिएपछि त अरुणा र क्षेत्रीको जोडी खुब जम्यो। लामाको स्वर र क्षेत्रीको संगीतमा करिब ४ दर्जन गीत बने जसमध्ये थुप्रै गीत आधुनिक नेपाली संगीतका पारखीले अझै सम्झन्छन्। पछिल्लो समयमा पुराना गीत रिमिक्स गर्ने प्रवृत्ति बढ्दै गएकोमा चित्त नबुझाउने क्षेत्रीको संगीत-खातामा झन्डै हजार गीत छन्। ■



# प्रेरणादायी गुरु



**शिक्षणलाई** समाजमा सम्मानित पेसाको रूपमा लिइन्छ। तर, विद्यार्थीले जिन्दगीभर सम्झिरहने शिक्षक बन्नु चानचुने कुरा होइन। बूढानीलकण्ठ स्कुलका विज्ञान शिक्षक केसर खुलालले पनि सायदै सोचेका थिए, आफूले विद्यालय तहमा पढाएका विद्यार्थीले प्रेरणादायी गुरुको रूपमा सम्झेलान् भनेर। तर, त्यो आज यथार्थमा परिणत भइसकेको छ।

बूढानीलकण्ठ स्कुलबाट ए लेभल सिध्याएर अमेरिकाको प्रतिष्ठित विश्वविद्यालयमा उच्च अध्ययन गरेका विद्यार्थीहरूले शिक्षक खुलाललाई प्रेरक व्यक्तित्व मानेका छन्। विद्यार्थीले नाम सिफारिस गरेको आधारमा ती विश्वविद्यालयले खुलाललाई आभार पत्रसमेत पठाएका छन्। अमेरिकाको प्रतिष्ठित विश्वविद्यालयका निर्देशकले हस्ताक्षर गरेको आभार पत्रमा भनिएको छ, 'विशिष्ट सिकाइका माध्यमबाट उत्प्रेरक भूमिका निर्वाह गर्नुभएकोमा धन्यवाद दिन चाहन्छौं, यहाँ आएका विद्यार्थीले तपाईंलाई प्रेरणाको स्रोत मान्नु गौरवको विषय हो। त्यसको लागि बधाई ज्ञापन गर्न चाहन्छौं।'

अमेरिकाको एमआइटी विश्वविद्यालयमा इन्जिनियरिङ पढ्ने हिमाल कर्माचार्यले सफलताको लागि प्रेरक व्यक्तित्वको रूपमा सन् १९९६ मा खुलालको नाम लिएपछि उक्त विश्वविद्यालयले त्यस बेला पठाएको 'कदर पत्र' पहिलो थियो। त्यसपछि बूढानीलकण्ठ छोडेर बाहिर मुलुक गएका मेधावी विद्यार्थीले हरेक वर्षजस्तो खुलाललाई उत्प्रेरक व्यक्तित्व मानिरहेका छन्। त्यसो त खुलाललाई अमेरिकाको प्रसिद्ध स्ट्यान्फर्ट, प्रिन्सिटन, डिकिन्सनलगायत विश्वविद्यालयले सम्मानपूर्वक आभारपत्र पठाइसकेका छन्। पछिल्लोपटक डिकिन्सन विश्वविद्यालयमा अध्ययनरत वैभव आचार्यका प्रेरणाका पात्र बनेका खुलालले बूढानीलकण्ठबाटै विद्यालय अध्ययन पूरा गरेका हुन्।

विद्यार्थीले प्रकट गरेको आदरबारे उनी भन्छन्, 'मैले त्यस्तो ठूलो काम गरेको होइन, आफ्नो जिम्मेवारी मात्र निर्वाह गरेको हुँ। विद्यार्थीले नै मूल्यांकन गरेर प्रेरणाको स्रोत मान्नु मेरो लागि गर्वको कुरा हो।' यसअघि अमेरिका पढ्ने जय श्रेष्ठ, अनुनय पाण्डे, अञ्जली लोहनी, शरद खनाल, विवेक धितालगायत प्रतिभाशाली विद्यार्थीले खुलाललाई भित्री मनदेखि नै आदरणीय गुरुको उपाधि दिइसकेका छन्। ■



तेजबहादुर बस्नेत

# तेक्वान्दो प्राध्यापक

**उनी १४ वर्षअगाडि** नै नेपालसँग परिचित भइसकेका थिए, जब सन् १९९२ बार्सिलोना ओलम्पिकको तयारीका लागि तेक्वान्दो खेलाडी सीता राई र नारायण गुरुङ उनीसँग प्रशिक्षण लिन दक्षिण कोरिया पुगेका थिए। तेक्वान्दो प्राध्यापक कियोन हयोउक जोङ, दुई सातापछि श्रीलंकामा आयोजना हुन लागेको दसौं एसियाली खेलकुद (साग)को तयारीका लागि नेपाली तेक्वान्दो खेलाडीलाई प्रशिक्षण दिन अहिले नेपाल आएका छन्। 'निकै सौन्दर्य रहेछ', डेढ दशकअघि नेपालबारे मस्तिस्कमा बनाएको आफ्नो धारणा पोख्दै ४८ वर्षीय गुरुले भने।

नेपालमा यसअघि आएका तीन आधिकारिक कोरियाली गुरुहरूको तुलनामा सबैभन्दा दक्ष मानिएका कियोन सन् १९९० मा क्वालालम्पुरमा भएको दसौं आसियान गेममा दक्षिण कोरियाली राष्ट्रिय टोलीका प्रशिक्षक थिए। उनले सिओल स्पोर्टस ग्र्याजुएट युनिभर्सिटीमा प्रमुख प्रशिक्षकको भूमिका निर्वाह गरिसकेका छन् भने याङगिन युनिभर्सिटीमा हाल राष्ट्रिय प्रशिक्षक छन्। 'नेपाली खेलाडीहरू राम्रै छन् तर उनीहरू विस्तारै खेल्छन्', साफको तयारीका लागि १३ जना खेलाडीलाई हेरिरहेका कियोन भन्छन्। 'समय अलि कम भयो मलाई तर राम्रै नतिजाको आशामा छु', उनी भन्छन्। नेपाली खेलकुदले चाहेको खण्डमा लामो समयका लागि नेपालमा बस्ने चाहना बनाएका कियोन भन्छन्, 'नेपाली महिला खेलाडीहरूले अलिकति मेहनत गर्ने हो भने उनीहरू सजिलोसँग ओलम्पिक खेल्न सक्छन्।' नेपालमा यसअघि दक्षिण कोरियाबाट सिन, मिस्टर ओ र मिस रियो जस्ता तेक्वान्दो गुरु आइसकेका छन्। ■

Pragati Khanal
Simrik
..........the Boutique of your choice
Tel. { Off. : 2111190
Res. : 5524213
Pulchowk, Lalitpur



Mrs. Bharati Shrestha
SARADA EMPORIUM
A showroom of Modern Ladies Suits & Ladies Dresses
SHOP NO. 274 SUPER MARKET, 2ND FLOOR
(Left Side of the escalator)
KATHMANDU, NEPAL, Mobile : 9851070807

## शून्य समय



युवराज घिमिरे

# शान्ति प्रक्रियाको जटिलता

**शान्तिवार्तालाई** अगाडि बढाउन र संविधानसभा निर्वाचनको वातावरण बनाउन अत्यावश्यक सर्त 'हतियार व्यवस्थापन' हो भन्ने तथ्य सात दल, प्रधानमन्त्री र माओवादी सबैले हस्ताक्षरद्वारा स्वीकार गरेका छन्। त्यसैलाई प्रस्थान बिन्दु मानी आफ्नो कामलाई कसरी औपचारिक रूपमा अगाडि बढाउन सकिन्छ भनी नेपाल आएको संयुक्त राष्ट्रसंघीय टोलीले एउटा शक्तिशाली सन्देश दिएको छ, सरकार र विद्रोही पक्षलाई- तिमीहरूले असार २ को आठबुँदे सहमतिप्रति न्यूनतम इमानदारी देखाएमा राष्ट्रसंघ हतियार व्यवस्थापन गर्दै संविधानसभाको निर्वाचनका लागि वातावरण बनाउन सक्षम एवं तयार छ।

सार्वजनिक उपभोग र राजनीतिक प्रयोजनका लागि प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र माओवादी नेतृत्वमा यसबीच राजनीतिक जुहारी नचलेको हैन। कोइरालाले हतियार व्यवस्थापनविना माओवादीलाई अन्तरिम सरकारमा भित्र्याउन नसकिने अडान लिए भने प्रचण्डका तर्फबाट कृष्णबहादुर महराले संविधानसभा निर्वाचनपूर्व हतियारमाथिको नियन्त्रण छोड्ने प्रश्न नै नउठ्ने बयान दिए। उता अन्तरिम विधायिकामा आफ्नो सहज बहुमत स्थापित गरी सरकार तथा महत्त्वपूर्ण प्रशासनिक र संवैधानिक निकायहरूमाथि नियन्त्रण जमाउने हिसाबले अन्तरिम संविधान मस्यौदा समितिलाई सुझाव पठाएको छ माओवादीले। सुझाव मानिएमा ३०३ सदस्यीय अन्तरिम विधायिकामा १५१ जना माओवादी समर्थक हुनेछन् जब कि बाँकी १५२ जनाको समर्थन सात दलबीच विभक्त हुनेछ। अहिलेसम्मको राजनीतिक परिस्थितिको विश्लेषणपछि माओवादीले आफूलाई कांग्रेस, एमाले, कांग्रेस (प्रजातान्त्रिक) तथा सत्ताधारी गठबन्धनका अन्य चार दल बराबर एक्लैलाई राखेको छ। अन्तरिम संविधानले त्यस्तो व्यवस्था गरेमा अन्तरिम विधायिकामा नै वा संविधानसभाको निर्वाचनपूर्व नै वर्तमान दलहरूमध्ये धेरैजसोले राजनीतिक रुपमा पराजित या खेदिएको महसुस गर्नेछन्। युद्ध र शान्तिको घोषणा गर्ने अधिकार अन्तरिम विधायिकालाई दिने तर केलाई युद्ध भन्नेजस्ता कुरामा मौन रहन नमिल्ला। माओवादीद्वारा बहुमतको आडमा अन्य दलहरूविरुद्ध विधायिका र सरकारी संयन्त्रको दुरुपयोग गर्ने सम्भावना या आशंकालाई तत्काल कसैले त्याग्न सक्तैन। त्यसको आश्वासन माओवादी नेतृत्वको अभिव्यक्ति र व्यवहार दुवैबाट आउनुपर्छ।

हो, हतियार व्यवस्थापन अगाडिको राजनीतिका लागि आवश्यक सर्त हो। तर, त्यत्तिकै ठूलो र सायद त्योभन्दा पनि ठूलो आवश्यकता हो माओवादीलाई हतियारमा आधारित राजनीतिबाट अलग्याई जनता या जनसमर्थनमा आधारित राजनीतिमा प्रोत्साहित गर्नु। हतियार त्यागेको अवस्थामा माओवादीले असुरक्षित महसुस गर्नु आश्चर्यको कुरो हैन। त्यसैले हतियार त्यागेको अवस्थामा या त्याग्ने परिस्थिति बनाउन उसले संसद्मा सहज बहुमत चाहेको हुन सक्छ। तर, अंशबन्डाको त्यो राजनीति हतियारको राजनीतिभन्दा बढी खतरनाक हुन सक्छ। किनकि अहिलेदेखि नै माओवादी अन्तरिम संसद्बाट सात दलभन्दा बाहिरका राजनीतिक शक्तिहरूलाई बाहिऱ्याउन मात्र हैन, उनीहरूको अस्तित्व स्वीकार नगर्न उद्यत देखिन्छ।

हतियार त्याग्नुपूर्वको यो अडान या हतियारकै बलमा कसलाई कति दिइनुपर्छ भन्ने मान्यतालाई अन्तर्राष्ट्रिय जगत्ले अनुमोदन गर्नेछैन। त्यसैले स्टेफन डी मिस्तुराँको टोलीले सिद्धान्तका रूपमा आठबुँदे सहमति र व्यवहारका रुपमा आचारसंहिता पालना हुनुपर्ने कुरामा जोड दिएका थिए सांसदहरूसमक्ष आफ्नो प्रस्तुतिमा।

> **आठबुँदे सहमति जसरी हतियार व्यवस्थापनको आधार बनेको छ, त्यसरी नै प्रतिनिधिसभाको विकल्पको खोजी, आचारसंहिताको पालना र माओवादीद्वारा कब्जा गरिएका सम्पत्ति फिर्ता हुने प्रक्रियाको आधार पनि बन्नु आवश्यक छ।**

आचारसंहिता उल्लंघनलाई अपराधका रुपमा सरकार र माओवादी दुवैले आ-आफ्ना पक्षलाई दण्डित गर्न नसके हतियार व्यवस्थापन हुन सक्तैन। र, त्यसको अभावमा शान्ति प्रक्रिया अगाडि बढ्न सक्तैन। यसलाई अगाडि बढाउन मिस्तुराँ टोलीले माओवादीलाई स्पष्टरुपमा भनेको छ- हतियार र लडाकुलाई अलग गर्नै पर्छ। समानान्तररूपमा सेनालाई ब्यारेकमा राखिएका अन्य मुलुकका उदाहरणलाई नेपालमा पनि लागू गर्न सकिने उनको मान्यता थियो। तर, सरकार र माओवादी पक्षबाट एक-अर्काविरुद्ध हिंसात्मक कारबाही नगरिने इमानदार अभिव्यक्ति र त्यसलाई व्यवहारबाट अनुमोदन नगराएमा अपेक्षित नतिजा दिन सक्ने छैन। राष्ट्रसंघको हतियार व्यवस्थापन अभ्यास निश्चय पनि उसको एकांगी अभ्यास हुनेछैन। त्यसमा यस विषयमा अनुभव र दक्षता हासिल गरेका विभिन्न मुलुकको सहयोगी भूमिका पनि हुनेछ निश्चय नै। उनीहरूको उपस्थिति र शान्ति प्रयासमा संकल्पित सम्पूर्ण मुलुकका अगाडि शान्ति प्रक्रियामा सरकार या माओवादी कसैको पनि अव्यवहारिक र एकतर्फी अडान टिक्न सक्नेछैन। त्यस्तो पक्ष एक्लिनेछ जनताको नजरमा।

यस प्रसंगमा खासगरी माओवादी पक्ष एउटा विषयमा स्पष्ट हुनु जरुरी छ। शान्ति प्रक्रियामा उत्पन्न हुनसक्ने व्यवधान हटाउन सरकारले माओवादीविरुद्धको 'आतंकवादी' बिल्ला हटाएको छ स्वागतयोग्यरूपमा। तर, हिंसात्मक शैलीमा आचारसंहिताको उल्लंघन एकातिर र अर्कोतिर अवज्ञाद्वारा हतियारको प्रयोग गरिरहने माओवादी छापामारहरूविरुद्ध कस्तो व्यवहार गरिनुपर्छ त्यो आचारसंहिताभन्दा ज्यादा शान्ति प्रक्रियाप्रतिको प्रतिबद्धताको द्विपक्षीय 'फ्रेमवर्क'को आलोकमा तय गरिनुपर्छ। त्यस्तै नीतिगत स्पष्टता सरकारी सुरक्षानिकायहरूबाट हुनसक्ने अवज्ञाप्रति पनि अपनाइनुपर्छ। यसको आवश्यकता पहिलाभन्दा अहिले बढी महसुस हुन थालेको छ।

दुवै पक्षले राष्ट्रसंघलाई हतियार व्यवस्थापनका साथै निर्वाचनका लागि उचित वातावरण बनाउन आउने परिस्थिति सिर्जना गरे पनि राजनीतिक समाधानको खाका कोर्ने जिम्मेवारी मुख्यतया उनीहरूकै हो। आठबुँदे सहमति जसरी हतियार व्यवस्थापनको आधार बनेको छ, त्यसरी नै प्रतिनिधिसभाको विकल्पको खोजी, आचारसंहिताको पालना र माओवादीद्वारा कब्जा गरिएका सम्पत्ति फिर्ता हुने प्रक्रियाको आधार पनि बन्नु आवश्यक छ। दुई पक्षबीच वार्ता जारी रहँदा माओवादीका विभिन्न एकाइबाट भइरहेका समानान्तर आन्दोलन तथा कारबाही तत्काल नरोकिएमा त्यसले सरकार-माओवादी सम्बन्धमा द्वन्द्व ल्याउने प्रशस्त सम्भावना हुन्छ।

तर वार्ता प्रक्रियालाई सार्थक रूपमा अगाडि बढाउन सरकारले आफ्नो आधिकारिकता सावित गर्नु आवश्यक छ। एक दर्जनभन्दा बढी मुलुकमा राजदूत नियुक्त गर्न नसक्नु, प्रधानसेनापतिको उत्तराधिकारी घोषणा गर्न भएको विलम्ब र जनपद र सशस्त्र प्रहरीमा सरकारको राजनीतिक हस्तक्षेपले यो सरकारको आधिकारिकता र अस्तित्वमा गम्भीर आशंका उत्पन्न भएको छ। अस्वस्थ भए पनि केवल प्रधानमन्त्रीले मात्र यदाकदा सरकारको आधिकारिकताबारे स्पष्ट अडान लिइरहेका छन्। आधिकारिकताविनाको सरकार कमजोर हुन्छ र कमजोर सरकारले शान्ति प्रक्रिया अगाडि बढाई माओवादीलाई प्रतिस्पर्धात्मक राजनीतिको विन्दुसम्म पुऱ्याउन सक्नेछैन। राष्ट्रसंघ उसलाई जिम्मा लगाइएको कुरा यथाशीघ्र र छोटो अवधिमा सम्पन्न गरी फर्कियोस् भनी सुनिश्चित पनि एउटा सबल र सक्षम सरकारले मात्र गर्न सक्छ। आवश्यक परे मन्त्रिपरिषद्मा हेरफेरका लागि कोइराला हिचकिचाउनु हुँदैन। ■